# परिच्छेद - एक

# परिचय

## १.१. अध्ययनको पृष्ठभूमि :

बैद्धिककालमा ऋषिमुनिहरुको तपोभूमिको रुपमा चिनिने यो राष्ट्रले विभिन्न समयका राजनीतिक कालखण्ड र परिवर्तनको सङ्घार छिचोल्दै वर्तमान अवस्था सम्म आइपुगेको हो । राजनैतिक परिवर्तनसँगै पछिल्लो समयमा यो देश सात प्रदेश र सतहत्तर जिल्लामा विभिक्त छ भने विकासको गतिमा पनि अगाडि बढीराखेको छ । तिनै सात प्रदेशहरु मध्ये १ नम्बर प्रदेशको चौध जिल्लाहरु मध्येको ओखलढुङगा जिल्लालाई अध्ययन क्षेत्रको रुपमा छनोट गरिएको छ । १०७४.५ वर्ग किलोमिटर क्षेत्रमा फैलिएको यस जिल्लाका आठ स्थानिय निकायहरुमध्ये मोलुङ् गाउँपालिका वार्ड नं. २ मा बसोबास गर्ने दलित समुदाय मध्ये दमाई जातिलाई अध्ययनको लक्षित वर्गको रुपमा छनोट गरिएको छ । एक नगरपालिका र सात गाउँपालिका रहेको यस जिल्लामा ब्राह्मण क्षेत्रीको बाहुल्यता रहेता पनि थुप्रै जात जातिले बसोबास गर्ने गरेका छन् । वि.स.२०६८ सालको जनगणनाको तथ्याङ्क अनुसार यस जिल्लाको कुल जनसङ्ख्या १४७९८४ रहेको छ भने दलितहरुको जनसङ्ख्या १५८६२ रहेको छ ।

ओखलढुङ्गा जिल्लाको करिब मध्ये भागमा पर्ने मोलुङ् खोलाको नामबाट नामकरण गरिएको यस मोलुङ् गाउँपालिका वार्ड नं. २ मा बसोबास गर्ने दमाई जातिलाई छनोट गरि उनीहरुको सामाजिक, आर्थिक लगायत जीविकोपार्जनको शैली उनीहरुको समाजमा रहेको प्रवाभ एवम् विभेदको स्थिति बारे अध्ययन गरिएको छ । यस अध्ययनले दमाई जाति र अन्य दलितको समबन्ध बारे र गैरे दलितहरु बीचको सम्बन्ध बारे पनि अध्ययन गरिएको छ ।

अध्ययन क्षेत्रमा बसोबास गर्ने दमाई जातिको जनसङ्ख्याको स्थिति, पारिवारिक स्थिति, शैक्षिक अवस्था, जातजाति थर, वैवाहिक तथा नाता सम्बन्धको अवस्था, दमाई महिलाहरुको सामाजिक स्थिति, यिनीहरुको अन्य जातिसँगको सम्बन्ध, विभेदको स्थिति तथा यिनीहरुलाई अरु जातिले हेर्न दृष्टिकोणको बारे अध्ययन गरिनुका साथै आर्थिक स्थिति सम्बन्धी कृषि, पेसा व्यवसाय, मासिक तथा बार्षिक आम्दानी, भू-स्वामित्वको अवस्था, सम्पति प्रतिको

अवस्था र जीविकोपार्जनको स्थिति सम्बन्धी अध्ययन गरिएको छ। साथै परम्परागत रुपमा उपल्ला जातिको सेवामा समर्पित हुने यो जाति समयको गतिशिलतासँगै यी जातिमा आएको परिवर्तन बारे अध्ययन गर्नु पनि वाञ्छनीय ठानी अध्ययन गरिएको छ ।

यसरी वर्तमान अवस्थामा आइपुग्दा विद्यमान जातिय विभेद र छुवाछुत प्रथा संवैधानिक रुपबाट उन्मूलन गरिएको भए तापनि शूक्ष्म रुपमा केलाउदा सामाजिक स्थिति के कस्तो छ भन्ने कुरा यस अनुसन्धानात्मक अध्ययनपत्रमा समाजशास्त्रको विद्यार्थीले गहन अध्ययन गर्नु वाञ्छिनीय ठानी अध्ययन गरिएको छ। हुनत वैद्धिक काल देखि नै दलितहरुको काम अधिकार र बाध्यता वर्गीकरण भएको पाइन्छ। यसरी वर्गिकृत भई कला सीप र क्षमता भएर पनि परम्परागत शैलीमा उनीहरुको पेसा गुज्रिराखेको र उनीहरु शोषित भइराखेका हुनाले पनि पेसागत रुपमा आम्दानीको स्रोत बलियो हुन नसकेको हुनाले पनि दलितहरुको जीविकोपार्जनको अवस्था दयनिय नै भईरहेको देखिन्छ। उनीहरु कला, सीप र क्षमताको प्रतिमूर्ति भएरै पनि जीवन धान्ने सन्दर्भमा समस्या ग्रस्त जीवन बाँचिरहेका छन्। विभिन्न खाले मार, शोषण र दमनका सिकार उनीहरु नै भईरहेका छन्। शोषण मूलक र सामान्ती सत्ताको प्रभाव र उत्पादनशील वस्तुको अवमूल्यनका कारण दलितहरु शोषित हुनु परेको छ। बाली प्रथा, खली प्रथा, हलीया प्रथा जस्ता चरम शोषण मूलक पेसाहरुका कारण पनि उनीहरुको जीवनस्तर माथि उठ्न सकेको छैन। कतिपय पेशाकर्मीहरु भने जीविकोपार्जनको स्थितिले गर्दा आफ्नो पेसाबाट विस्थापित हुनुपरेको मार खेप्दै छन्। भने कतिपयले यस्लाई व्यवस्थित गर्न प्रयत्न नगरेका होइन्।

दमाई जाति नेपालका पूर्व देखि पश्चिमका करिब सबै जसो क्षेत्रमा फैलिएर बसोबास गर्दै आएको पाइन्छ। जनगणनाको तथ्याङ्क २०६८ अनुसार नेपालमा दमाई जातिको जनसङ्ख्या ४७२८६२ रहेको छ भने यो कूल जनसङ्ख्याको १.८ प्रतिशत मात्र हो। (केन्द्रीय तथ्याङ् विभाग) परम्परागत रुपमा नै अन्य जातिहरुसँग मिश्रीत हुदै बसोबास गर्दै आएको यो जाति दलित मानिएको एक शुद्र वर्ग अन्तर्गत पर्दछ। बैद्धिक दर्शनको मूल ग्रन्थ ऋग्वेदमा उल्लेख भए अनुसार यो जाति आफू भन्दा उपल्लो जातिको सेवामा निरन्तर रुपमा लागिरहेको तथ्य सर्वविधितै छ। नेपाली बृहत शब्दकोष (२०४०) (पेज नं. ५६३) ले दमाईलाई प्रायः लुगा सिलाउने र विवाह ब्रतबन्ध उत्सव चाड पर्व आदिमा बाजा बजाउने पेशा भएका एक जाति, नगर्चि, दर्जी भनी अर्थ्याएको छ। महानन्द सापकोटाको अध्ययन

अनुसार दमाई शब्द फारसी मूलक हो । ढोल शब्दलाई अनार्य शब्द मानिन्छ । पन्चै बाजा समूहको एउटा प्रमुख बाजा दमाहालाई प्रयोग गर्ने भिर्ने वा बजाउने दमाही जाति नै शब्द माधुर्य र उच्चारण सौकार्यको निम्ति दमाहीले दमाई रुप लिएको अड्कल गरिएको छ । नेपालमा बसोबास गर्ने थुप्रै अछुत जातिहरु मध्ये दमाई पनि एक अछुत जातिको रुपमा विधमान छ । दमाई अछुत हुनाको कारण रहस्यमय नै रहँदा रहँदै पनि विभिन्न अड्कल लगाउन सकिन्छ ।

डि. वि. नेपालीको नलेखिएको दमाई जातिको इतिहास नामक दलित अनलाइन डटकम (२०७५ भाद्र २ गते, शनिबार) प्रकाशित लेखका आधारमा दमाईलाई लुगा सिलाएर वा बाजा बजाएर मात्रै अछुत भनियो ? वा अन्य कारणले पनि छन्, खोजीको विषय बनेको छ । दमाई बुझाउने अर्को शब्द ढोली छ । ढोली पश्चिम नेपालमा बढी प्रचलित छ । पूर्वमा भने फाटफुट सुनिन्छ मात्र । घरमा ढोल हुने, भिर्ने वा बजाउनेलाई ढोली भनेको हो । तथ्यका आधारमा ढोली शब्द दमाई भन्दा जेठो मानिन्छ । ढोलीहरु पनि अछुत वर्गमै गनिएका छन् । यसबाट बाजा बजाउनेहरु अछुतमा गनिएको अथवा अछुतका एक वर्गले बाजा बजाउने काम लिएको दमाहा आउनु भन्दा अघि देखि कै चलन रहेछ भन्ने कुरा प्रमाणित हुन आएको पाइन्छ । ढोलीहरुले दमाहा लिएर दमाई भएको पनि हुन सक्छ । दमाईहरुको इतिहास केलाउँदा शुद्रहरुको इतिहास सम्म पुग्नै पर्ने हुन्छ । किनकि प्राचिन समयमा दमाईहरुलाई पनि शुद्र कै दर्जामा राखिएको थियो । ऋग्वेदमा पनि शुद्रहरुको अस्तित्व उल्लेख भएको पाइन्छ । वैदिक कालमा उनीहरुको सामूहिक चिनारीको रुपमा शुद्र शब्दको प्रयोग गरिन्थ्यो ।

यस अर्थमा हेर्दा दमाई जाति वेद युग देखि शुद्रको रुपमा रहदै हाल सम्म आइपुग्दा पनि दतिल नाममा समाजमा रहि आएको पाइन्छ । सगुणी वा पन्चै बाजा बजाउने अथवा परम्परा देखि नै सिलाइको काम गर्दै आएको एक जातिको रुपमा रही आएको छ । यसै सन्दर्भमा प्रस्तुत अध्ययन पत्रमा ओखलढुङ्गा जिल्ला मोलुङ् गाउँपालिका वार्ड न. २ मा बसोबास गर्ने दमाई जातिको वस्तुस्थिति बारे अध्ययन गरिएको छ ।

## १.२. समस्याको कथन :

नेपाल एक बहुभाषिक, बहुसाँस्कृतिक, बहुधार्मिक विशेषता भएको विविध जाति तथा जनजातिले बसोबास गरेको र विविधताले भरिएको देश हो । जुन सुकै जाति जनजातिहरुको आ-आफ्नै मौलिक भाषा, धर्म, सँस्कृति तथा परम्परा रहेका छ । यी विविध परम्पराहरु, सँस्कृतिहरु, धर्महरु, भाषाहरु बोकेका जाति जनजाति एक अर्कामा सुमधुर सम्बन्ध राख्दै सहिष्णुताको भावनाबाट एकीकृत भएका भएता पनि समानुपातिक विकासको अभावले केही जातिहरु धेरै पिँछडिएका छन् ।

चार वर्ण छत्तीस जातको साझा फूलबारीको रुपमा रहेको यस भूमिमा वि.स. २०६८ सालको जनगणनाको तथ्याङ्क अनुसार १२५ जातिहरु बसोबास गर्ने गरेका छन् भने विविध जातिहरुले आफ्नै प्रकारका जातिय संस्कार, संस्कृति आस्था, विश्वास, मूल्य मान्यता र अभिप्राय राख्ने गरेका छन् । मानिस जन्मदाँ वा उसको सृष्टि हुँदा कुनै जातको लेप लागेको हुदैन । जब ऊ समाजमा जन्मन्छ तब समाजले नै उसलाई जातिको पगरी भिराइदिन्छ । सस्कार, सँस्कृति र सभ्यताको नाउँमा कुसस्कार, कुप्रथा, अन्धविश्वास र विभेदका मालाले गला सजाईदिन्छ । जातिय छुवाछुतका रुपमा विभेदको मुङ्गाले हिर्काइरहन्छ घाटी कसिने गरी पासो लगाएर झुण्ड्याई दिन्छ । कर्मका नाममा जाति स्थापना गरी पेशागत रुपमा दास बनाउने प्रथा पनि समाजले नै सुत्रपात गऱ्यो र वर्गीय विभेदको अर्को नोलले हिर्कायो ।

वर्तमान अवस्था सम्म आइपुग्दा नेपालमा जातिय व्यवस्थाले निकै फड्को मारिसकेको छ । धर्म निरपेक्ष जातिय छुवाछुतको अन्त्य, विसंगति, अन्धविश्वास, अभिप्राय मूलक सामाजिक प्रथाहरुको अन्त्य गर्ने प्रयत्नका धरातलबाट हेर्दा सैद्धान्तिक र संम्वैधानिक रुपमा हाल नेपालमा जातिय अवस्थाको स्वर्ण युग भन्दा पनि फरक पर्दैन व्यवहारिक रुपमा भने हो भने प्रश्न चिन्ह नै खडा भइरहेको छ । राजा सुरेन्द्र शाहको शासनकालमा वि.स. १९१० पुस ७ गते देखि लागु हुने गरी प्रथम पटक मुलुकी ऐन निर्माण गरी प्रकाशन गरियो । तत्वखत राजा महाराजा यानेकी तत्कालिन राणा प्रधानमन्त्रीहरुले बोलेका कुराहरु नै ऐनका दफा र उपदफा बन्दथे । ती व्यवस्थाले जातिय उत्थान र अवस्थाको सुदृढीकरण गर्न काम गर्भमा नै कुण्ठित भएको अनुमान गर्न सकिन्छ । यसरी बनेको मुलुकी ऐन प्रथम पटक राजा पृथ्वी विक्रमको पालामा वि.स. १९४५ मा प्रथम पटक संसोधन भएको भएता पनि उक्त ऐन वि.स. १९४३ पुस १ गते देखि नै लागू भइसकेको देखिन्छ । वि.स. १९४३, १९४५, १९६१,

१९६८ हुदै २०१२ साल सम्म आइपुग्दा १३ पटक मुलुकी ऐन संसोधन भइसकेको तथ्य फेला पर्दछ । त्यस समयमा राणा राजखान्दान तथा तागाधारी नेवार, मगर र गुरुङ्ग जस्ता जातिहरुलाई विशेष सम्बोधन गरी उपल्लो निकायमा स्थान दिइन्थ्यो भने तल्लो तथा दलित वर्गका जाति, पानी चल्ने नचल्ने, खाना चल्ने नचल्ने, काँचा फलफूल चल्ने नचल्ने, जस्ता व्यवस्थाको अखडा बनाई पक्षपात पूर्ण जातिय व्यवस्था गरियो ।

राजा महेन्द्रबाट नेपालको संविधान २०१९ जारी गरियो तथापि मुलुकी ऐन २०२० भदौ १ गतेबाट मात्र लागू गरियो । यो दिन समाज सुधारको दिन मानी मुलुकी ऐन दिवस समेत मनाउन थालियो । त्यस ऐनमा उल्लेख गरिएका जातिय तथा अन्तरजातिय सम्बन्धले यौन लगायत विविध सामाजिक व्यवहार प्रस्तुत गर्दछ र जातिय हैसियतको अवस्थालाई प्रस्ट्याएको छ । समाज सुधारको दिशामा अधि बढ्दै गर्दा विभिन्न दङ्गा तथा आन्दोलनहरु हुदै गए । यसैको सिलासिलाको रुपमा २०५२ सालमा जनयुद्ध सुरु भयो । २०६२/६३ मा यसले जन आन्दोलनको रुप लिएपछि प्राप्त परिणाम अनुसार २०६३ मा आन्तरिम संविधान जारी गरियो । देशमा धर्म निरपेक्ष घोषणा गरियो । यसका साथै नेपाल राज्यको कानुनको दृष्टिमा सबै समान रहेका छन् । कुनै जाति, भाषाभाषी, धर्म, वर्ग, लिङ्ग वैचारिक आस्थाका आधारमा भेदभाव गरिने छैन भनी व्यवस्था गरियो । यस मुताविक विगतमा उच्च जातिय, खस अहंकारवादले तल्लो जातका मानिसहरुलाई गरेको अपमानको क्षतिपूर्ति सहित अन्त्य गर्न राज्यको पुनसंरचना गर्नु पर्न आवश्यकता औल्याइयो । उक्त संविधानको मौलिक हक अन्तगर्त “छुवाछुत वा जातिय भेदभाव विरुद्धको हक” मा निम्न बमोजिम व्यवस्था गरियो ।

१. कुनै पनि व्यक्तिलाई जात, वंश, समुदाय वा पेशाका आधारमा छुवाछुत तथा जातिय भेदभाव गर्न नपाउने र यदि यस्तो गरेको खण्डमा कानुनले तोके बमोजिमको कार्यवाही हुने ।
२. कुनै पनि व्यक्तिलाई जात जातिको आधारमा सार्वजनिक रुपमा रहेका सेवा सुविधा, सार्वजनिक स्थल वा धार्मिक स्थलमा प्रवेश गर्न वा धार्मिक कार्य गर्नबाट वञ्चित नगरिने ।
३. कुनै पनि प्रकारका सेवा सुविधा अथवा विशेष प्रकारको वस्तु खरिद गर्दा कुनै खास जातिले मात्र खरिद गर्न पाउने छैन् ।

जातिय विभेद तथा छुवाछुत प्रथा अमानविय भएकोले यसलाई रोक्नको लागि राष्ट्रिय अन्तरराष्ट्रिय दुवै स्तरमा विभिन्न प्रयासहरु भएता पनि पहिले देखि नै शोषित, पिडित र दमित छुवाछुत प्रथाका शिकार दलित समुदायलाई राहत दिने अवस्था अझै बन्न सकेको छैन। छुवाछुत र जाति विभेद हाम्रो समाजको दीर्ध रोग जस्तै बनेको छ। दलित समुदायलाई आर्थिक, सामाजिक, शैक्षिक एवं राजनैतिक रुपमा राज्यद्धारा पछाडि पारिदै आएको हो।

वर्तमान अवस्थामा सरकारको तर्फबाट दलित उन्मुक्ति र उत्थानका लागि गरिएका प्रयत्न सरकारी क्षेत्रमा उनीहरुको पहुँच लगायतका अवसरहरुको सिर्जना गरी समतामूलक समाजको निर्माण गर्ने जमर्को गर्नाका साथै जीवनस्तर सुदृढ समेत गर्न खोजिएको छ। शिक्षामा पहुँच र चेतनाको स्तर सुदृढ हुनाले पनि शोषण मूलक प्रथाबाट बाहिर निस्कने प्रयत्नमा दलित वर्ग आफै पनि लागि रहेको आभास हुन्छ।

यस परिप्रेक्षमा पिछडिएका दलित जातिहरु मध्ये अध्ययनका लागि छनोट गरिएको क्षेत्र ओखलढुङ्गा जिल्लाको मोलुङ् गाउँपालिका वार्ड नं. २ मा बसोबास गर्ने दमाई जातिको सामाजिक, आर्थिक, शैक्षिक अवस्था बारे अध्ययन गरिएको छ। भने यस अध्ययनमा त्यहाँका दमाई र अन्य दलित र गैरे दलित बिचको आपसी सद्भाव कस्तो छ ? भनी अध्ययन गर्नुका साथै जीविकोपार्जनको अवस्था बारे पनि अध्ययन गरिएको छ। प्रस्तुत अध्ययनमा दमाई जातिका अनेकौं समस्याहरुलाई समाजशास्त्रको विद्यार्थीले नजिकबाट केलाउन वाञ्छिनीय भएकाले यी निर्दिष्ट पक्षको अध्ययन गर्नका लागि देह्‌य बमोजिमका समस्याहरु उठाई प्रत्यक्ष अर्न्तवार्ता विधिको प्रयोग गरि अध्ययन गरिएको छ। कुनै पनि कुरा थाहा पाई त्यसलाई परिणाम मुखी बनाउने प्रयास यस शोधपत्रमा गरिएको छ।

देशमा रहेका महत्वपूर्ण जातजातिहरु मध्ये दमाई जाति पनि एक हो। जो कृषि लगायतका अन्य सेवाहरुमा संलग्न रहेको छ। आजको विकसित सभ्य र समुन्नत समाजको परिकल्पना गरिरहेको अवस्थामा किन दमाई जातिहरु सामाजिक र आर्थिक रुपले पछि परिरहका छन् ? के र कति कारणले समाजले तिनीहरुलाई अगाडि बढ्नलाई व्यवधान खडा गरिरहेको छ ? र के कस्ता किसिमका अवसर प्राप्त भएमा दमाई जातिहरुले पनि उपल्लो जाति जस्तै गरी विकाश र सभ्यताको मार्गमा उत्प्रेरित हुन सक्छन भन्न कौतुहलतो पनि समाजशास्त्रको विद्यार्थीलाई लाग्नु स्वभाविकै मानिन्छ।

आज के कति कारणले यिनीहरु अरु जात (ब्राम्हण, क्षेत्री) भन्दा कमजोर रुपमा रहे ? दमाई जातिहरुको के कस्ता कारण र के कस्तो अवस्थाले उनीहरुको आर्थिक समृद्धी, सामाजिक विकास हुन सकेन ? नेपालका विभिन्न काल खण्डमा निर्माण भएका सरकार र विभिन्न संघ संस्थाहरुले के कसरी दमाई जातिलाई अगाडि बढाउन र राज्यको मूल प्रवाहमा ल्याउनलाई सहयोग गरे ? अर्थात् गरेनन ? वा त्यो सहयोग अपूर्ण रह्यो ? अर्थात राज्यद्वारा गरिएका कामहरु तिनीहरुप्रति लक्षीत थिएनन् ? विभिन्न ऐन कानुन र राज्यद्वारा निशेध घोषणा गरिएका छुवाछुत जातीय विभेद जस्ता कुप्रथाको प्रभाव वर्तमान समयमा के कस्तो रहेको छ ? वर्तमान समयमा प्रमुखता साथ उठेका समानता समावेशी जातीय अग्राधीकार जस्ता विाषयहरुको प्रभाव दमाई जातिमा के कस्तो पर्न गएको छ ? जस्ता विविध विषयहरुको उत्सुकता र खासगरी निम्न समस्याहरुसँग सम्बन्धित भएर यो शोधपत्र तयार गरिएको छ ।

समाज भित्र यस्तै प्रकारका वेथितिहरुको जरो गाडेर बसेको अवस्थामा सामाजिक उत्थानको विजारोपण हुनु वाञ्छनीय छ। विभिन्न काल खण्डका राजनीतिक परिवर्तनसँगै शान्ति प्रक्रियाको स्थापना र नयाँ संविधान निर्माणको कार्यले सैद्धान्तिक रुपमा नयाँ नेपाल निर्माणको अभियानको प्रारम्भले के साँच्चै व्यवहारिक रुपमा सबैले समानताको सास फेर्न पाएका छन् त ? १२५ जातजातिले बसोबास गरेको यो राष्ट्रका दलित समुदायको जनसङ्ख्या १३.६ प्रतिशत र दमाई जातिको जनङ्ख्या १.७८ प्रतिशत रहेको परिप्रेक्षमा एक दलित जाति र अर्को दलित जाति बिचको सम्बन्ध र हेर्न दृष्टिकोण कस्तो रहेको छ ? दलित र गैरेदलित बिच कस्तो आपसी सम्बन्ध छ ? भन्ने सम्बन्धमा अध्ययन गर्नु समाजशास्त्रको विद्यार्थीका लागि एक सवाल ठानी यो शोधपत्रमा यस सम्बन्धि अध्ययन गरिएको छ। साथै दलित वर्गको वा दमाई जातिको जीविकोपार्जनको स्थिति पनि परम्परागत पेशाबाट वा आधुनिक युग सँगै परिवर्तन भई नयाँ शैली अपनाएको वा नअपनाएको पनि खोजको विषय हो । यस अध्ययनको अनुसन्धान प्रश्नहरु निम्नि छन् ।

- दमाईहरु जीविकोपार्जनको लागि के कस्ता पेशामा आबद्ध छन् ?
- संलग्न पेशाबाट प्राप्त आम्दानीले पारिवारिक गुजारा राम्ररी चलेको छ ?
- दमाई जातिको अन्य दलित र गैरे दलितहरुसँगको सम्बन्ध कस्तो रहेको छ ?
- तपाईको अन्य दलितहरुसँगको आपसी सदभाव कस्तो छ ?
- अन्य दलितले हेर्ने दृष्टिकोण र गैरे दलितले हेर्ने दृष्टिकोणमा के भिन्नता छ ?

## १.३. अध्ययनको उद्धेश्य

कुनै पनि कामबाट परिणम प्राप्त गर्नका लागि के के कुरा प्राप्त गर्ने, कसरी प्राप्त गर्ने, कति प्राप्त गर्ने र कहिले प्राप्त गर्ने आदिका लागि उद्धेश्य अपरिहार्य तत्व हो । त्यही उद्धेश्यका आधारमा अनुसन्धानको कार्य गरेमा परिणाम मुखी प्रतिफल आउन सक्छ । यस सन्दर्भमा ओखलढुङ्गा जिल्ला मोलुङ् गाउँपालिका वार्ड नं. २ मा बसोबास गर्ने दमाई जातिको जीविकोपार्जनको अवस्था र सामाजिक स्थितिका सभालमा अनुसन्धान गरिएको हुनाले देह्रय बमोजिमका उद्धेश्यहरु निर्धारण गरिएको छ ।

क) ओखलढुङ्गा जिल्ला मोलुङ् गाउँपालिका वार्ड नं. २ मा बसोबास गर्ने दमाई जातिको जीविकोपार्जनको तौर तरिकाको अध्ययन गर्नु,

ख) निर्दिष्ट क्षेत्रका दमाई जातिको सामाजिक अवस्थाको अध्ययन गर्नु,

ग) निर्दिष्ट क्षेत्रका दमाई जातिको अन्य दलित र गैरे दलित संगको सम्बन्धको अध्ययन गर्नु,

## १.४. अध्ययनको महत्व

नेपाललाई विभिन्न जातजातिको संगम स्थलको रूपमा लिन सकिन्छ । किनकि यहाँ विभिन्न जातजातिको महत्व, मूल्य र मान्यता रही आएको पाइन्छ । यहाँका जातिहरूले आफ्नो संस्कृति, रीतिरिवाज, सामाजिक संरचना तथा आर्थिक पक्षको विकास गरेर आफ्नो जातीय पहिचान दिएका छन् । नेपालको वर्तमान समावेशीय परिप्रेक्ष्यमा विभिन्न जातजातिले हरेक क्षेत्रहरूमा समान हक र अधिकारको अपेक्षा गरेको हुन्छ । यसको निमित्त विभिन्न विकास निर्माणका कार्यहरूमा दमाई जातिको सहभागिता बढाउनु पर्ने हुन्छ । यसरी दमाई जातिको सहभागिता वृद्धि गर्ने र यस जातिलाई विविध दृष्टिकोणबाट सक्षम बनाउनको लागि सर्वप्रथम उनीहरू हालसम्म कस्तो अवस्थामा छन् भन्ने कुराको ज्ञान हुनु आवश्यक छ । ओखलढुङ्गा जिल्ला मोलुङ् गाउँपालिका वार्ड नं. २ मा बसोबास गर्ने दमाई जातिको सामाजिक, आर्थिक तथा सांस्कृतिक अवस्थामा सुधार ल्याउन यस अध्ययनले खोज गर्ने भएकोले यसको महत्व रहेको छ ।

यसरी ओखलढुङ्गा जिल्ला मोलुङ् गाउँपालिका वार्ड नं. २ मा बसोबास गर्ने दमाई जातिको जीवन शैली जीविकोपार्जनको पद्धित तथा सामाजिक, सांस्कृतिक तथा आर्थिक, अवस्थाको

अध्ययनको औचित्यलाई व्यवहारिक महत्व अनुसार हेरिएको छ। दमाई जातिको सामाजिक, आर्थिक र वर्तमान अवस्थाकोबारेमा अध्ययन गरिएको हुँदा यो जातिहरू हरेक क्षेत्रमा के कारणले गर्दा पछाडि परेको छ भन्ने व्यवहारिक रूपमा खोजी गर्ने काम यस शोधपत्रले गरेको छ।

यस अनुसन्धानका क्रममा व्यवहारिक महत्व बढी सबल र सक्षम भएको पाइएको छ। कुनै पनि जातिको अध्ययन गरेपछि राष्ट्रले भोलिको दिनमा लागु हुने विकास निर्माणका नीति तय गर्न पनि केही हदसम्म यस शोधपत्रले टेवा पुऱ्याउँदछ।

नेपाली समाज बहुजातीय भएको हुनाले सामाजिक सन्तुलन कायम राख्न प्रत्येक जाति वा जनजातिको भाषा, कला र संस्कृतिको संरक्षण गर्नुपर्ने हुन्छ। त्यसकारण पिछडिएका प्रत्येक जातिको अध्ययन हुनुपर्ने देखिन्छ। यस अनुसन्धान समाजशास्त्रीय तथा मानवशास्त्रीय दृष्टिकोणले, आर्थिक, सामाजिक र सांस्कृतिक पक्षका बारेमा गरिएको हुँदा अन्य अनुसन्धानकर्तालाई सहयोग पुऱ्याउने छ भन्ने आशा समेत राखिएको छ। यस क्षेत्रमा काम गर्ने सरकारी तथा गैरसरकारी संघसंगठनलाई त्यहाँका दमाईहरूको यथार्थलाई बुझी योजना तर्जुमा गर्न तथा कार्यान्वयन गर्न सहयोग गर्नुका साथै पिछडिएका जातिको संस्कृति संरक्षणमा सहयोग पुऱ्याउनेछ। केही मात्रामा भए पनि अन्य जातिसँग तुलनात्मक अध्ययन गर्न सजिलो हुन्छ। अरू अनुसन्धानकर्तालाई दमाई जातिको बारेमा अध्ययन गर्नमा सहयोग गरी दमाई जातिको विविध पक्षको अध्ययन गर्नुमा व्यवहारिक महत्व राख्ने छ।

## १.५. अध्ययनको संगठनात्मक स्वरुप

प्रस्तुत शोधपत्रलाई ५ वटा परिच्छेदमा विभाजन गरिएको छ। पहिलो परिच्छेदमा अध्ययनको पृष्ठभूमी, समस्याको कथन, अध्ययनको उद्देश्य, अध्ययनको महत्वलाई समावेश गरिएको छ। दोस्रो परिच्छेदमा सम्बन्धित पूर्वसाहित्यको समीक्षालाई राखिएको छ। परिच्छेद तीनमा अनुसन्धान विधि राखिएको छ। परिच्छेद चार मा दमाई जातीको जीवन शैली जीविकोपार्जनको पद्धित, सामाजिक तथा आर्थिक अवस्थाको व्याख्या गरिएको छ। पाचौं परिच्छेदमा अध्ययनबाट प्राप्त जानकारीको सारांश र निष्कर्षलाई प्रस्तुत गरिएको छ। अन्त्यमा सन्दर्भ सामग्रीको सूची शोधपत्रका लागि प्रयोग गरिएको प्रश्नावलीहरु समावेश गरिएको छ।

# परिच्छेद - दुई

# पूर्व साहित्यको पुनरावलोकन

## २.१. जातजातिको उत्पति

संसार सृष्टि हुदाँ मानिस जातिको पनि सृष्टि भएको तथ्य बाइबलमा स्पष्ट रुपमा उल्लेख छ। मानिस जातिको वृद्धि हुदै जादाँ आफ्नो अनुकुल स्थानको खोजी गर्नु स्वभाविक नै हो। एउटै भुण्डामा धेरै सङ्ख्या भएपछि सिमित सङ्ख्याका फरक फरक भुण्डामा विभाजित हुनु पनि सान्दर्भिक मानिन्छ। यसै सन्दर्भमा ठूलो सङ्ख्यामा रहेको मानिसको भुण्डा विभिन्न भुण्डामा विभक्त भएको कुरा पनि बाइबलमा उल्लेखित छ (बाइबलः उत्पति ११ः १-९, पेज नं. १२-१३)। ती भुण्डाहरुको भाषा फरक बने, बसोबास स्थल र कामका आधारमा जाति स्थापित भए पनि जातिय विभेद भने नरहेको कुरा सुस्पष्ट छ।

पूर्वीय तथा वैद्धिक दर्शनका दृष्टिकोणबाट हेर्ने हो भने सबैभन्दा पुरानो जातिय विभेदको तथ्य ऋग्वेदमा भेटिन्छ। जहाँ ब्राहाण, क्षेत्री, बैश्य र सुद्र गरी चार जातीय वर्णमा मानिस विभाजित गरेको देखिन्छ। मुख ब्राहाण, हात क्षेत्री, जाङघ/तिघ्रा बैश्य तथा पैताला सुद्र मानिएको पाइन्छ। यसरी दमाई जातिको उत्पति परमात्मा पैतालाबाट भएको मानिन्छ। ( बराल २०४४: पेज नं.१३-५८) मनुस्मृतिमा मनुले ४ वर्णको कार्य विभाजनबारे वर्णन गरेका छन् जसअनुसार ब्राह्मणले वेद पढ्नु, पढाउनु, दान लिनुदिनु, यज्ञ गर्नु, क्षेत्रीले प्रशासकीय क्षेत्रमा, राष्ट्रिय सुरक्षा तथा सैनिक क्षेत्रमा र राज्य संचालनका क्षेत्रमा काम गर्नु, वैश्यले वाणिज्य, व्यवसाय तथा कृषि कार्य गर्नु र सुद्रले आफूभन्दा माथिका तीनै वटा वर्णको सेवा गर्नु (बराल, २०४४)। दमाई जातिले आफूभन्दा माथिल्लो जातिको सेवा गर्नुपर्ने कुरा मनुस्मृतिमा उल्लेख गरेको पाइन्छ।

नेपालमा रहेका विभिन्न जाति तथा जनजातिको अध्ययन विभिन्न किसिमले गरेको पाइन्छ। सामाजिक तथा सांस्कृतिक पक्षबारे अध्ययन गर्ने विद्वान्हरूमा गोपाल सिंह नेपाली डोरबहादुर विष्ट, ऋषिकेशव रेग्मी, खेमबहादुर विष्ट, इमानसिंह चेम्जोङ्ग, मोहमद मोहसिन, खेमराज नेपाली, डिल्लीराम दाहाल, जनकलाल शर्मा, गणेशमान गुरूङ्ग आदि विद्वान्हरूले खोज अनुसन्धान गरी विभिन्न जातिको सामाजिक, आर्थिक र सांस्कृतिक स्थितिको अध्ययन गरेका छन्। यसैगरी नेपालमा समाजशास्त्र तथा मानवशास्त्रको विषयमा रूचि दिई खोज

अनुसन्धान गर्ने धेरै विद्वान्हरूमध्ये स्वयंम्भुलाल श्रेष्ठ, प्रयागराज शर्मा, द्रोण रजौरिया आदि प्रमुख मानिन्छन् ।

नेपालको जनजातिलाई अध्ययन गर्ने विद्धानहरुमा Patrick १८११ को पुस्तक "An Account of the Kingdom of Nepal" लाई लिन सकिन्छ । त्यसैगरी नेपालमा विभिन्न जनजातिको अध्ययन गर्ने नेपाली विद्धानहरूमा गोपाल सिंह नेपालीले 'The Newars' (सन् १९६५) नामक पुस्तकमा काठमाडौं कीर्तिपुरको पाँगामा बसोबास गर्ने नेवार जातिको नेवारी संस्कृति र परम्पराको बारेमा Structural Functional दृष्टिकोणबाट प्रकाश पारेका छन् । L. Caplan, (1970) Land in Social Change in East Nepal: A Study of Hindu-Tribal Relations मा उनले पूर्वी नेपालको किपट जग्गाको स्वामित्वको लागि हिन्दु, ब्राम्हण, क्षेत्री र लिम्बु जाति बीच चलेको द्वन्द्वलाई व्याख्या गरेका छन् । त्यसैगरी A.P. Caplan (1972) ले नामक पुस्तकमा पश्चिम नेपालमा ब्राम्हण र अछुत जातिको बीचमा विगतको २ दशकदेखि देखा परेको परिवर्तनलाई क्षेत्रगत अध्ययनको आधारमा उल्लेख गरेकी छिन् । उच्च हिन्दु जातिहरु ब्राम्हण, क्षेत्री, जैसीका अतिरिक्त मगर, गुरुङ्ग र अछुत वर्ग ( दमाइ, कामी, सार्की) को बिचमा परेको द्वन्द्वलाई प्रष्ट पारेकी छिन् ।

P. Caplan (१९७२) ले पश्चिम नेपालको हिन्दू समाजमा अस्तित्वमा रहेका बाहुन र दलित (सार्की) बीचको अन्तरसम्बन्ध द्वन्द्वको यथार्थलाई आफ्नो अध्ययनको विषयवस्तु बनाएर नेपाली समाजको अध्ययन गरेका छन् ।

नेपालका विद्धानहरूमा डोर बहादुर विष्टको योगदानलाई जातीय अध्ययनको रूपमा विशिष्ट स्थानमा राख्न सकिन्छ । नेपालका विभिन्न जाति तथा जनजातिहरूको सामान्य सामाजिक सांस्कृतिक एवम् आर्थिक अवस्थाको रूपरेखा प्रस्तुत गरेका छन् । सम्भवतः धेरै जाति तथा जनजातिहरूको विविध अवस्थाको वर्णन गर्ने क्रममा दमाई जातिको आर्थिक तथा सामाजिक अवस्था निकै तल्लो स्तरमा रहेको छ भन्ने कुरा दर्शाएको छ साथै यी जातिहरूमा पनि हिन्दूकरण प्रक्रिया देखापरेको तथ्यलाई प्रकाश पारेका छन् ।

विष्ट (२०३०) मा 'सबै जातको फूलवारी' भन्ने पुस्तकमा नेपाल विभिन्न जातजातिहरुको संगम थलो अर्थात फूलवारी हो । सिंगो नेपालभित्र एउटा जात, एउटा भाषा, एउटा धर्म मात्र छैन । यहाँ फरक फरक मूल्यमान्यता र संस्कृति लिएका मानिसहरु बस्दछन् । नेपाल

विभिन्न जातीय फूलहरुको मनमोहक फूलवारी बन्न पुगेको कुरालाई औल्याएका छन् । यी सम्पूर्ण जातिहरुको संगमद्वारा नै समाज निर्माण भएको कुरा उल्लेख गरेका छन् । उनले “People of Nepal” (१९७६) मा देशका धेरै जातजातिहरूलाई समेटेका छन् । उनले दलित जातिअन्तर्गत दमाई, कामी, सार्की आदिको छुट्टै अध्ययन गरेका छैनन् ।

शर्मा (१९७७) ले संस्कृतीकरण प्रक्रियाको अध्ययन गरी दलितहरू तागाधारी र उच्च मतवाली (ब्राह्मण, क्षेत्री आदि) को संस्कृतिमा ऐक्यवद्धता जनाई उच्च जातले अपनाउने संस्कृति अनुसरण गरेका छन् भनी संस्कृतिकरण प्रक्रियामा उनले स्पष्टता जनाएका छन् । संस्कृतीकरणको ज्वलन्त उदाहरण यस प्रकार लिन सकिन्छ :

- नेपालको पश्चिमी क्षेत्रमा कुनै कुनै गाउँमा त्यहाँका कथित तल्ला जातिहरुले विहान उठी, पूजापाठ गरी खाना खानु,
- नेवार, मगर, गुरुङ्ग आदिले सत्यनारायणको पूजा गर्नु, विवाह, जन्म, मृत्यसंस्कारमा ब्राम्हण पूजारी राख्नु,
- तिब्बतीमूलका मानिस मानिने थकालीहरुले चौरीं गाईको मासु खान छाड्नु, दसैं मनाउने थालनी गर्नु, आदिलाई लिन सकिन्छ ।

गणेशमान गुरुङ्ग र विष्णु भण्डारी, (१९९३) को अध्ययनको आधारमा नेपाल अधिराज्यमा विभिन्न मानवसमुदाय बसोवास गर्दछन्, जहाँ अनेकताभित्र एकताले विजय पाएको छ भन्ने कुरा उल्लेख गरेका छन् । नेपालमा विभिन्न जातका मानिसहरु एक आपसमा मिलिजुली बसेको पाइन्छ । यहाँ एक जातिले अर्को जातिलाई सहयोग गरी सुमधुर सम्बन्ध स्थापित गरेर अनेकतामा एकताको ज्वलन्त उदाहरण बनेको छ ।

२०४७ सालको संविधानको धारा ११ मा समानताको हक अनुसार कनै पनि व्यक्तिलाई जातिका आधारमा छुवाछुतको भेदभाव नगर्न, सार्वजनिक स्थलमा उपस्थिति हुने र सार्वजनिक सामानहरु प्रयोग गर्न पाउने र यदि यस्ता कामहरु गर्न नपाए कानुन बमोजिम दण्ड हुनेछ भन्ने व्यवस्था समेत गरिएको थियो । नेपाल ऐन संशोधन गर्ने ऐन २०४८ ले मुलुकी ऐन अदालतको महलमा १० (क) नम्बरमा थप गरी छुवाछुतको अपराध गर्नेलाई १ वर्ष सम्मको कैद र ३ हजार रुपयाँ सम्मको जरिवाना वा दुवै सजाय हुने प्रावधान रह्यो । त्यस पछि उक्त व्यवस्था संशोधन भई हाल उक्त सजाय बढाई ३ महिना देखि ३ वर्ष सम्म

कैद र १ हजार देखि पच्चीस हजार सम्मको जरिवाना वा दुवै सजाय हुने प्रावधान रहेको थियो । उक्त सजायको प्रावधान राखेपछि पनि समाजमा न त छुवाछुत कुप्रथा घट्यो न त दलित समुदायले यो अधिकार प्रयोग नै गर्न पाए । २०६२/६३ को ऐतिहासिक दोस्रो आन्दोलनको सफलता पछि बनेको जातिय व्यवस्थाको प्रावधानले सार्वजनिक स्थानमा मात्र दलितहरुको पँहुच हुने सक्ने जस्ता आशंकीत आधारशीला बनेका भएता पनि जातिय विभेद मुक्त समाजको परिकल्पना व्यवस्था भएको थियो ।

त्यसै अनुरुप संविधान सभाबाट जारी गरिएको नेपालको संविधान २०७२ ले मानवीय समानताको अस्थित्व संरक्षण गर्ने सन्दर्भमा भाग तीनमा मौलिक हक र कर्तव्य अन्तर्गत सम्मानजनक बाँच्न पाउने हक र स्वतन्त्रताको हकको व्यवस्था गर्दै धारा १८ मा समानताको हकको व्यवस्था गरेको छ । जस अन्तर्गत देहाय बमोजिमका व्यवस्था उल्लेख छन् ।

(१) सबै नागरिक कानुनको दृष्टिमा समान हुनेछन्, कसैलाई पनि कानुनको समान संरक्षणबाट वञ्चित गरिने छैन ।

(२) सामान्य कानुनको प्रयोगमा उत्पति, धर्म, वर्ण, जात, जाति, लिङ्ग, शारीरिक अवस्था, अपाङ्गता, स्वास्थ्य स्थिति, वैवाहिक स्थिति, गर्भावस्था, आर्थिक अवस्था, भाषा वा क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गरिने छैन ।

(३) राज्यले नागरिकहरूका बीच उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिंग, आर्थिक अवस्था, भाषा, क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गर्ने छैन

तर सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका महिला, दलित, आदिवासी, आदिवासी जनजाति, मधेशी, थारू, मुस्लिम, उत्पीडित वर्ग, पिछडा वर्ग, अल्पसंख्यक, सीमान्तीकृत, किसान, श्रमिक, युवा, बालबालिका, ज्येष्ठ नागरिक, लैंगिक तथा यौनिक अल्पसंख्यक, अपांगता भएका व्यक्ति, गर्भावस्थाका व्यक्ति, अशक्त वा असहाय, पिछडिएको क्षेत्र र आर्थिक रूपले विपन्न खस आर्य लगायत नागरिकको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानून बमोजिम विशेष व्यवस्था गर्न रोक लगाएको मानिने छैन ।

समानताको हक सम्बन्धि यस्ता व्यवस्था गरिएका छन भने जातिय छुवाछुत र भेदभाव सम्बन्धी धारा २४ मा निम्न बमोजिम व्यवस्था गरेको पाइन्छ ।

(१) कुनै पनि व्यक्तिलाई निजको उत्पत्ति, जात, जाति, समुदाय, पेशा, व्यवसाय वा शारीरिक अवस्थाको आधारमा कुनै पनि निजी तथा सार्वजनिक स्थानमा कुनै प्रकारको छुवाछुत वा भेदभाव गरिने छैन ।

(२) कुनै वस्तु, सेवा वा सुविधा उत्पादन वा वितरण गर्दा त्यस्तो वस्तु, सेवा वा सुविधा कुनै खास जात वा जातिको व्यक्तिलाई खरीद वा प्राप्त गर्नबाट रोक लगाइने वा त्यस्तो वस्तु, सेवा वा सुविधा कुनै खास जात वा जातिको व्यक्तिलाई मात्र बिक्री वितरण वा प्रदान गरिने छैन ।

(३) उत्पत्ति, जात, जाति वा शारीरिक अवस्थाको आधारमा कुनै व्यक्ति वा समुदायलाई उच्च वा नीच दर्शाउने, जातजाति वा छुवाछुतको आधारमा सामाजिक भेदभावलाई न्यायोचित ठान्ने वा छुवाछुत तथा जातीय उच्चता वा घृणामा आधारित विचारको प्रचार प्रसार गर्न वा जातीय विभेदलाई कुनै पनि किसिमले प्रोत्साहन गर्न पाइने छैन ।

(४) जातीय आधारमा छुवाछूत गरी वा नगरी कार्यस्थलमा कुनै प्रकारको भेदभाव गर्न पाइने छैन ।

(५) यस धाराको प्रतिकूल हुने गरी भएका सबै प्रकारका छुवाछुत तथा भेदभाव जन्य कार्य गम्भीर सामाजिक अपराधका रूपमा कानून बमोजिम दण्डनीय हुनेछन् र त्यस्तो कार्यबाट पीडित व्यक्तिलाई कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ ।

दलित वर्गका दमाई, सार्की, कामी, डुम, चमार, चामे, पोडे आदिका सेवा मूलक परम्परागत पेसाहरु छन् । परिवर्तनशील समयको गतिशील अवस्थासंगै उनीहरुको कार्यशैली परिवर्तन हुन जरुरी छ । जसबाट मात्रै उनीहरुको जीवनस्तर माथि उठ्ने र जीविकोपार्जन सहज हुन सक्छ । कामी जातिले परम्परागत रुपमा उत्पादन गर्ने फलाम लगायत धातुका सरजामहरु बाली प्रथामा नभई व्यापारिक दृष्टिकोणबाट उत्पादन गरी बजारको समेत व्यवस्थापन हुने हो । सार्कीका छाला सम्बन्धी सरसामान तथा छाला जुत्ताको बजार व्यवस्थापन गर्ने हो र दमाईले अत्याधुनिक प्रविधिका कपडा उत्पादन गरी व्यवस्थापन गर्ने र यसैगरी सबैको

पेसालाई सुगठित गरी काम गर्न अवसर प्रदान भएको खण्डमा उनीहरुको स्थिति सुदृढ हुन सक्छ ।

वर्तमान अवस्थामा सरकारको तर्फबाट दलित उन्मुक्ति र उत्थानका लागि गरिएका प्रयत्न सरकारी क्षेत्रमा उनीहरुको पहुँच लगायतका अवसरहरुको सिर्जना गरी समतामूलक समाजका निर्माण गर्ने जमर्को गर्नाका साथै जीवनस्तर सुदृढ समेत गर्न खोजिएको छ । शिक्षामा पहुँच र चेतनाको स्तर सुदृढ हुनाले पनि शोषण मूलक प्रथाबाट बाहिर निस्कने प्रयत्न दलित वर्ग आफै पनि लागि रहेको आभास हुन्छ ।

दमाई जातिले गर्ने जन्मदेखि मृत्यूसम्मका विभिन्न संस्कार सम्पन्न गर्दा ब्राह्मण र क्षेत्रीले जस्तै भोज भतेर गरेर सम्पन्न गर्दछन् । गर्भवती महिलालाई सुत्केरी गराउन अस्पतालमा लैजाने तथा महिला स्वास्थ्य स्वयम्सेवीकाको सहयोग लिने, सुत्केरी सामग्रीको प्रयोग गर्ने, किरिया वा बरखी बार्दा आफ्नो अनुकूल हुने गरी गर्ने, व्यक्तिगत तथा टोलछिमेक सरसफाईमा ध्यान दिने, आफ्ना नानीहरुलाई स्कुलमा पढाउने आदि गरेको पाइन्छ । सामाजिक अवस्थालाई हेर्दा यो जातिको स्थिति सुधार उन्मुख भएको पाइन्छ । यस जातिको आर्थिक स्थितिमा पनि विस्तारै सुधार हुँदै गएको पाइन्छ । हाल आएर अन्य पेशा, व्यापार, व्यवसाय, गर्ने गरेको पाइन्छ । पहिले यो जातिलाई उच्च जातिले निकै दबाउने, हेप्ने, तुच्छ व्यवहार गर्ने गरकोमा हाल छोइछिटो हाल्ने, सार्वजनिक स्थल, मठ, मन्दिर, स्कुल, अस्पतालमा उच्च र निच जातिको भावना क्रमशः घट्दै गएको पाइन्छ । यो जातिले पनि अन्य जातिसँगको सम्बन्धमा क्रमशः सुमधुर र नजिकको सम्बन्ध स्थापना गरी अन्य जातिसरह यो जातिले पनि सामाजिक भूमिका वहन गर्नमा अग्रसर हुन थालेको पाइएको छ । यसरी यो जातिको सामाजिक, आर्थिक स्थिति सुधार गरी समानतामा आधारित जातीय पहिचान सहितको समाज निर्माण उन्मुख भएको पाइन्छ ।

दमाई जातिको जनसंख्या ४७२८६२ रहेको छ भने कुल जनसंख्याको १.७८ प्रतिशत रहेको छ । ओखलढुङ्गा जिल्लाको दमाई जातिको जनसंख्या ४१५८ रहेको छ । यसै क्रममा मोलुङ् गाउँपालिकामा बसोबास गर्ने कूल दमाई जातिको जनसंख्या ६९६ छ (राष्ट्रिय जनगणना २०६८) । यसरी विभिन्न अध्ययन अनुसन्धान तथा जनगणनाका आँकडालाई केलाउँदा समग्र नेपालको दलित तथा दमाई जातिको संख्या न्यून नै देखिन्छ । तथापि उनीहरुको सामाजिक, आर्थिक, सांस्कृतिक, शैक्षिक पक्ष अझ पिछडिएको र उत्पीडनमा पिल्सिराखेको

अवस्थाका कारण सरकारी तवरबाट नै उनीहरुलाई विकासको मूल धारमा ल्याउने प्रयत्न त गरिएको छ। समावेशीय अवधारणबाट उनीहरुको उत्थान गर्ने प्रयत्न गरिएको छ। त्यति मात्र नभई विभिन्न आयोगहरु गठन गरिनका साथै दलित तथा महिला सम्बन्धी संघ संस्थाहरु गठन गरी उत्थानका प्रयत्नहरु भई रहेको अवस्था छ। यस सन्दर्भमा प्रस्तुत अध्ययनमा दमाई जाति विशेष गरी ओखलढुङ्गा जिल्ला मोलुङ् गाउँपालिका वार्ड नं. २ मा बसोबास गर्ने दमाई जातिको जीविकोपार्जन तथा सामाजिक, आर्थिक अवस्था बारे विभिन्न पक्षको अध्ययन गरिएको छ।

## २.२. दमाई जातीको उत्पति र आगमन

मानव जातीको विकासका क्रममा समाजमा बस्ने मानिसले गर्ने कामको आधारमा मानिसलाई चार वर्ण- ब्राम्हण, क्षेत्री, वैश्य र शुद्रको रुपमा विभाजन गरिएको वेद, उपनिषद र पुराणमा उल्लेख गरिएको छ। धार्मिक मान्यताअनुसार ऋग्वेदलाई जातीप्रथाको श्रेय मानिएको छ। ऋग्वेदमा ब्राम्हणहरु परमात्माको मुखबाट, क्षेत्रीहरु बाहुबाट, वैश्यहरु तीघ्राबाट र शूद्रको उत्पत्ति पैतालाबाट भएको उल्लेख छ (बराल, २०४४: ५३-५८)। धार्मिक मान्यताअनुसार शूद्र (दमाई) जातिको उत्पत्ति पैतालाबाट भएको पाइन्छ।

मानव जातीको विकासका क्रममा समाजमा बस्ने मानिसहरुले गर्ने कामको आधारमा विभाजित चौथो वर्ण शुद्र अन्तरगत दमाई जाती पर्दछ। सन् १२९४ मा भारतका मुस्लिम शासक (सुल्तान) ले हिन्दु धर्मावलम्बीहरुका राज्यमा लगातार आक्रमण गरिरहँदा सन् १३०५ मा हिन्दुहरुको शक्ति क्षीण भए पछि केही व्यक्ति मुस्लिम अधिपत्य स्वीकार गरेर त्यहीँ बसे भने केही व्यक्तिहरु पंजाबमा गएर त्यहाँका शिखहरुसँग समन्वय गरेर बसे भने केही पश्चिम नेपालमा आएर बसोवास गर्न थाले। यसरी आउनेहरुमा ब्राम्हण, क्षेत्री र शुद्रहरु थिए। यिनै शुद्र अन्तर्गत दमाई एक महत्वपूर्ण जातीको रुपमा रहेको पाइन्छ ( आहुती, २००५: ४८९-९२)।

नेपाली बृहत शब्दकोष (पेज नं. ५६३) ले दमाईलाई प्रायः लुगा सिलाउने र विवाह ब्रतबन्ध उत्सव चाड पर्व आदिमा बाजा बजाउने पेशा भएका एक जाति, नगर्चि, दर्जी भनी अर्थ्याएको छ। महानन्द सापकोटाको अध्ययन अनुसार दमाई शब्द फारसी मूलक हो। ढोल शब्दलाई अनार्य शब्द मानिन्छ। पन्चै बाजा समूहको एउटा प्रमुख बाजा दमाहालाई प्रयोग

गर्ने भिर्ने वा बजाउने दमाही जाति नै शब्द माधुर्य र उच्चारण सौकार्यको निम्ति दमाहीले दमाई रुप लिएको अड्कल गरिएको छ। नेपालमा बसोबास गर्ने थुप्रै अछुत जातिहरु मध्ये दमाई पनि एक अछुत जातिको रुपमा विधमान छ। दमाई अछुत हुनाको कारण रहस्यमय नै रहँदा रहँदै पनि विभिन्न अड्कल लगाउन सकिन्छ।

डि. वि. नेपालीको नलेखिएको दमाई जातिको इतिहास नामक दलित अनलाइन डटकम ( २०७५ भाद्र २ गते, शनिबार) प्रकाशित लेखका आधारमा दमाईलाई लुगा सिलाएर वा बाजा बजाएर मात्रै अछुत भनियो ? वा अन्य कारणले पनि छन्, खोजीको विषय बनेको छ। दमाई बुझाउने अर्को शब्द ढोली छ। ढोली पश्चिम नेपालमा बढी प्रचलित छ। पूर्वमा भने फाटफुट सुनिन्छ मात्र। घरमा ढोल हुने, भिर्ने वा बजाउनेलाई ढोली भनेको हो। तथ्यका आधारमा ढोली शब्द दमाई भन्दा जेठो मानिन्छ। ढोलीहरु पनि अछुत वर्गमै गनिएका छन्। यसबाट बाजा बजाउनेहरु अछुतमा गनिएको अथवा अछुतका एक वर्गले बाजा बजाउने काम लिएको दमाहा आउनु भन्दा अघि देखि कै चलन रहेछ भन्ने कुरा प्रमाणित हुन आएको पाइन्छ। ढोलीहरुले दमाहा लिएर दमाई भएको पनि हुन सक्छ। दमाईहरुको इतिहास केलाउँदा शुद्रहरुको इतिहास सम्म पुग्नै पर्ने हुन्छ। किनकि प्राचिन समयमा दमाईहरुलाई पनि शुद्र कै दर्जामा राखिएको थियो। ऋग्वेदमा पनि शुद्रहरुको अस्तित्व उल्लेख भएको पाइन्छ। वैदिक कालमा उनीहरुको सामूहिक चिनारीको रुपमा शुद्र शब्दको प्रयोग गरिन्थ्यो।

यस अर्थमा हेर्दा दमाई जाति वेद युग देखि शुद्रको रुपमा रहदै हाल सम्म आइपुग्दा पनि दतिल नाममा समाजमा रहि आएको पाइन्छ। सगुणी वा पन्चै बाजा बजाउने अथवा परम्परा देखि नै सिलाइको काम गदै आएको एक जातिको रुपमा रही आएको छ।

## २.३. जाती प्रथा उन्मुलन सम्बन्धी नीति नियमहरु

मुलुकी ऐन वि.सं. १९१० कानुनीरूपमा पहिलो दस्तावेज भए तापनि दलित र त्यसमा पनि महिलाहरूको बारेमा समानताको कुनै व्यवस्था थिएन। कानुनी रूपमा नेपालमा सबैभन्दा महत्वपूर्ण अभियान वि.सं १९७७ को “सतीप्रथा” र “दासप्रथा”को उन्मूलन चन्द्रशम्शेरबाट भएको कार्य सराहनीय मानिन्छ। “नेपाल सरकार वैधानिक कानुन २००४” र “नेपाल अन्तरिम शासन विधान २००७” ले पनि दमाई तथा महिलाको अवस्थाको बारेमा कुनै

वास्ता गरेन । सामान्यतयाः वि.सं. २०१५ को संविधानपछि महिलाहरूले मौलिक हकको उपभोग गर्न पाएका छन् (शर्मा, १९७७) ।

२००७ सालभन्दा अगाडि देशमा प्रजातन्त्र नभएका कारण र विदेशी विद्वान्हरूलाई नेपालमा जातजातिका बारेमा अध्ययन अनुसन्धान गर्ने अनुमति नदिइएका कारणले गर्दा त्यति अध्ययन एवम् अनुसन्धान भएको पाइँदैन । यसभन्दा अगाडि यस्तो अनुमति र सरकारी सुविधा नभए तापनि कतिपय व्यापारी, यात्री, धर्मप्रचारक, ब्रिटिस सैनिक तथा निजामती सेवाका कर्मचारीहरूले आफ्ना विभिन्न प्रकारका लेख, रचना एवम् विभिन्न पुस्तकहरू प्रकाशित गरेका छन् । जब २००७ सालपछि देशमा प्रजातन्त्रको उदय भयो तत्पश्चात् विदेशी विद्वान्हरूले यहाँको जातजाति तथा जनजातिबारे अध्ययन अनुसन्धान गर्न थालेको पाइन्छ ।

नयाँ मुलुकी ऐन (२०२०) ले छुवाछुत हटाएको छ र जातजातिको आधारमा सजाय घटिवढी नगर्ने व्यवस्था गरेको छ । यसरी सबै जातजाति कानूनको नजरमा समान रहने छन् । तर व्यवहारिक रूपमा यस्तो भएको कमै पाइएको छ साथै यसले बालविवाहमा रोक लगाएको विधुवा विवाहलाई मान्यता दिएको, महिलाले पनि सम्बन्धविच्छेद गर्न पाउने, ३५ वर्ष पूरा भएकी कन्याले छोरासरह अंश पाउने (२०३३ सालमा व्यवस्था भएको), विवाहमा उमेरको हद तोकिएको आदि व्यवस्था गरिएको थियो ।

नेपाल अधिराज्यको संविधान २०४७ को धारा ११ को उपधारा ४ मा छुवाछुतको वारेमा व्यवस्था गरेको छ “कुनै पनि व्यक्तिलाई जातपातको आधारमा छुवाछुतको भेदभाव गरिने वा सार्वजनिक स्थलमा उपस्थित हुन वा सार्वजनिक उपयोगका कुराहरूको प्रयोग गर्नवाट वञ्चित गरिने छैन । यस्तो कार्य कानुन बमोजिम दण्डनीय हुनेछ । यसरी यो संविधानले पनि छुवाछुत तथा जातीय विभेद विरूद्ध व्यवस्था गरेको पाइन्छ ।

नेपालको अन्तरिम संविधान (२०६३) ले छुवाछुत तथा जातीय भेदभाव विरूद्धको हकको निम्नानुसार व्यवस्था गरेको छ :

१. कुनै पनि व्यक्तिलाई जात, वंश, समुदाय वा पेशाका आधारमा कुनै किसिमको छुवाछुत तथा जातीय भेदभाव गरिने छैन । यस्तो भेदभावपूर्ण

व्यवहार दण्डनीय हुनेछ र पीडित व्यक्तिले कानूनद्वारा निधारित भएबमोजिम क्षतिपूर्ति पाउने छ ।

२. कुनै पनि व्यक्तिलाई जात जातिको आधारमा सार्वजनिक स्थलमा रहेको सेवा, सुविधा वा उपयोगका कुराहरू गर्नबाट वा सार्वजनिक स्थल वा सार्वजनिक धार्मिक स्थलमा प्रवेश गर्न वा धार्मिक कार्यबाट बञ्चित गरिने छैन ।

३. कुनै वस्तु, सेवा वा सुविधा उत्पादन वा वितरण गर्दा त्यस्तो सेवा सुविधा वा वस्तु कुनै खास जात जातिको व्यक्तिलाई खरिद वा प्राप्त गर्नबाट रोक लगाउन वा त्यस्तो वस्तु सेवा वा सुविधा कुनै खास जात जातिको व्यक्तिलाई मात्र विक्रि वितरण गरिने छैन ।

४. कुनै जातजाति वा उत्पत्तिका व्यक्ति वा व्यक्तिहरूको समूहको उच्च, निच दर्शाउने जातजातिको आधारमा सामाजिक, विभेदलाई न्यायोचित गराउने वा जातीय सर्वोच्चता वा घृणामा आधारित विचारको प्रचार प्रसार गर्ने वा जातीय विभेदलाई कुनै किसिमले प्रोत्साहन गर्न पाइने छैन ।

५. उपधारा २, ३ र ४ विपरीतको कार्य कानूनबमोजिम दण्डनीय हुनेछ ।

## २.४. सामाजिक समावेशीकरण सम्बन्धी सरकारी प्रयास

सन् १९७० को दशकको पूर्वार्धमा फ्रान्सबाट उत्पन्न भएको सामाजिक बहिष्करणमा परेका वर्गलाई राज्य संचालनका सबै संयन्त्रमा समानुपातिक रुपमा सहभागिताको अवसर प्राप्त हुने नीति तर्जुमा नगरेसम्म बहिष्करणमा परेका वर्ग, लिङ्ग र क्षेत्रको अधिकार सुनिश्चित नहुने देखि सहभागिताका लागि समावेशी अवधारणालाई अघि सारिएको हो । विगत चार दशकमा विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्था साथै सरकारी तवरबाट सामाजिक समावेशीकरणका लागि विभिन्न प्रयासहरु भएको पाइन्छ ।

नेपालमा प्रजातन्त्रको पुनस्थापना २०४६ सालमा भए पछि पनि समाजको माथिल्लो जातबाट दलितहरू शोषिएका, हेपिएका र दबिएको महशुस गरी दलित जात तथा जनजातिहरू आर्थिक तथा सामाजिक सुधारका लागि संगठनमा आबद्ध भएका छन् । आफ्नो आर्थिक तथा सामाजिक सुधारका लागि दलित सेवा संघ, दलित समाज संघ, उत्पीडित

जातीय मुक्ति समाज, विपन्न समाज सेवा समिति, दलित सीप प्रबर्द्धन जनउत्थान प्रतिष्ठान, दलित महिला संघ जस्ता संस्थाहरूमा आबद्ध रहेका छन् ।

दशौं योजनाको आधारपत्र (२०५९) मा दलित तथा उपेक्षित समूहप्रतिको सामाजिक धारणामा अझै रूढीवादिता कायम रहनु यस समूहको मानवीय विकासतर्फ उचित ध्यान पुग्न नसक्नु यस वर्गमा, निहित क्षमता र क्षमताको सहि मूल्याङ्कन नहुनाले विकासका लागि सहयात्रीको रूपमा सहभागी गराउन नसकिने यस वर्गको उत्थानका लागि आवश्यक राजनीतिक प्रतिवद्धताको कमी हुनु प्रमुख चुनौतिको रूपमा रहनेछन् ।

एघारौँ तीन वर्षीय अन्तरिम योजना (२०६४/६५ -२०६७/०६८) ले समृद्ध र न्यायपूर्ण नेपाल निर्माणका लागि आर्थिक, सामाजिक रुपान्तरणको आधार तयार गर्ने प्रमुख लक्ष्य राखी समाजमा विद्यमान विभेदपूर्ण स्थिति र राज्य व्यवस्थाको संरचनागत कमजोरीले गर्दा पछाडि परेका वा पारिएका वर्ग, महिला, आदिवासी, जनजाति, दलित, मधेशी आदिलाई केन्द्रित गरी स्पष्ट नीति, संस्थागत संरचना, तथा कार्यक्रम कार्यान्वयन गरिने उल्लेख छ । साथै यी जाति तथा वर्गलाई सोझै लक्षित गरी विकासको मूल धारमा ल्याउने कार्यक्रमहरु संचालन गरिने पनि उल्लेख छ ।

## २.५. दलित आन्दोलन र सामाजिक समावेशीकरण

नेपाली बृहत शब्दकोष (पेज नं. ५६३) ले दमाईलाई प्रायः लुगा सिलाउने र विवाह ब्रतबन्ध उत्सव चाड पर्व आदिमा बाजा बजाउने पेशा भएका एक जाति, नगर्चि, दर्जी भनी अर्थ्याएको छ । प्राय गरी दमाई जातिको बसोबास पहाडी भेगमा धेरै भएका कारणले उच्च जाति व्राह्मण, क्षेत्रीहरूले यो जातिप्रति हेपाईको प्रवृत्ति पाइएको छ । धेरै कुराहरूमा आफ्नै मौलिकता हुँदाहुँदै पनि दमाई जातिलाई अछुत जाति भनी सामाजिक विभेद गरेको पाइन्छ । यिनीहरूको हैसियत समाजमा ज्यादै तल छ । सामाजिक विभेदका कारण तल्लो जाति भनी हेय दृष्टिले हेरिन्छ । सामाजिक विभेद, छोइछिटो जस्ता कु-संस्कार अझै कायमै भएकोले दलित दमाई लगायत अन्य अछुत जातिले छुवाछुत, विभेद तथा उच्च जातिको दमन विरूद्ध जातीय आन्दोलन पश्चिम नेपालका दलित अछुत भनिएकाहरूले जातीय आन्दोलन जारी गरे । यस आन्दोलनको उद्गम स्थल बाग्लुङ्ग जिल्लाको मूलपानी गाउँ विकास समिति रहेको

थियो । यस आन्दोलनको सुरुवात पनि वाग्लुङ्ग जिल्लाबाट सर्वजित विश्वकर्माले गरेका थिए ।

टि.आर. विश्वकर्मा (२०३०) ले दलित जनजातिको उद्धारको लागि नेपाल राष्ट्रिय जनविकास परिषद्का दुई विशेषता औंल्याएका छन्, ती हुन् :

१. दलित जातिहरूको बीचमा पनि उच्च जातिको भावनाको प्रश्न जहाँ समान चाहिएकै छ ।
२. ठूला जातिका मानिसहरूबाट पहिल्यै पनि थिचिएका दलितबाट फाइदा उठाउन पल्केका क्षेत्रीहरूको परम्परालाई तोडी ठूला जातिका मानिसहरूसँग समानता र स्वतन्त्रताको लागि संघर्ष छ (विश्वकर्मा, २०३०) ।

यस्तैगरी Save the Children US , 1994 ले पनि दलित जातिको बारेमा केही हदसम्म भए पनि अध्ययन अनुसन्धान गर्दै आएको पाइन्छ । यस संस्थाले दलित वर्गका केटाकेटीलाई पढ्नका लागि छात्रवृत्तिको व्यवस्था गर्नुको साथै "नेपाल दलित सेवा संघ" मार्फत् रेडियो नेपालबाट "दलित जनजागरण तथा चिन्तन चौतारी कार्यक्रमहरू" संचालन गर्न आर्थिक सहयोग समेत जुटाउँद आएको छ ।

यसका साथै नेपालमा विद्यमान (दलित आयोग) राष्ट्रिय दलित आयोगले पनि वर्तमान परिप्रेक्ष्यमा समाजका हरेक सामाजिक, आर्थिक, राजनीतिक, शैक्षिक, सांस्कृतिक क्षेत्रमा दलितलाई समानुपातिक हिसाबले समावेश गरी अन्य जाति सरह माथि उठ्न प्रयास गरेको देखिन्छ । यसरी यो आयोगमार्फत् दलित पनि देशको मूल प्रवाहमा अगाडि बढ्न लागेको आभास मिलेको छ ।

यसलाई संगठनात्मक प्रकार्यात्मक विकासको तरिकाबाट हेर्न सकिन्छ । जसअन्तर्गत संरचनात्मक प्रकार्यवादले संरचना नभइकन कार्य हुन सक्दैन भन्ने कुरालाई जोड दिएको छ भने संरचना र प्रकार्य एक अर्कामा अभिन्न अंग पनि हुन् भनेको छ । त्यस्तै यहाँ दमाई जाति पनि एउटा सिङ्गो परम्परा बोकेको जाति हो, यसलाई एउटा संरचना मान्न सकिन्छ । दमाई जातिभित्र पनि विभिन्न किसिमका मूल्य, मान्यता, रितीरिवाजहरू रहेका हुन्छन्, तिनीहरूले दमाई जातिको संरचनालाई टिकाई राख्नको लागी प्रकार्य गरिरहेका हुन्छन् । अनि मात्र दमाई जाति समाजमा अन्य जातिसँग मिलेर प्रकार्यात्मक रूपमा अगाडि बढेको

पाइन्छ । त्यसकारण भन्न सकिन्छ, दमाई जातिको विकास विना अन्य जाति वा समाजको विकास सम्भव छैन भन्ने कुरालाई यहाँ प्रष्ट पार्न खोजिएको छ ।

दमाई समुदायलाई समान अवसर प्रदान गरी देश विकासको कार्यमा समाहित गराइएको खण्डमा दमाई जातिको सामाजिक, आर्थिक र सांस्कृतिक अवस्थामा सुधार आउन सक्दछ । त्यसकारण परम्परागत रूढीवादी व्यवहारलाई माथिल्ला जातीहरूको हटाइएको खण्डमा महिला र दलित जातिलाई देशको आर्थिक, सामाजिक स्थितिमा सुधार ल्याई यो जातिलाई पनि समान अवसर प्रदान गर्न सकिन्छ ।

# परिच्छेद - तीन

# अनुसन्धान विधि

## ३.१ अध्ययन क्षेत्रको छनौट र यसको औचित्य

कुनै पनि अनुसन्धान कार्यलाई मूर्त रूप दिन वा अध्ययन कार्यलाई क्रमबद्ध रूपमा अगाडि बढाउन सर्वप्रथम अनुसन्धान गर्न उपयुक्त स्थानको छनौटको आवश्यकता पर्दछ। उपयुक्त छनौट हुन नसकेको अध्ययनको महत्व र औचित्य हुँदैन। शोधकार्यमा क्षेत्र छनौटले औचित्य र महत्व अध्ययन क्षेत्रलाई अझ बढी व्यापक पार्नेछ। अध्ययन क्षेत्र ओखलढुङ्गा जिल्ला मोलुङ् गाउँपालिका वार्ड नं. २ छनौट गरिएको छ। यस गाउँपालिको वार्ड नं. २ लाई नै अध्ययन क्षेत्रका रुपमा छनौट गरिनुका कारण यस क्षेत्रमा ब्राह्मण, क्षेत्री तथा अन्य दलित समुदायमा दमाई जाति मिश्रित भएर बसी आफ्नो जीविकोपार्जन गर्दै आएका छन् साथै यस क्षेत्रको पूर्व अध्ययन गरिएको नपाइएको र अध्ययताको गृह स्थल भएकाले पनि यस क्षेत्रलाई छनोट गरिएको छ।

## ३.२ अध्ययन (अनुसन्धान) को ढाँचा

यो अध्ययन वर्णनात्मक र अन्वेषणात्मक दुवै ढाँचामा आधारित छ। अध्ययनको क्रममा संकलन गरिने दलित दमाई जाति सम्बन्धी तथ्याङ्कहरूलाई वर्णनात्मक रूपमा प्रस्तुत गरिने भएकोले वर्णनात्मक प्रकृतिको रहेको छ। त्यस्तैगरी प्राप्त भएको तथ्याङ्कहरूको आधारमा दमाई जातिको स्थितिका सम्बन्धमा तालिकीकरण, व्याख्या तथा विश्लेषण गरी प्रस्तुत गरिएको हुनाले अध्ययन अन्वेषणात्मक भएको छ।

## ३.३ तथ्याङ्कको प्रकृति र स्रोतहरू

अध्ययतालाई अनुसन्धान गर्नको लागि त्यससँग सम्बन्धित सामग्रीहरूको नितान्त आवश्यक पर्ने हुन्छ। सामग्री विना अध्ययन कार्य अधुरो हुनुको साथै लक्ष्य प्राप्तिमा कठिनाई आउनेछ। त्यसैले यस अध्ययनमा प्राथमिक स्रोत र द्वितीय स्रोतबाट तथ्यहरू संकलन गरिएको छ। प्राथमिक स्रोत अन्तर्गत अन्तर्वार्ता, अवलोकन, प्रमुख जानकार व्यक्तिसँगको अन्तर्वार्ता र अध्ययनको लागि चाहिने आवश्यक स्रोत तथा तथ्याङ्क संकलन गरिएको छ। जसका लागी प्रश्नावली तयार गरिएको छ। द्वितीय स्रोतको रुपमा केन्द्रीय तथ्याङ्क

विभागको रेकर्ड, पुस्तक, पत्रपत्रिका तथा यस अघि खोज तथा अनुसन्धान भएका आवश्यक र उपयोगी लेख तथा सामग्रीहरुबाट पनि जानकारी लिइएको छ ।

## ३.४ समग्रता र नमुना छनौट विधि

दलित घर परिवार यस अध्ययनको इकाइ हो । प्रदेश १ अर्न्तगत ओखलढुङ्गा जिल्ला मोलुङ् गाउँपालिका वार्ड नं. २ मा बसोबास गर्ने दमाइ घरधुरी ६५ छन् जुन यस अध्ययनको समग्र हो । जहाँ वि.स. २०६८ को जनगणनाको तथ्याङ्क अनुसार ३२४ जना दमाई जातिको संख्या रहेको छ जस मध्ये पुरुषको संख्या १५९ र महिलाको संख्या १६५ रहेको छ । वार्ड नं. २ मा बसोबास गर्ने ६५ दमाई घरधुरीमध्ये ३५ घरधुरी probability sampling अन्तर्गतको चिट्ठा प्रणालीको प्रयोग गरि छानिएका छन् । छानिएका ३५ घरधुरीमा परिवारको मुलिलाई अन्तर्वाता लिइ आवश्यक तथ्याङ्क संकलन गरिएको छ। कुनै कुनै घरधुरीको घरमुली नभेटिएकोले जेष्ठ सदस्यसंग अन्तर्वाता लिइएको छ ।

## ३.५ तथ्याङ्क संकलनका विधिहरु

यस शोधकार्यमा म आफैले २०७६/०८/०५ गते देखि २०७६/०८/१५ गते भित्रमा स्थलगत अध्ययन गरी देहाय बमोजिमका विधि अपनाइ तथ्याङ्क संकलन गरेको छु। प्राथमिक स्रोत अन्तर्गत अन्तर्वार्ता, अवलोकन, प्रमुख जानकार व्यक्तिको अन्तर्वार्ता, वैयक्तिक विवरण विधि अपनाइएको छ ।

### ३.५.१ अन्तर्वार्ता

दमाई जातिका सम्बन्धमा अध्ययन गर्ने भएकोले नमुना छनोटमा परेका परिवारहरूबाट तथ्याङ्क संकलन गरिएको छ। जसमा ३५ जना उत्तरदातामा महिला र पुरुष दुबैलाई समेटिएको छ। जसका लागि उनीहरु बसेको ठाउँमा गई उनीहरुसँग प्रत्यक्ष रुपमा अन्तर्वार्ता लिई उनीहरुको तथ्याङ्क संकलन गरिएको छ। अनुसन्धान एवम् शोधकार्यका लागि प्राथमिक तथ्याङ्क संकलनको लागि यो एउटा महत्वपूर्ण विधि मानिन्छ। यस अन्तर्गत आफैले तयार पारेको प्रश्नावलीको अनुसूचीको आधारमा दमाई जातिको सामाजिक-साँस्कृतिक स्थिति, चाडपर्व, संस्कार, पेशा वा व्यवसाय तथा जीविकोपार्जन सम्बन्धी तथ्याङ्क संकलन गर्न गरिएको छ ।

### ३.५.२ अवलोकन

अन्तर्वार्ता अनुसूची बाहेक प्रत्यक्ष रूपमा अवलोकन गरी अनुभव गरेका कुराहरूबाट पनि थप जानकारी लिइएको छ। यसबाट प्राप्त हुने तथ्यांङ्कहरू भरपर्दो र विश्वासिलो हुने भएकाले पनि ठीक बेठीक कसिमा राख्न यसले सघाउने विश्वासमा यो विधिलाई अपनाइएको छ। यसबाट दमाई जातिको सामाजिक, आर्थिक, शैक्षिक स्थितिको अवलोकन गरिएको छ। दमाई जातिलाई अन्य जातिले हेर्ने दृष्टिकोण, अन्य दलित जातिहरुसँगको सम्बन्ध आदि कुराहरुको अवलोकन गरी आवश्यक तथ्याङ्कहरु संकलन गरिएको छ साथै रहनसहन, वसोवास, पेशा आदि लाई पनि अध्ययनको विषय बनाइएको छ।

### ३.५.३ प्रमुख जानकार व्यक्तिसँगको अन्तर्वार्ता

प्रश्नहरूको सूचीका आधारमा अन्तरवार्ता लिदा दमाईहरुको विविध पक्षलाई समेट्नको निम्ति अन्य जातिका जान्नेसुन्ने व्यक्तिहरुबाट पनि जानकारी लिने प्रयास गरिएको छ। जसको लागि अन्य जातजातिका ५ जना व्यक्तिहरुलाई समेटेर अन्तर्वार्ता लिइएको छ। अध्ययन क्षेत्रमा नै बसोबास गर्ने ब्राह्मण र क्षेत्री समुदायका जानकार ५ जना व्यक्तिहरु; दाताराम लुईटेल, लिलाबल्लभ दाहाल, बलभद्र दाहाल, टंक बहादुर कार्की र भीम कार्कीसँगबाट गरेको अन्तरवार्ताबाट दमाई जातिको वास्तविक र पूर्ण जानकारी प्राप्त भयो।

### ३.६. तथ्याङ्कको विश्लेषण र प्रस्तुतीकरण

प्राथमिक र द्वितीय स्रोतको माध्यमबाट प्राप्त गरिएका तथ्याङ्क र विवरणहरूलाई आवश्यकता अनुसार विभिन्न स्तर र श्रेणीमा विभाजन गरिएको छ। आवश्यकता अनुसार तालिका प्रतिशत, तुलनात्मक र बोधगम्य बनाउन साङ्ख्यकीय विधिको प्रयोग गरी तथ्याङ्कको व्याख्या र विश्लेषण  गरिएको छ।

### ३.७. अध्ययनको सीमा

कुनै पनि काम एउटा निश्चित दयारा भित्र रहेर गर्नु नै सीमितता हो। अनुसन्धानको सन्दर्भमा अनुसन्धान कर्ताले निश्चित लक्ष्य प्राप्तीको लागि निश्चित क्षेत्र, निश्चित जाति तथा वर्ग, निश्चित समयावधि र निश्चित रकम लगानी गरेर अनुसन्धानको कार्य गर्दा अध्ययन छोटो, मिठो, सरल र फलदायी हुने भएकाले अध्ययताले सबै कार्यको सीमितता

तोकेर गरेको छ। यस अनुसन्धानले आफ्नो कार्य क्षेत्र ओखलढुङ्गा जिल्ला मोलुङ् गाउँपालिका वार्ड नं. २ लाई सीमित क्षेत्र खोजगरी दमाई जातिको जीविकोपार्जन तथा सामाजिक, आर्थिक अवस्थाको स्थिति प्रकाश पार्ने कार्य स्नातकोत्तर तहको आंशिक आवश्यकता समाजशास्त्र विषयको परिपूर्तिको लागि अवलोकन, अन्तवार्ता, प्रश्नावली विधि अपनाई सीमित स्रोत र साधनमा  सम्पन्न गरिएको हुँदा सम्पूर्ण दमाई जातीहरुमा सामान्यीकरण गरेर हेर्न नसिकने पनि हुन सक्छ ।

# परिच्छेद - चार :

# दमाई जातिको सामाजिक तथा आर्थिक अवस्था

## ४.१ सामाजिक अवस्था

यस अध्ययन क्षेत्रमा रहेका दमाई जातिको सामाजिक अवस्थालाई अध्ययन गर्दा जनसङ्ख्या, तिनीहरुको पारिवारिक स्थिती, शिक्षा, विवाह, स्वास्थ्य, खानपान, वानी व्यवहार, धर्म, जन्मदर अन्य जातिले दमाई महिला र पुरुष प्रति गरिने व्यवहार, दमाई पूरुषले महिला प्रति गर्ने व्यवहार र दमाई जातिको अन्य जातीसँगको सम्बन्ध आदिको बारेमा जानकारी लिइएको छ ।

### ४.१.१. जनसङ्ख्या

प्रदेश नं. १ मा अवस्थित ओखलढुङ्गा जिल्ला जनगणना २०६८ अनुसार ५९ औ स्थान यानकी १,४६,९८४ जम्मा जनसङ्ख्या रहेको छ, भने यस जिल्लामा पुरुषको सङ्ख्या ६८,६७८ र महिलाको सङ्ख्या ७९,२९७ रहेको छ । जुन ४६.४१ प्रतिशत पुरुष र ५३.५९ प्रतिशत महिलाको सङ्ख्या रहेको छ । जहाँ ३२५०६ घरधुरी रहेका छन् । साविकमा ५६ वटा गा.वि.स. मा विभक्त ओखलढुङ्गा जिल्ला हाल प्रशासनिक विभाजन अनुसार ८ वटा स्थानिय निकायमा विभाजन गरिएका छन् । जस मध्ये मोलुङ् गाउँपालिकामा साविकका ७ वटा गा.वि.स सम्मिलित भई आठ वटा वडामा विभक्त यस गाउँपालिको वर्तमान अवस्थामा वडा अनुसारको विवरण उपलब्ध हुन नसकेकोले २०६८ सालको जनगणानाको तथ्याङ्क अनुसारको विवरण तत्कालिन गा.वि.स. अनुसार प्रस्तुत गरिएको छ। जुन गा.वि.स. हरु हाल गाउँपालिकामा सम्मिलित छन् ।

**तालिका नं. १**

**मोलुङ् गाउँपालिकामा सम्मिलित गा.वि.स. हरुको २०६८ सालको जनगणना अनुसारको तथ्याङ्क**

| क्र.स. | साविक गा.वि.स. | हालको वार्ड नं. | घरधुरी | पुरुषको सङ्ख्या | महिलाको सङ्ख्या | जम्मा सङ्ख्या | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १. | कुन्तादेवी | १ | ५८३ | ११०० | १३१७ | २४१७ | १३.४१ |
| २. | बरुणेश्वर | २ | ८०९ | १५७६ | १८१२ | ३३८८ | १८.८० |
| ३. | हर्कपुर | ३, ४ | ६१४ | ११७८ | १४०० | २५७८ | १४.३० |
| ४. | प्राप्चा | ४, ५ | २७१ | ५६० | ६६६ | १२२६ | ६.८० |
| ५. | श्रीचउर | ६ | ५८१ | १३२६ | १५३० | २८५६ | १५.८५ |
| ६. | पात्ले | ७ | ७१८ | १७१८ | १७९६ | ३५१४ | १९.५० |
| ७. | राँगादीप | ८ | ४५५ | ९५५ | १०८४ | २०३९ | ११.३१ |
| ८. | | जम्मा | ४०३१ | ८४१३ | ९६०५ | १८०१८ | १००.०० |

**श्रोतः जिल्ला तथ्याङ्क कार्यालय ओखलढुङ्गा । जनगणना २०६८**

### ४.१.२ शिक्षा

शिक्षालाई कुनै पनि जाति, समुदाय तथा राष्ट्रको विकासका लागि नभई नहुने विकासको मेरुदणको रूपमा लिइन्छ। आजको समाजमा भएका विकास निर्माण तथा वैज्ञानिक चमत्कारहरू शिक्षाकै कारणले भएका हुन् । शिक्षालाई हरेक क्षेत्रका आधारभूत आवश्यकता भनिन्छ। शिक्षा विनाको समून्नत समाजको परिकल्पना समेत गर्न सकिँदैन। त्यसैले कुनै पनि समाजको वा त्यस समाजको कुनै वर्ग वा जात विशेषको सामाजिक अवस्थाको अध्ययन गर्दा शिक्षाको स्थान महत्वपूर्ण हुन्छ। अक्सर सबै क्षेत्रमा प्रजातन्त्रको पुनस्थापनापछि शिक्षाको विकासले ठूलो छलाङ् मारेको छ। निकै बर्ष अगाडि यस क्षेत्रको शैक्षिक उन्नतिको लागि सरकारी तवरको अनौपचारिक शिक्षा कार्यक्रम अर्न्तगत जिल्ला शिक्षा कार्यलयको मातहतमा रही प्रौढ महिलाहरुका लागि प्रौढ शिक्षा कार्यक्रम सञ्चालन गरिएको र निराक्षर महिलाहरुका लागि साक्षरताको अवसर मात्र नभई दैनिक व्यहारिक जीवनमा समेत सहयोग पुगेको यहाँका महिलाहरुले अनुभुत गरेको पाइन्छ। तत् पश्चात् यस क्षेत्रका विद्यालय उमेरका बालबालिकाहरुलाई अनिवार्य शिक्षाको अवधारण अनुरुप हरेक

अभिभावकले विद्यालयमा भर्ना गरेको थाहा भएको छ। यसका लागि गाउँ कै श्री बरुणेश्वर मा.वि., श्री  गणेश मा.वि., श्री प्रभु प्रा.वि. र श्री बरुण इंङ्लिस बोर्डिङ स्कुल रहेको पाइन्छ। वर्तमान अवस्थामा यस क्षेत्रका ४ वटा विद्यालयहरु मध्ये श्री बरुणेश्वर मा.वि. र श्री बरुण इंङ्लिस बोर्डिङ स्कुलमा अध्ययनरत दमाई छात्रछात्रा लगाएत विद्यार्थीहरुको विवरण तलका तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका नं. २**

**शैक्षिकशत्र २०७६ मा श्री बरुणेश्वर माध्मिक विद्यालयमा अध्ययनरत छात्र-छात्रा विवरण**

| क.सं. | शैक्षिकसत्र २०७६ | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | कक्षा | जम्मा विद्यार्थी | | | दमाई विद्यार्थी | | |
| | | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| १. | १ | ७ | ११ | १८ | - | १ | १ |
| २. | २ | ८ | १४ | २२ | १ | - | १ |
| ३. | ३ | ८ | १६ | २४ | - | - | - |
| ४. | ४ | १२ | १९ | ३१ | - | १ | १ |
| ५. | ५ | १३ | १६ | २९ | १ | - | १ |
| ६. | ६ | १४ | १७ | ३१ | २ | - | २ |
| ७. | ७ | २२ | २५ | ४७ | - | १ | १ |
| ८. | ८ | ३० | २७ | ५७ | ३ | २ | ५ |
| ९. | ९ | २३ | २४ | ४७ | २ | ४ | ६ |
| १०. | १० | २६ | २५ | ५१ | १ | १ | २ |
| ११. | ११ | ६८ | ८२ | १५० | ५ | ४ | ९ |
| १२. | १२ | ७० | ८५ | १५५ | ५ | ७ | १२ |
| १३. | जम्मा | ३०१ | ३६१ | ६६२ | २० | २१ | ४१ |

**श्रोतः विद्यालय अभिलेख २०७६**

माथिको तालिका नं. २ श्री बरुणेश्वर माध्मिक विद्यालय रामपुर, ओखलढङ्गाको शैक्षिकसत्र २०७६ मा अध्ययनरत विद्यार्थीहरुको तथ्याङ्क हो। निज विद्यालय साविकमा पुर्वाञ्चल र हाल प्रदेश नं. १ को एस.ई.ई. परिक्षाको नतिजाको आधारमा विगत ७, ८ बर्ष देखि निरन्तर प्रथम स्थानमा रहेको विद्यालय हो। यस विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको

आंकडा हेर्दा जम्मा ६६२ जना विद्यार्थी रहेका छन् । जस मध्ये छात्रको सङ्ख्या ३०१ रहेको छ भने छात्राको सङ्ख्या ३६१ रहेको छ । जुन छात्र र छात्राको क्रमशः ४५.४६ प्रतिशत र ५४.५३ प्रतिशत हुन आउँछ । जस मध्ये दमाई छात्र-छात्राको कुल सङख्या ४१ यानकी कुल विद्यार्थीको ६.१९ प्रतिशत रहेको देखिन्छ। जम्मा छात्र विद्यार्थीको आधारमा दमाई छात्रहरुको अवस्था ६.६४ प्रतिशत र जम्मा छात्रा विद्यार्थीको आधारमा दमाई छात्राको अवस्था ५.५२ प्रतिशत रहेको देखिन्छ । जम्मा छात्रको सङ्ख्याको आधारमा दमाई छात्रको सङ्ख्या करिब औसतमा रहेको पाइयो भने जम्मा छात्राको सङ्ख्यामा दमाई छात्राको सङ्ख्या औसत भन्दा न्यून देखिन्छ । यस विद्यालयमा तल्ला कक्षाहरुमा भन्दा माथिल्ला कक्षाहरुमा क्रमबद्ध रुपमा विद्यार्थीको चाप देखिन्छ । यस्तो हुनुको पछाडी उही गाउँमा रहेको कक्षा ८ सम्म स्वीकृती पाएको श्री बरुण इंङ्लिस बोर्डिङ स्कुल हुन सक्छ र माथिल्ला कक्षाहरुमा भने अन्य गाउँ, वडा र टाडा देखि समेत आई डेरा गरेर बस्ने विद्यार्थीहरु समेत रहेकाले पनि उपल्ला कक्षाहरुमा तिव्र सङ्ख्या हुन आएको हो भन्न सकिन्छ ।

**तालिका नं. ३**

**शैक्षिकशत्र २०७६ मा श्री बरुण इंङ्लिस बोर्डिङ स्कुलमा अध्ययनरत छात्र-छात्रा विवरण**

| क.सं. | कक्षा | शैक्षिकसत्र २०७६ | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | जम्मा विद्यार्थी | | | दमाई विद्यार्थी | | |
| | | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| १. | नर्सरी | २७ | १७ | ४४ | - | १ | १ |
| २. | एल.के.जी. | २४ | २९ | ५१ | - | - | - |
| ३. | यू.के.जी. | ३० | १७ | ४७ | - | २ | २ |
| ४. | १ | १५ | २४ | ३९ | - | - | - |
| ५. | २ | २० | १६ | ३६ | १ | - | १ |
| ६. | ३ | १६ | १५ | ३१ | ३ | २ | ५ |
| ७. | ४ | १० | ११ | २१ | - | - | - |
| ८. | ५ | १४ | १२ | २६ | - | - | - |
| ९. | ६ | १० | ६ | १६ | १ | - | १ |
| १०. | जम्मा | १६६ | १४७ | ३११ | ५ | ५ | १० |

**श्रोतः विद्यालय अभिलेख २०७६**

माथिको तालिका नं. ३ श्री बरुण इंङ्लिस बोर्डिङ स्कुल रामपुर, ओखलढङ्गाको शैक्षिकसत्र २०७६ मा अध्ययनरत विद्यार्थीहरुको तथ्याङ्कीय विवरण हो। यस विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको आंकडा हेर्दा जम्मा ३११ जना विद्यार्थी रहेका छन्। जस मध्ये छात्रको सङ्ख्या १६६ रहेको छ भने छात्राको सङ्ख्या १४७ रहेको छ। जुन छात्र र छात्राको क्रमशः ५३.३७ प्रतिशत र ४७.२६ प्रतिशत हुन आउँछ। जस मध्ये दमाई छात्र-छात्राको कुल सङख्या १० यानकी कुल विद्यार्थीको ३.२७ प्रतिशत रहेको देखिन्छ। जम्मा छात्र विद्यार्थीको आधारमा दमाई छात्रहरुको अवस्था ३.०१ प्रतिशत र जम्मा छात्रा विद्यार्थीको आधारमा दमाई छात्राको अवस्था ३.४० प्रतिशत रहेको देखिन्छ। यसरी हेर्दा दमाई छात्र-छात्राहरु सङ्ख्या कुल विद्यार्थी सङ्ख्याको आधारमा औसत नै देखिन आउँछ। तर सरकारी विद्यालयमा भन्दा निजी विद्यालयमा दमाई छात्र-छात्राको सङ्ख्या न्यून देखिए पनि तल्ला कक्षाको अनुपात निजी विद्यालय र सरकारी विद्यालय दुबैमा उस्तै अनुपातमा रहेको देखिन्छ। यस विद्यालयमा सरकारी विद्यालयमा भन्दा तल्ला कक्षाहरुमा विद्यार्थीको सङ्ख्यामा तिव्र चाप देखिन आएको छ। यसो हुनुको कारण निजी विद्यालयमा अंग्रजी माध्यमबाट शिक्षण हुने भएकाले र अंग्रजी भाषा प्रतिको आकर्षणले गर्दा हुन गएको हो भनी अनुमान गर्न सकिन्छ। तर यो विद्यालय कक्षा ८ सम्मको स्वीकृती रहेको भएता पनि कक्षा ७ र ८ मा विद्यार्थी नरहेको विद्यालय प्रशासनले बताएको छ। यस विद्यालयमा तल्ला कक्षाहरुमा भन्दा माथिल्ला कक्षाहरुमा विद्यार्थी सङ्ख्या क्रमशः घट्दै गएको देखिन्छ।

यस अध्ययनको क्रममा गरिएको सर्वेक्षणबाट यहाँका दमाई जातिको शैक्षिक अवस्थाको सम्बन्धमा प्राप्त विवरणलाई देहाय बमोजिमको तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका नं. ४**

**उत्तरदाताको घर परिवारको शैक्षिक स्थिति**

| क.सं. | तह | पुरुष | महिला | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| १. | पूर्वविद्यालयीय उमेर | ७ | ३ | १० | ६.५७ |
| २. | पूर्व बालविकास कक्षा | १ | ३ | ४ | २.६३ |
| ३. | १ देखि ५ | ९ | ७ | १६ | १०.५२ |
| ४. | ६ देखि १० | २४ | १४ | ३८ | २५ |
| ५. | ११ - १२ | १० | ८ | १८ | ११.८४ |
| ६. | स्नातक | १ | ३ | ४ | २.६३ |
| ७. | स्नातकोत्तर | - | - | - | - |
| ८. | साक्षर | २५ | २९ | ५४ | ३५.५२ |
| ९. | निरक्षर | १ | ७ | ८ | ५.२६ |
| १०. | जम्मा | ७८ | ७४ | १५२ | १०० |

**श्रोतः स्थलगत भ्रमण २०७६**

माथिको तालिका नं. ४ मा प्रस्तुत गरिए अनुसार अध्ययन क्षेत्रमा रहेका दमाई समुदायको शैक्षिक स्थितिलाई प्रष्ट पार्न खोजिएको छ। यस अध्ययनका क्रममा २७ जना पुरुष र १ जना महिला गरी २८ जना घरमुली र ७ जेष्ठ महिला सदस्यलाई प्रश्न सोधी प्रत्यक्ष अन्तर्वार्ता विधिद्धारा यो अध्ययन गरिएको छ। अन्तर्वार्तामा संलग्न व्यक्तिको उत्तरको आधारमा तालिका बनाई विभिन्न उमेर समूहका व्यक्तिहरुको शैक्षिक स्थितिलाई प्रस्तुत गरिएको छ। जसमा पूर्वविद्यालयीय उमेर समूहका १० जना बालबालिका रहेका छन्। जुन अध्ययनमा सामाविष्ट जनसङ्ख्याको ६.५७ प्रतिशत हो। पूर्व बालविकास कक्षा समूहमा ४ जना जुन कुल सङ्ख्याको २.६३ प्रतिशत, प्राथामिक तह यानकी कक्षा १ देखि ५ मा १६ जुन कुल सङ्ख्याको १०.५२ प्रतिशत हो। त्यसै गरी कक्षा ६ देखि १० मा अध्ययनरत विद्यार्थी र यस बीचका कक्षा बाट बीचैमा पढाई छोडेका व्यक्तिको सङख्या ३८ जना जुन कुल सङ्ख्याको २५ प्रतिशत, कक्षा ११ र १२ मा अध्ययनरत विद्यार्थी र १२ कक्षा हाँसिल गरी सकेका व्यक्तिको सङख्या १८ जना जुन कुल सङ्ख्याको ११.८४ प्रतिशत हो भने स्नातक तह हासिल गरी सकेका व्यक्तिको सङ्ख्या ४ रहेको छ जुन कुल सङ्ख्याका

२.६३ प्रतिशत हो । यस भन्दा बाहेकका साक्षर व्यक्तिको सङ्ख्या ५४ जना अर्थात ३५.५२ प्रतिशत रहेको छ । यस अध्ययन क्षेत्रमा निराक्षर व्यक्तिहरुको सङ्ख्या ८ जना अर्थात ५.२६ प्रतिशत रहेको देखिन्छ ।

माथिको तथ्याङ्कको विवरण हेर्दा निराक्षर प्रतिशत ५.२६ मात्र देखिन्छ अन्यथा पूर्व विद्यालयीय उमेर समूहका बालबालिकाहरु बाहेक साक्षर र शिक्षितको जम्मा प्रतिशत ८८.१४ प्रतिशत मानिस यानकी १३४ जनाको शैक्षिक स्तर सकारात्मक देखिन्छ । निराक्षर हरु मध्ये ७ जना महिला र एक जना पुरुष रहेका छन् । जो बृद्ध एवं आश्रित उमेर समूहका देखिन्छन् । उनीहरु साक्षर हुन नसक्नुका कारण सोध्दा पढ्ने उमेरमा विद्यालय जाने कुरामा वञ्चित हुनु परेको नजिक विद्यालय नभएको र उनीहरुका अभिभावकहरुमा शिक्षा सम्बन्धि चेतना पनि नभएको बताएका छन् । जस मध्ये महिलाहरु अन्य गाउँबाट विवाह गरी यस गाउँमा आएका हुन् । विवाह पछि प्रौढ कक्षा भर्ना हुन पनि नसकेको कुरा घरायसी कारण रहेको बताएका छन् । यस क्षेत्रमा स्नातक तहसम्मको शिक्षा क्याम्पस समेत रहेको छ, र यहाँका शैक्षिक संस्थाले दमाई लगाएत सम्पूर्ण दलित परिवारलाई शिक्षा हासिल गर्न अभिप्रेरित गरि राखेको तथ्य उत्तरदाताहरु बताउछन् ।

### ४.१.३. पारिवारिक प्रकार विवरण

अध्ययन क्षेत्रका दमाईहरूको पारिवारिक स्थितिलाई अध्ययन गर्दा यहाँको दमाई परिवारको पारिवारिक बनौट घरमूलीय पुरुष भएता पनि पूर्ण रुपमा पितृसत्तात्मक शैलीको देखिदैन् । प्राचीन समयमा दमाईहरूको मातृसतात्मक विशेषता भएका परिवार थिए भनी एकिन रूपमा भन्न सकिने अवस्था यस अध्ययनमा अनुसन्धान कर्ताद्धारा ठोस प्रमाणहरू फेला पार्न सकिएन । यहाँ वर्तमान समयमा घरको जेठो पुरूष (बाबु) घरमूली हुन्छ त्यसपछि आमाको स्थान आउँछ । त्यसपछि जेठो छोरो गरी क्रमशः स्थानान्तरण हुँदै जान्छ । परिवारमा महिला र पुरूष सदस्यहरू बीच केही भेदभाव राखिँदैन । सम्पत्ति पुरूष सदस्यहरूमा सर्दै जाने भएतापनि महिलाहरू पनि त्यसको संरक्षण, सम्हार तथा व्यवस्थापनमा उत्तिकै जुटेका हुन्छन् ।  मोलुङ् गाउँपालिका वार्ड नं. २ का दमाई जातिको परिवारको संख्याको आधारमा एकल र संयुक्त गरी पारिवारिक स्थिति निम्नानुसार पाइयो ।

**तालिका नं. ५**

**उत्तरदाताको पारिवारिक प्रकार विवरण**

| क.सं. | विवरण | परिवार सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १. | संयुक्त परिवार | ९ | २५.७१ |
| २. | एकल परिवार | २६ | ७४.२८ |
| ३. | जम्मा | ३५ | १०० |

**श्रोतः स्थलगत भ्रमण २०७६**

माथिको तालिका नं. ५ अध्ययन क्षेत्रमा बसोबास गर्न दमाई जातिको पारिवारिक तथ्याङ्कीय विवरण हो । जसमा ३५ घर परिवार मध्ये संयुक्त परिवार सङ्ख्या ९ रहेको छ भने एकल परिवार सङ्ख्या २६ रहेको छ । जुन संयुक्त परिवार र एकल परिवार क्रमशः २५.७१ प्रतिशत र ७४.२८ प्रतिशत हुन आउँछ । यसरी हेर्दा संयुक्त परिवार भन्दा एकल परिवारको सङ्ख्या बढी हुनुमा छोराहरु विवाह पछि छुट्टीने प्रचलनले गर्दा परिवार सानो हुन गएको पाइन्छ । अनुसन्धानको क्रममा शोधकर्ताले प्रश्नावलीमा बृहत परिवारको पनि स्थिति बुझ्नलाई बृहत परिवारको बिकल्प समेत समाबिष्ट गरिएको थियो तर यस क्षेत्रमा कुनै पनि परिवार बृहत नरहेको देखियो । एकल परिवारमा पनि करिब १६ बर्ष या १८ बर्ष नाघेपछि अक्सर धेरै जसो परिवारमा छोराछोरीहरु अध्ययन या नोकरी पेसाको शिलशिलामा घरबाट बाहिरीएको बझिएको छ । संयुक्त परिवारमा पनि अत्यन्त बृद्ध उमेर र रोगी भई कामै गर्न नसक्ने परिवारमा र केही कुनै एक छोराले बाबु आमा पाल्नु पर्छ भन्ने सोचबाट मात्र संयुक्त परिवार भएको देखिन्छ ।

### ४.१.४ जातजाति तथा थर

अध्ययन क्षेत्रमा बसोबास गर्न जात जातिहरुमा बहुसङ्ख्यक रुपमा ब्राह्मण रहेका छन् । क्षेत्रीको सङ्ख्या पनि करिब ब्राह्मणको हाराहारीमा पुग्दछन् । यहाँ दलित र जनजाति पनि कम छैनन् । ब्राह्मणमा दाहाल, लुईटेल, काफ्ले, अधिकारी, घिमिरे, निरौला, खतीवडा, डोटेल जस्ता आदि रहेका छन् । क्षेत्रीमा कार्की, कट्वाल, बानियाँ, खत्री, बस्नेत, खड्का रहेका छन् भने बैश्य वर्ग अर्न्तगत भुजेल, मगर, राई, तामाङ, नेवार, शेर्पा, सुनुवार जस्ता जातिहरुको बसोबास रहेको छ । दलितमा कामी, सार्की र दमाई नै प्रमुख रुपमा रहेका छन् । केही

नगन्य मात्राका परिवारमा गिरी तथा सन्यासीहरु पनि यस क्षेत्रमा स्थायी रुपमा बसोबास गर्न गरेको पाइन्छ । ब्राह्मण, क्षेत्री, बैश्य र सुद्र चारै वर्गका जातिहरुको साझा थलोको रुपमा यो क्षेत्र रहेका देखिन्छ । सहिष्णु भावमा सामाजिक एकता काय गरी स्वस्थ्य समाजको एक नमुना यो क्षत्रे रहेको देखिन्छ ।

मोलुङ् गाउँपालिका वार्ड नं. २ मा बसोबास गर्न सम्पूर्ण जातिले आफ्ना नाता सम्बन्ध कुल कुटुम्ब नजिकैका गाउँ वारिपारि हर्कपुर, माने, प्राप्चा, बिगुटार, कटुन्जे, बुङ्नाम, ज्यामिरे लगाएतका आसपासका क्षेत्रमा बैवाहिक सम्बन्ध गाँसी नाता नालाको विस्तार गरेको देखिन्छ । यसै गाउँ भित्र बसोबास गर्ने जात जाति भित्र पनि फरक फरक उपजातिहरु रहेकाले गाउँ भित्रै पनि सम्बन्ध गाँस्ने गरेको पाइन्छ । केही हद सम्म मितेरी सम्बन्धलाई पनि महत्वका साथ हेर्न गरेको पाइन्छ ।

दमाई जातिको सन्दर्भमा हेर्दा यहाँका दमाई जातिहरुले आफ्नै जाति भित्र नै आसपासका गाउँहरु माने, हर्कपुर, प्राप्चा र उही गाउँ भित्रै पनि सम्बन्ध राख्ने गरेको पाइन्छ । दमाई जातिलाई अर्को शब्दमा परियार या नेपाली पनि भन्ने गरेको पाईन्छ । अनुसन्धानको क्रममा उत्तरदाता समक्ष उनीहरुको नाता नाला, कुल कुटुम्ब, विवाह सम्बन्ध र थर र गोत्र सम्बन्धी सोध्दा जम्मा दुई जनाले मात्र यस सम्बन्धी केही मात्रामा बताउन सके तथापि उनीहरुमा पनि थर ग्रोत्र सम्बन्धी पूर्ण ज्ञान नभएको पाइयो ।

हिरा बहादुर मोते र ढाल बहादुर ठटालका अनुसार सोह्र थर र सोह्र गोत्र हुन्छन् भनी बताए तापनि सोह्र थर मोते, ठटाल, भित्रीकोटी, आछामी, कट्वाल, कालाथोकी, कालाखाती, कार्कीडोली, खाती, गोरखानाथ, गोतामे, घतानी, नेपाली, परिवार, जनैदार, दर्नाल हुन्छन् भनी बताए भने गोत्रका बारेमा जतिवटा थर त्यति वटा गोत्र हुन्छ भनेका थिए । त्यस मध्ये हामीले पहिले देखिनै सुन्दै आएका थरहरु पनि यहाँ समेटिएका छैनन् जनु हुनः दमाई, दर्जी, सूचिकार, नगर्ची, ढोली, हुडेक । अनुसन्धानको क्रममा दलित जातीय अनुसूची विवरणमा सूचीकृत गरिएका दमाई जातिका थरहरु ११६ वटा रहेको पाइयो । यसरी सूचीकृत गरिएका दमाई जातिको थर हेर्दा यस्तो लाग्छ कि प्रारम्भका जति व्यक्ति थिए । सबैलाई छुट्टा छुट्टै काम, स्वभाव, वर्ग, बसाई, भौगोलिक क्षेत्र आदिका आधारमा थर विभाजन गरिएको हो । गोत्रका विषयमा दमाई जातिहरु अनविज्ञ नै छन् । २९ बैशाख २०७६ मा प्रकाशित शितलपाटी न्यूजको लेखका आधारमा मानव समुदायमा गोत्र परम्परा ऋषि मुनिहरुका नाम

वा उपनामबाट उनीहरुका चेलाहरु छुट्यानका लागि गरिएको भन्ने बुझिन्छ । गोत्र ब्राह्मण र क्षेत्री समुदायका लागि दिइएको वैश्य र सुत्रको भने गोत्र नभएको भन्ने मान्यता अगाडि सारिएको पाइन्छ । दुविधापूर्ण तरिकाले कसैमा भएको गोत्र पनि खोसिएको उच्च जातिबाट खसेका व्यक्तिहरुको पनि गोत्र खोसिएकोले गोत्र दलितहरुको नभएको कुरा बताइएको छ । यसै लेखमा प्राचीन दलित समुदायको गोत्र सम्बन्धी अझ ठोस त्यान्द्रोलाई सङ्केत गर्ने खालका छन् । १. काशी, २. कौशल वा कौशल्य र ३. काशी कौशाल ।

आर्य खस दलितका यी गोत्रहरु बारे यहाँ यसरी उल्लेख गरिएको भए पनि गोत्र बारे अनविज्ञ रहेका दमाईहरुको वैवाहिक परम्परा भने गोत्रका आधारमा नछुट्याई हाड नाता नरहेको दमाई जाति भित्रकै फरक थरका पुरुष र स्त्री बिच हुने गरेको बताएका छन् । भने यदाकदा अन्तरजातिय विवाह पनि गर्न गरेको देखिन्छ । केही मात्रामा गाउँबाट बाहिरीएका पुरुषहरुले अन्तर जातिय विवाह र टाढाका व्यक्तिहरुसँग बैवाहिक सम्बन्ध गाँस्ने गरेका छन् । यस जातिमा मुख्य रुपमा मागी विवाहको प्रचलन रहेको भएता पनि हाल आपसी मायालाई मागी विवाहमा परिणत गर्ने गरेको पाइन्छ ।

### ४.१.५ विवाह

विवाह संस्कार हिन्दू समाजमा महत्वपूर्ण संस्कार मानिन्छ । यही संस्कारबाट मानिसको यथार्थ जीवनयापनको रूपमा सुरू हुन्छ । हिन्दू धार्मिक परम्परा अनुसार विवाह संस्कारले स्त्री र पुरूषको मिलनमात्र नभई यो धार्मिक मान्यतामा आधारित भई गरिने संस्कार हो । हिन्दू समाजमा विवाह गरी आफ्नो वंशलाई जोगाउन छोरा जन्माउनु अनिवार्य मानिन्छ । यदि पुत्र नभएमा कुनै पापवाट मुक्त हुन अप्ठ्यारो पर्दछ भन्ने मान्यता छ ।

यहाँ बसोबास गर्ने दमाई जातिको विवाह हिन्दु रिती अनुसार नै सम्पन्न गरिन्छ । यिनीहरूले आफ्नो जातीय कन्यासँग विवाह गर्ने चलन छ र अर्को गोत्र वा कुटुम्बसँग पनि विवाह गरिन्छ तर अन्य दलित जाति मान्छेसँग यिनीहरूको विवाह हुँदैन । यहाँका दमाई जातिको संस्कार बाहुन, क्षेत्री र अन्य जातिसँग मिल्नजाने भएकोले पनि यिनीहरूको विवाह संस्कार बाहुन क्षेत्रीको जस्तै किसिमले हुन्छ । विवाह गर्ने क्रममा सबभन्दा पहिला केटा पक्षले केटी पक्ष कहाँ केटी माग्न जान्छन् । केटी पक्ष यदि दिन मञ्जुर भएमा विश्वासको लागि ठेकी लगाउने प्रचलन रहेको छ । ठेकी लगाउने कार्य दमाई जातिको विवाहको लागि

गरिने अति संवेदनशील कार्य हो । ठेकी लगाउँदा केटा पक्षले केटी पक्ष कहाँ रक्सी, कुखुराको मासु आदि लगेर दिनु पर्दछ । यसरी ठेकीको समान स्वीकार गरिसकेपछि विवाहको टुङ्गोलागि सकेको मानिन्छ र विवाह कार्य सुरू हुन्छ । दमाई जातिमा ठेकी लगाएकी केटी अन्यत्र पोइल गएमा केटाले जारी लिन पाउँदछ भने केटी विवाह नगरे केटालाई सामाजिक बहिस्कार पनि गर्ने परम्परा रहेको छ । यसरी ठेकी प्रथाले केटा केटीलाई बैवाहिक बन्धनमा बाँधी आफ्नो समय मिलाएर साइत जुराएर विवाह गर्ने प्रचलन छ ।

विवाह कार्य गर्ने लगनको दिन दुलाहाको घरबाट दुलही लिन केटीको घरमा केटा पक्ष बाजागाजा सहित जन्ती जाने गर्दछन् । बेहुली पक्षले बहुला र जन्तीलाई पर्सिने र बुहुलीका बाबुले बेहुलालाई बरणी गरे पछि बनाइएको विवाह मण्डपमा आसन गराई पुजाआज गरेर दुलही निकाल्ने कार्य गरिन्छ । दुलहा दुलहीलाई जग्गे परिक्रमा गराई गोडा धुने कार्य गर्नका साथै कन्यादान दिने, सुपारी खेल्ने, जुठो खुवाउने, सिन्दुर हाल्ने जस्ता कार्य विवाह विधिमा आधारित भई गर्ने गरेको पाइयो । जुठो खुवाउँदा दुलाहले दुलहीलाई केही रूपैयाँ पैसा दिने प्रचलन यो जातिमा पनि रहेको पाइयो । साथै दुलाहले दुलहीलाई कपडा, गहना दिने प्रचलन छ भने दुलही पक्षले आफूले सक्दो दक्षिणा र सरसामान दिने प्रचलन पनि रहेको पाइयो । यि कार्य सिद्धिएपछि दुलहीको बुवा, दाई, मामा वा नजिकको पुरुष आफन्तले दुलहा दुलहीलाई पिठ्युमा बोकेर विवाह मण्डप तीन पल्ट परिक्रमा गराई  डोलीमा राखेर या पिठ्युमा नै बोकेर मूल बाटो सम्म पुऱ्याई बिदाई गर्ने चलन रहेको पाइयो । दुलाहा दुलही अन्माउँदा टिका दक्षिणा गरी दही खुवाउने पनि गरिन्छ ।

विवाह संस्कार नभई नहुने एक महत्वपूर्ण संस्कारको रूपमा लिइन्छ । यिनीहरूको विचारमा यो संस्कार पछि मानिस यर्याथ जीवनको सुरूवात हुन आउँदछन् । धार्मिक मान्यताको साथ यो एक पुरूष र स्त्री दुवैको मिलनको रूपमा लिइन्छ । यिनीहरूको विवाह संस्कार धार्मिक मान्यता अनुसार ठेकी लगाउने परम्परालाई निकै जटिल र संवेदनशील परम्परा मान्दछन् । किनकी ठेकी लगाएकी केटी अन्यत्र पोइल गएमा केटाले जारी लिन पाउने र केटी विवाह नगरे केटालाई सामाजिक बहिस्कार गरिने प्रचलन रहेको छ । केही उत्तरदाताले ठेकी लगाउँदा अनावश्यक खर्च हुने भएकोले केटा र केटीको सहमतिमा हुनुपर्दछ भन्ने मान्यता राखेका छन् ।

दमाई जातिमा पनि अन्य विवाहहरू जस्तै मागी विवाह, प्रेम विवाह, जारी विवाह, चोरी विवाह, अन्तरजातीय विवाह संस्कार सम्पन्न गरेको पाइन्छ । मागी विवाहमा केटा केटीको आमा बुवा मार्फत आफ्नो छोरा छोरीलाई योग्य जोडी खोजेको पाइन्छ । यो कार्यमा आफ्ना इष्टमित्र र नातेदारको पनि ठूलो भूमिका रहेको पाइन्छ । एउटै गोत्रमा यी जातिले विवाह गर्दैनन् । यो समुदायमा विवाहको ३ रात वा १६ रातपछि दुलाहा दुलही दुरान फर्काउन माइत वा ससुराली जाने प्रचलन रहेको पाइन्छ । यसरी विवाह संस्कार सम्पन्न गर्ने गरेको पाइन्छ । प्रेम विवाहमा केटा केटीको मञ्जुरीले गरिने विवाह भएकोले यसमा घर परिवारको सहमती कम भएको पाइन्छ । जारी विवाह फकाई, फुलाई र सम्झाईमा भर पर्ने भएकाले पूर्ण रूपमा केटीका तर्फ केन्द्रीत रहन्छ । फकाउने कार्य समान्यतया केटीहरूलाई नै गरिन्छ । जारी विवाहमा केटीलाई श्रीमानको चित्त नबुझेमा, लोग्ने मरेर विधुवा भएका महिलाहरू, लोग्ने स्वास्नी बीच झै झगडा भएका दम्पत्तीहरू, श्रीमती मरेर वा पोइल गएपछि एक्लै भएका पुरूषहरूसँग हुने विवाह हो । यो विवाहमा मध्यस्तकर्ताको भूमिका महत्वपूर्ण रहन्छ । चोरी विवाह केटाले केटीलाई जबर्जस्ती उठाएर आफ्नो घरमा लैजान्छ र श्रीमती बनाउँदछ । सामान्यतया घाँसपात मेलापर्व तथा जात्रा आदिबाट केटीलाई उठाउँछन् । यो विवाह भए पनि पछि प्रेम विवाहको जस्तो ३ दिनमा माइतीकहाँ थाहा दिन जाने जसलाई सोधनी भनिन्छ । उनीहरूकै भाषामा माग्न जाने, ढोग्वेट दिने, जन्ती बोलाउने त्यस्तै आदि प्रक्रियाबाट विवाह पूरा गरिन्छ । यस्तो विवाह महिलाको स्वीकृति बिना वा चाहना बिना नै विवाहको प्रकृयामा लगिन्छ । यस्तो विवाहबाट सन्तुष्ट हुन नसके महिलाहरू पुनः अर्को विवाह गर्दछन् ।

अन्तरजातीय विवाहलाई प्रेम विवाहको उत्कृष्ट नमूनाको रूपमा लिइन्छ । दमाई समाजमा दमाई जातिको पुरूषले अरू जातिको महिलासँग र दमाई महिलाले अरूजातिको पुरूषसँग गरिएको विवाहलाई यस प्रसङ्गमा अन्तरजातीय विवाह भनिएको छ । कतिपय दमाई पुरूषले मगर, क्षेत्री, नेवार जातिका स्त्रीसँग विवाह गर्ने गरेका छन् । भने कतिपय दमाई महिलाले राई, तामाङ्ग, नेवार, सुनुवार त्यस्तै अन्य जातिसँग विवाह गरेका छन् । यो समाजमा केटाकेटीलाई सामान्यतया आफ्नो जीवनसाथी चयन गर्ने स्वतन्त्रता हुन्छ । गल्तीले असल जीवनसाथीको चयन हुन नसकेमा जीवनभर पछुताएर बस्नुपर्ने अवस्था छैन । केटीले विवाह गरेको केटा असल नभएको खण्डमा उसले मनपरेको मिल्दो केटा खोजी विवाह गर्न सक्दछन् । एकल महिला विवाहलाई पनि यस जातिको सकारात्मक पक्षको रूपमा लिन

सकिन्छ । श्रीमान्को मृत्यु भएकी एकल महिलाले चाहेमा अर्को जीवनसाथी रोजेर विवाह गर्ने चलन छ । पोइल लाग्ने र आफ्नी स्वास्नी जोसँग पोइल गएकी छ उसँग जारी खर्च लिन पाउँदछ । जारले माग गरे बमोजिमको खर्च तिर्नु पर्दछ । यसरी विवाहका विभिन्न तौर तरिकाबाट विवाह सम्पन्न हुने गर्दछन । विवाह पछि श्रीमान् र श्रीमती बीच मनमुटाव, झै झगडा, बेमेल तथा असमाञ्जस्यपूर्ण व्यवहार भई एक अर्का प्रति असन्तुष्ट भएमा पारपाचुके समेत हुने गरेको पाइयो । यसलाई पनि यस समुदायले मान्यता दिएको पाइन्छ । यद्यपि असन्तुष्ट दम्पतिलाई समाजका मान्यगुण्य, बुद्धिजिविले सम्झाई बुझाई मिलाएर राख्ने प्रयास गरेको पनि पाइयो । समग्रमा अध्ययन क्षेत्रका दमाई जातिहरुको विवाह संस्कार बाहुन, क्षेत्री समुदायसँग मिल्न गएको देखिए पनि भोज भतेरका क्रममा खुल्लम-खुला जाँड रक्सीको प्रयोग गर्ने गरेको पाइयो र बाहुन क्षेत्री समुदायमा मासुमा राँगा सुगुर बर्जित हुन्छन् तर दमाई समुदायका भोजमा भने राँगा सुगुरलाई नै प्रमुख मांश तत्वका रुपमा प्रयोग गरेको भेटियो । तथापि क्षेत्री बाहुन समुदायका मानिसहरुलाई विवाहमा निम्त्याउँदा उनीहरुका लागि छुट्टै र विशेष प्रकारको भोजको व्यवस्था समेत गर्ने गरेको पाइयो । यसरी यस क्षेत्रका दमाई समुदायको विवाह संस्कार पारम्पारिक तथा सामाजिक सहिष्णु तवरले सम्पन्न हुने गरेको भेटियो ।

### ४.१.६ स्वास्थ्य स्थिति

अध्ययन क्षेत्रमा बसोबास गर्न दमाई जातिहरूको सामुदायीक, पारिवाकि तथा व्यक्तिगत स्वास्थ्य स्थितिको स्थलगत अवलोकन विधिद्धारा अध्ययन गर्दा उनीहरुले दैनिक रुपमा गरिने व्यक्तिगत सरसफाईमा सचेतना समेत रही व्यहारिक रुपमा लागु गर्ने गरेको पाइयो वाटरशील ट्वाईलेटको प्रयोग गर्ने, खाना खानु अगाडि साबुन पानीले हात धुने, नियमित रुपमा नङ् काट्ने, नुवाईधुवाई लगाएतका गतिविति गरी आफूलाई स्वस्थ राख्ने प्रयत्न गरेका पाइयो । सर्ने रोगहरुबाट बच्नका लागि पनि यस क्षेत्रका दमाई जातिहरु सचेत रहेको देखिन्छ । उनीहरुलाई स्वस्थ रहन के के गर्नु पर्ला भनेर सोध्दा दैनिक रुपमा गरिने सरसफाईमा सचेत रहनु पर्ने कुरा बताएका छन् ।

### ४.१.६.१ जन्मदर

जन्मदर भन्नाले कुनै निश्चित क्षेत्र भित्र एक बर्ष भित्रमा जन्मिएका शिशुहरुको सङ्ख्यालाई त्यहाँको कुल जनसङ्ख्याले भाग गरी १०० ले गुणान गर्दा आउने फल नै जन्मदर हुन्छ। जनसङ्ख्या वृद्धिका कारणहरु मध्ये पहिलो र प्रमुख कारण नै जन्म हो। जन्मले कुनै पनि क्षेत्रको जनसङ्ख्या वृद्धि गराउँदछ र मुत्युले जनसङ्ख्या घट्दछ। आप्रवासले जनसङ्ख्या वृद्धि हुन्छ र उत्प्रवासले जनसङ्ख्या घट्दछ। मानिस जन्मँदा खाने मुख मात्र लिएर जन्मदैन काम गर्न हातहरु पनि लिएर जन्मन्छ भनी काल माक्सले भनेका छन् भने माल्थस भन्छन स्रोत र साधन लिएर मानिस जन्मदैन। उच्च जन्मदर हुदाँ सिमित स्रोत र साधनले यस जनसङ्ख्यालाई धान्न नसकेको स्थिति जनसङ्ख्या विष्फोटनको अवस्था हो। जनसङ्ख्या वृद्धिदर उच्च हुदाँ स्वास्थ्य स्थितिमा हानी हुन सक्ने सम्भावना पनि त्यतिकै मात्रमा रहन्छ। सन्तुलित भोजनको अभाव तथा पौष्टिक आहाराको कमिले हुन सक्ने सुकेनास, कुपोषण, रुन्चे तथा गलगाण जस्ता रोगहरुको शिकार बालबालिका तथा वयष्कहरु हुने गर्दछन्। त्यसैले स्रोत र साधनले धान्ने गरी जन्मदर कायम राख्न मानिसमा सचेतना साथै परिवार नियोजन सम्बन्धी ज्ञान र सामाग्रीहरुको उपलब्धता समेत हुन आवश्यक देखिन्छ। स्वस्थ्य जन्म र पौष्टिक आहार बिहार मानव स्वस्थ्यका परिसुचकहरु हुन्। महिलाले जति बढी बच्चालाई जन्म दियो त्यति नै महिलाको स्वास्थ्यमा प्रतिकूल प्रभाव पर्ने साथै यसले गर्दा परिवारका अन्य सदस्यहरूमा पनि अप्रत्यक्ष रूपमा प्रभाव पारेको हुन्छ। पहिला पहिला शिक्षाको कमीले भनौं या अन्धविश्वासको कारण गर्दा भनौ मानिसहरुले सानै उमेरमा विवाह गरी बच्चा जन्माउने र उमेर नै नपुगी धेरै छोरा छोरी जन्माउने गर्दथें जसले गर्दा आमा र बच्चा दुबैको स्वास्थ्य बिग्रिन गई मुत्यु समेत हुन्थ्यो भने वर्तमान परिप्रेक्षयलाई निहाल्दा मानिस सचेत भई जन्मदर नियन्त्रण गर्न अभियानमा नियोजनका साधनहरु प्रयोग गर्न गरेको पाइन्छ।

यस सन्दर्भमा ओखलढुङ्गा जिल्ला मोलुङ् गाउँपालिका वार्ड नं. २ मा बसोबास गर्न मानिसहरुमा धेरै जसो पुरुषले नै स्थायी बन्धाकरण गरेको पाइन्छ। यदाकदा पूरुषले स्थायी नियोजन नअपनाएकोमा महिलाहरुले अस्थायी साधन प्रयोग गर्न गरेको पाइन्छ। यस क्षेत्रका दमाई समुदायमा पनि यस सम्बन्धी चेतना अन्य जाति सरह रहेको देखिन्छ। सानो परिवार सुखी परिवार भन्ने धारण यिनीहरुमा पनि रहेको पाइन्छ। बच्चा जन्माउँदा उपलब्ध

गराउने सकिने विभिन्न किसिमका सुविधा पनि स्वास्थ्य सम्बन्धित सुचक हो। यहाँका अधिक महिलाहरु बच्चा जन्माउन स्वास्थ्य चौकी वा अस्पतालमा नै गएको पाइन्छ। तर केहीले भने तालिम प्राप्त स्वास्थ्य कर्मीको सहयोगले घरैमा बच्चा जन्माउने गरेको पाइन्छ। यसो हुदाँ शिशु मृत्युदरको स्थिति एकदम न्यून रहेको छ। तर यदाकदा गर्वपतन हुने अवस्था चाहिँ पूर्ण रुपमा निर्मुल नभएको तथ्य फेला परेको छ। यस प्रसंगमा रोचक कुरा चाहिँ के छ भने शिशु जन्मिएको ३५ दिन भित्रमा नै यस क्षेत्रका दलित हरुले जन्मदर्ता गराउनुमा सरकारद्धारा वितरण गरिने पौष्टिक आहार कार्यक्रम नै कारण रहेको बुझिएको छ। यसमा दमाई जातिका बालबालिकाहरुको जन्मदर्ताको अभिलेख हेर्दा ९५ प्रतिशतले ३५ दिन भित्रमा नै पंञ्जिकरण गर्ने गरेको पाइन्छ। (मोलुङ् गाउँपालिका वार्ड नं. २ को पंञ्जिकाधिकरण अभिलेख) २०७५ सालमा जन्मदर्ता गरेको रेकर्ड अनुसार ८ जना र २०७६ सालको पुस महिना सम्मको अभिलेख अनुसार १० जना भई सकेको देखिएको छ।

### ४.१.६.२ पौष्टिक आहार, अस्पताल र औषधी उपचार

मानिसलाई स्वास्थ्य रहनको लागि पौष्टिक आहारको ठूलो महत्व रहेको हुन्छ। दमाईहरूको परम्परागत पेशा लुगा सिलाउने, बाजा बजाउने भएकोले कतिपय दमाई जातिले यही पेशा अपनाउने गर्दछन्। साथै थोरै भएपनि कुखुरा बाखा, सुगुर जस्ता पशुपंक्षीहरू पालिएको पाइयो। जसबाट उनीहरूले फुल, मासु जस्ता परिकारहरू खाने गर्दछन्। यसबाट पौष्टिक आहार प्राप्त हुन्छ। यहाँका मानिसहरू विभिन्न किसिमका फलफूलहरू पनि केही मात्रामा खाने गरेको गरेको पाइन्छ। यहाँका मानिसहरूको प्रमुख खाना दालभात, तरकारी, ढिडो, रोटी, दुध, दहि, घ्यू  हो र उनीहरु यही कुराहरु खाएर पनि पौष्टिक तत्व प्राप्त गर्दछन्।

यहाँ बसोबास गर्ने दमाई समुदायका मानिसहरूले प्रत्यक्ष रुपमा उपभोग गर्न सक्ने स्वास्थ्य केन्द्र भनेको ओखलढुङ्गा जिल्ला मोलुङ् गाउँपालिका वार्ड नं. २, रामपुर स्थित रहेको इलाका स्वास्थ्य चौकी नै पहिलो गन्तव्य बनेको छ। यसै गरी सिद्धीचरण नगरपालिकामा रहेको युनाईटेड मिसन अस्पताल ओखलढुङ्गा कै ठूलो अस्पताल हो। यस अस्पतालमा मोलुङ् २ पूर्वी भाग (टेकान्पुर, ढुस्के, लामिडाँडा, तोरीसुवारा) र मोलुङ् १ का मानिसहरुको पनि उपचारको गन्तव्य स्थल हो। यहाँ उपचार हुन नसक्ने बिरामीहरु उपचारको निम्ति काठमाडौं, बिराटनगर र लहान जस्ता क्षेत्रमा जाने गरेको पाइन्छ।

## तालिका नं. ६

**उत्तरदाताका आधारमा धामी-झाक्री नभए डाक्टरकहाँ जाने सिँधै डाक्टर कहाँ जाने परिवार**

| विवरण | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|
| सिधै डाक्टर कहाँ (अस्पतालमा) | ३० | ८५.७१ |
| धामीझाँक्री लगाएर नभए डाक्टरकहाँ | २ | ५.७१ |
| प्रार्थना | ३ | ८.५७ |
| वैद्य | - | - |
| जम्मा | ३५ | १०० |

**श्रोतः स्थलगत भ्रमण २०७६**

शोधका लागि छनौट गरिएका ३५ घरधुरी मध्ये ३ घरधुरी ख्रीष्टियान परिवार पनि भेटीएका छन्। उनीहरुले पहिलो प्राथमिकता अस्पताल र औषधीलाई भन्दा परमेश्वरसँगको प्रार्थनालाई प्राथमिकतामा राखेको पाइन्छ। र दोस्रो तहमा मात्रै उनीहरु अस्पताल गएको पाइयो। त्यस मध्ये २ परिवार हिन्दु समुदाय कै भएपनि सुरुमा अस्पताल नगएर धामीझाँक्रीलाई नै देखाउने गरेको पाइयो भने अन्य बाँकी सबै दमाई समुदायहरु अस्पताल र औषधीमा नै निर्भर रहेको देखिन्छ। यस अध्ययनमा ८.५७ प्रतिशशत मानिसको आस्थाको केन्द्र अलग देखिन्छ। जसले येशुमा विश्वास गर्ने गरेका छन्। बिरामी हदाँ पहिला पटक येशु ख्रीष्टमा नै प्रार्थना गर्ने गर्छन्। जस मध्ये २ परिवार यानकी ५.७१ प्रतिशत धामीझाँक्रीलाई पहिलो स्थान दिने गरेका छन् भने प्रस्तुत अध्ययनमा ३० परिवार यानकी ८५.७१ प्रतिशतले धामीझाक्री र देवीदेवताको विश्वास भन्दा अस्पताल र औषधीमा नै निर्भर भई उपचार गराउने गरेको पाइयो। यस अध्ययनमा धेरै मानिसहरुको सोच आधुनिकता तर्फ उन्मुख भएको पाइन्छ।

### ४.१.७. दमाई महिलाहरूको सामाजिक स्थिति

वर्तमान समयमा नेपालमा विद्यामान सबै ऐन कानुनहरूले महिला र पुरूषहरूलाई समान अधिकार प्रदान गरेको पाइन्छ। त्यति मात्र नभई महिलाहरुको उत्थान र सामाजिक, राजनैतिक, प्रशासनिक क्षेत्रमा पहुँच पुऱ्याउने उदेश्यले ३३ प्रतिशत आरक्षण सीटको समेत व्यवस्था संबैधानिक रुपमा भएको छ। तर नेपालका अधिकांश महिलाहरूलाई आफ्नो

अधिकारको विषयमा ज्ञान छैन। पिछडिएका जातिहरूमा त यो अज्ञानता झन् बढी देखिन्छ। समग्रह रुपमा महिलाहरूको स्तर राम्रो देखिए तापनि दलित तथा दमाई जस्ता पिछडिएका जातिमा महिलाहरूको सामाजिक अवस्था त्यति राम्रो छैन। यस अध्ययनका क्रममा प्राप्त विभिन्न संख्यात्मक तथा गुणात्मक तथ्याङ्कहरूलाई विश्लेषण गर्ने प्रयास गरिएको छ। दमाई समाजमा बाल-बालिकाहरूको जन्मप्रति नकारात्मक विचार देखिँदैन। छोरा छोरी दुबैलाई समान दृष्टिकोणले हेर्न यस क्षेत्रका समस्त दमाई समुदायका महिलाहरु छोरा र छोरी बीचको विभेद रहित समाज निर्माणमा अग्रसर देखिन्छन्। छोरा र छोरीलाई समान रुपले हेरिएको छ भन्ने प्रमाण यसरी भेट्न सकिन्छ कि उनीहरुले छोरा र छोरीलाई दिइने काम शिक्षाको अवसर मुल्य मान्यता विश्वास र अभिप्रायमा भिन्नता देखिदैन। दमाई समाजमा एकल परिवारको बाहुल्यता पाइन्छ। यहाँको दमाई समाजमा ७४.२८ प्रतिशत एकल परिवार रहेका छन् भने एकल परिवारका महिलाहरुले स्वतन्त्रताको महसुस गरेको अनुभति हुन्छ। परिवारका अन्य सदस्य जस्तै सासु, ससुरा, जेठाजु, जेठानी को नियन्त्रणमा बस्नु पर्ने भएकोले पनि संयुक्त परिवार भन्दा एकल परिवार नै रुचाएको देखिन्छ। मोलुङ् गाउँपालिका वार्ड नं. २ मा बस्ने दमाई जातिमा शैक्षिक अवस्था केही परिवारहरूको राम्रो भएपनि समग्रमा अरू जातिभन्दा पछाडी नै परेको देखिन्छ। नेपालको जम्मा साक्षरता प्रतिशत ६५.९ रहेको अवस्थामा पुरूषको साक्षरता प्रतिशत ७१.६ प्रतिशत र महिलाको साक्षरता प्रतिशत ४४.५ प्रतिशत रहेको सन्दर्भमा ओखलढुङ्गा जिल्ला मोलुङ् गाउँपालिका वार्ड नं. २ मा बसोबास गर्ने दमाई परिवारका महिलाहरुको शैक्षिक स्थितिलाई केलाउँदा जम्मा ७४ जना महिलाहरु मध्ये ३ जना पूर्वविद्यालय उमेर ६४ जना साक्षर र ७ जना निराक्षर रहेको पाइयो जुन पूर्वविद्यालय उमेर साक्षर र निराक्षर क्रमशः ४.०५४ प्रतिशत, ८६.४८ प्रतिशत र ९.४६ प्रतिशत रहेको पाइयो। विभिन्न कारणले शिक्षाको अवसर बाट वञ्चित भएका यि महिलाहरु समाजमा विभिन्न महिला समूह र संगठनमा आबद्ध रही आफ्नो अस्थितत्व सम्मानित साथ कायम गरी राखेको पाइयो। महिलाको शिक्षाको स्थिति सकारात्मक नै देखिने यस क्षेत्रमा सबै दमाई समुदायका महिलाहरु विकास निर्माणका काममा समेत अग्रसर रहेको देखिन्छ।

दमाई जातिका महिलाहरूले घरभित्रको कामलाई महत्व दिए पनि पुरुष र महिला दुबै मिलेर भान्छाका काम, सरसफाई, वस्तुभाउ लगाएत खेतीपातीका काम पनि गर्ने गर्दछन्। यसका साथै पुजाआजा गर्ने, मनोरञ्जनका समयमा नाचगान गर्ने आदि काम पनि दुबै मिलेर नै

गर्दछन् । दमाई समुदायमा परिवारको दैनिक कार्य संचालन गर्दा गरिने निणर्यहरू पनि महिलाको सहभागिताले पनि सामाजिक अवस्थाको ज्ञान गराउँदछ। यहाँका दमाई समुदायमा गरिने कामलाई मुख्य रूपमा तीन भागमा विभाजन गरी विश्लेषण गरिएको छ । घरभित्रको काम, घरबाहिरको काम र अत्यावश्यक तथा जरुरी काम रहेका छन् । पहिलो वर्गको काममा घरभित्रको कामहरू खाना पकाउने, पशु स्याहार गर्ने, पानी ल्याउने, छोराछोरीलाई विद्यालय पठाउन तयारी गर्ने, घर सरसफाई गर्ने जस्ता घरेलु काम अधिकांश महिलाहरुले गर्ने गरेको पाइएपनि केही मात्रामा पुरुषहरुले पनि महिलाहरूलाई सघाउने गरको पाइयो । दोस्रो वर्गका घर बाहिरका काम भन्नाले अक्सर पुरूषहरूको योगदान रहेको देखिन्छ। खेतीपातीका काम हाट बजारमा किनबेच तथा बेचबिखनका काम व्यसायिक रुपमा आयआर्जन गर्ने काम, टोल सुधार तथा समुदायको उन्नतिका लागि गरिने काम, छलफल, बैठकमा सहभागी हुने काम हुन् तथापि यि सबै कामहरुमा पुरुष या महिला जो सहभागी भएतापनि पारिवारिक सहमति भने हुने गरेको देखिन्छ । कतिपय परिवारमा एकल महिला वा प्रमुख अभिभावक महिला भएकाले महिला नै सहभागी हुने गर्दछन् । अध्ययन क्षेत्रमा रहेका उत्तरदाताहरु मध्ये केही पुरोहितको पनि काम गर्ने भएकाले यस कर्ममा पुरुष मात्र संलग्न भएको भेटिन्छ । तेस्रो वर्गको अत्यावश्यक तथा जरुरी काममा भौतिक रुपमा अक्सर पुरुष कै उपस्थिति महत्वपूर्ण मानिएता पनि बाध्यत्मक परिस्थिति तथा समय, सर्न्दभ र परिवेशका आधारमा महिला समेतको उपस्थिति रहेको पाइयो । अझ कतिपय अवस्थामा त निर्णयक भूमिकामा नै महिलाहरु रहने गरेको देखियो । जस्तैः- जग्गा किनबेच, बैङ्किङ् कारोबार तथा मलामि जाने काम आदि ।

यस स्थितिलाई अध्ययन गर्दा कुनै काम परम्परागत रुपमा महिलाले मात्र गर्ने र कुनै काम पुरुषले मात्रै गर्ने जस्ता प्रकृतिका देखिए तापनि महिलाहरुको सहभागीता पुरुषको आवश्यकतामा र पुरुषहरुको सहभागीता महिलाहरुको आवश्यकतामा समान रुपमा देखिन्छ । यद्यपि महिलाहरुको स्तर पुरुष समान रहेको पाइयो ।

### ४.१.८. दमाई जातिको अन्य जातिसँगको सम्बन्ध

मानिस सामाजिक प्राणी भएकोले मानिसलाई समाजमा भएका अन्य जातिसँगको सम्बन्ध आवश्यक पर्दछ । समाजमा सम्बन्ध बिना बाँच्नको लागि अप्ठ्यारो हुन्छ । प्रत्येक समाज एक अर्का जातिको पारस्परिक सहयोगद्वारा संचालित भइरहेको हुन्छ । त्यसैगरी यहाँका

दमाई जातिको पनि अन्य जातिसँग राम्रो र निकटको सम्बन्ध रहेको पाइन्छ । यहाँका दमाई जातिका एक बृद्धलाई तपाईको जातिसँग अरू जातिको कस्तो सम्बन्ध रहेको छ भन्दा उहाँले भन्नुभयोः अरू जातिका मानिस त हाम्रो लागि दाजुभाई सरह हनुहुन्छ' त्यसैबाट स्पष्ट हुन्छ कि यहाँका दमाई जातिको अन्य जातिसँगको सम्बन्ध सुमधुर पाइन्छ एक अर्का विनाको समाज पूर्ण समाज बन्न सक्दैन ।

यस क्षेत्रमा ब्राह्मण, क्षेत्री, तामाङ्ग, राई, लिम्बु, दलित रहेका छन् । यी जातिसँग यहाँका दमाई जातिको सम्बन्ध एक अर्कामा परिपूरक छन् । यहाँका दमाई जातिले यी विभिन्न जातिलाई सेवा गर्दै आएका छन् भने अन्य जातिले पनि यिनीहरूलाई सहयोग गरिनै राखेका छन् । यहाँका दमाई जातिले ब्राह्मण, क्षेत्रीलाई विष्ट मान्ने गर्दछन् । दमाई जातिले यहाँ बसोबास गर्ने यि जातिसँग आफूलाई आश्वयक परे अनुसार रुपयाँ पैसा र अन्नपात लिने गर्दछन् । यो ऋण कसैले काम गरिदिएर तिर्ने गर्दछन् भने कसैले ब्याज तिर्ने गर्दछन् । यस क्षेत्रका दमाई जातिको सामाजिक स्थिति अरू जातिको तुलनामा निम्न स्तरको देखिन्छ । यसलाई माथि उठाउनका लागि विकास र सुविधाहरूको आधार, चेतना र शिक्षाको उज्यालोबाट बञ्चित दमाई जातिलाई देश विकासको मूलप्रवाहमा ल्याउन सके उन्नत समाजको निर्माणमा पनि ठूलो टेवा पुग्न सक्ने देखिन्छ ।

यहाँका दमाई जातिको अन्य जातिहरुसगँको सम्बन्ध सम्बन्धी अध्ययन गर्दा निम्नि बुदाँहरुको आधारमा गरिएको छ ।

**क) सामाजिक तथा सांस्कृतिक सम्बन्ध :**

सृष्टि कै सर्वश्रेष्ठ प्राणीका रुपमा रहेको मानिस समाज भन्दा बाहिर कदाचित रहन सक्दैन । सृष्टिको आदिम कालदेखि नै सामूहिक रुपमा जीवन व्यथित गदै आएको मानिस कालक्रमिक समयको दौरानसँगै एक झुण्डबाट विभिन्न झुण्डहरुमा विभक्त हुन पुगे । भौगोलिक क्षेत्र विभाजन भयो, काम विभाजन भयो, भाषा र जीवनशैली फरक हुन थाले, यसै क्रममा बाठा टाठाहरुद्धारा विभिन्न खाले विभेदकारी सिद्धान्तहरु बनाइयो, तिनै सिद्धान्तका आडमा टेकेर धर्मग्रन्थहरु रचिए, एउटै मानिसको शरीरको विभिन्न भागहरुबाट मानिस सृष्टि भयो भनी बैद्धिक दर्शनले अर्थ्यायो र पैतालाबाट जन्मेको भनिएको शुद्र जाति सबैको सेवकका रुपमा स्थापित भयो । जुन जातिहरु हाल दलितका रुपमा परिचित छन् ।

परापूर्व समयदेखि नै हेपिदै र दमित हुदै आएको दलित भनिएको दमाई जाति आफू भन्दा उपल्लो वर्गका वा उच्च जात भनिएका जातिहरुको सेवा गर्दै आइरहेको छ। विवाह, व्रतबन्ध, चाडपर्व, कुलपूजा लगायत मरो-मारो, शुद्धयाई तथा बर्षन्ता जस्ता देव कार्य तथा पितृ कार्यमा लुगा सिलाएर या बाजा बजाएर सेवा गरिरहेका छन् । समाजमा दमाई जाति र अन्य जातिका बिच यस्ता चाड पर्वहरुले एक आपसमा फरक जातिहरुका बिच सद्भाव कायम गर्ने गरेको पाइन्छ। उत्तरदाताहरुले बताए अनुसार दशै तिहारमा हालिने पिङ् सबै जातिहरु मिलेर बनाइने चलन उहिले देखि नै छ, सँगै बनाउछौं र खेल्छौ भनी बताएका छन् । त्यति मात्रा होइन पूजा आजामा जागाराम बस्दा अन्य जातिका घरमा दमाई जाति पनि सहभागि हुने, गाउने, नाच्ने र कथा सुन्ने जस्ता कार्यहरु आदन प्रदानको रुपमा रहेको बताएका छन् । यहाँका सबै जातिले मानि आएका सबै चाड पर्व बाहेक धर्मकर्मका र तीर्थ व्रतका कुराहरु पनि समान रुपले परिपालन गरेको पाइयो । जस्तैः पुरुषोत्तमको व्रत, श्रावण महिनाको व्रत, तीज, कृष्ण अष्टमी, अदुःखनवमी, ऋषिपञ्चमी, आदि जस्ता सांस्कृतिक पर्वहरु पनि क्षेत्री ब्राह्मण सरह स्थान दिने गरेको पाइयो । मृत घटनामा पनि एक अर्को जातिको मलामी जाने गरेको बताए तर अहिले सम्म दलित जातिलाई अरु जातिले मृत लास चाहिं छुन नदिने गरेको पाइयो । यी सबै विवरणका आधारमा अध्ययन तथा विश्लेण गर्दा यहाँ बसोबास गर्ने सबै जात जातिका बिच सद्भाव रहेको भेटियो र दमाई जाति पनि यहाँको समाजलाई गतिशिल बनाउनमा एक अभिन्न जातिका रुपमा, सामाजिक तथा सांस्कृतिक सद्भाव कायम गराउने जातिका रुपमा रहेको देखिन्छ ।

**ख) ऐँचो पैँचो सरसापटको व्यवहार :**

जसरी एउटा सिङ्गो रथ बन्न विभिन्न पार्ट पुर्जाहरुको महत्व हुन्छ, त्यसरी नै एउटा सवल, सक्षम, दर्विलो तथा स्वस्थ समाज निर्माण हुनका लागि समाज भित्रका जात जाति बिचको मेलमिलाप त्यति नै अपरिहार्य छ। यस क्षेत्रमा बसोबास गर्ने जात जातिका बिचमा पनि त्यस्तै दर्विलो सम्बन्ध रहेको देखिन्छ। अक्सर गरी दमाई जातिको भन्दा क्षेत्री ब्राह्मणहरुको आर्थिक स्थिति मजबुत भएकोले गर्दा पनि होला विगतमा खन्खाँचो, होचो-अघैंलीमा दमाई जातिहरुले आफूले मनले खाएका व्यक्ति कहाँ गएर ऐँचो पैँचो तथा सरसापट लिने गरेको र माग्दा निर्बाद रुपमा उनीहरुले पनि सहायता पाउने गरेको पाइयो । वर्तमान समयमा भने दमाई जातिले पनि परम्परागत कामहरुलाई परिवर्तन गरी अन्य जागिर व्यापार व्यवसाय

तथा बैदेशिक रोजगार तर्फ उन्मुख भई आर्थिक अवस्थालाई सुदृढ गरेका कारण उनीहरु पनि खरखाँचोमा ब्राह्मण क्षेत्री तथा अन्य जात जातिका मानिसहरुलाई सरसहयोग गर्ने गरेको भेटियो । कतिपय अझै निम्नि स्तर मै रहेका दमाईहरुले भने लिएको ऐँचो पैँचो सरसापट बापतको रुपयाँ पैसा तथा अन्नपात काम गरि दिएर तिर्न गरेको पनि भेटियो ।

यसरी हेर्दा यहाँका जात जाति बिचको सद्भावले सदिउँ सम्म नै यहाँका मानिसहरु बिचको सम्बन्ध प्रगाढ रुपमा रहिरहन्छ भन्ने कुरा स्पष्ट छ ।

**ग) आर्थिक तथा व्यापारिक कारोबार :**

यस अध्ययन क्षेत्रमा बसोबास गर्ने दमाई जातिको क्षेत्री ब्राह्मण र अन्य जात जातिका मानिसहरुसँग आर्थिक कारोबार तथा व्यापारिक कारोबार हुदाँ कुनै पनि किसिमको विभेदकारी निति नभएको र एक अर्का जातिका बिच समान र स्पष्ट व्यवहार हुने गरेको पाइयो । दमाई जातिका मानिसहरुलाई मोटो रकमको आवश्यकता परेको खण्डमा ब्राह्मण क्षेत्रीसँग कर्जा लिने र गाउँमा चलेको कारोबार अनुसार व्याज तिर्ने र कतिपय अवस्थामा छोटो समयावधिको लागि लिदाँ सापटीको रुपमा पनि चलाउने गरेको पाइयो । आर्थिक रुपमा कतिपय दमाई परिवारले राम्रो उन्नति गरिसकेका र कतिको नियमित रुपमा राम्रो आम्दानी हुने हुदाँ क्षेत्री ब्राह्मण र अन्य जात जातिका मानिसहरुले पनि सापटी वा कर्जाको रुपमा लिने गरेको गरेको पाइयो । यस क्षेत्रमा बसोबास गर्ने मानिसहरुको यो व्यवहार देख्दा आर्थिक कारोबारको दृष्टिले पनि उनीहरुलाई एक अर्काका परिपूरकका रुपमा रहेको आभास दिलाउँदछ ।

घरघरायसी वस्तु तथा कृषि जन्य उत्पादनको खरिद तथा बिक्री विवतरण पनि यस क्षेत्रका दमाई जाति र अन्य जाति जातिका बीच दोहोरो कारोबारको रुपमा नै रहेको देखिन्छ । पशुपन्छीको खरिद तथा बिक्री विवतरण घर घरबाट नै अधिकांश रुपमा हुने भएता पनि यस क्षेत्रमा बिहिबारे हाट लाने भएकाले चामल, गँहु, कोदो, मकै, आलु, तोरीको तेल, ध्यू, तरकारी जन्य उत्पादन कुखुरा तथा सुगुरका पाठा पाठी भने बजारमा लगेर बिक्री विवतरण गर्ने र खरिद गर्ने गर्दछन् । सुँगुरका पाठा पाठी भने दलित र जनजाति समुदायका मानिसले गर्ने गर्छन् भने अन्य चीज सबै जात जातिमा बरोबर व्यवहार हुने गरेको छ । समग्रहमा यहाँका मानिसहरु बीच आर्थिक तथा व्यापारिक पक्षमा अनुन्याश्रित सम्बन्ध रहेको देखिन्छ ।

**घ) दैनिक कार्य व्यवहारको सम्बन्ध :**

सप्तरङ्गी फूलहरु एउटै बगैचामा फुलिरहे जस्तै ब्राह्मण, क्षेत्री, जनजातिका विभिन्न उपजातिहरु राई, मगर, तामाङ, सुनुवार, भूजेल त्यस्तै दलित दमाई, कामी र सार्की जस्ता फरक जातिले बसोबास गर्ने गरेको यस भूमिका मानिसहरुको दैनिक कार्यशैली घरायसी र कृषिजन्य नै रहन्छ। घरायसी भन्नाले भान्सा घर धन्दा, अन्नपानीको व्यवस्थापन तथा सरसफाई मुख्य रुपमा रहन्छन् भने, दैनिक कृषि जन्य व्यवहार भन्नाले बस्तु-भाउ, घाँस दाउरा हुन्छन् ।

दैनिक अन्नपानीको व्यवस्थापनमा अन्न कुटन-पिसानका लागि मिलमा लैजाने, पँधेराबाट पानी ल्याउने जस्ता काम मूलत; अन्य जात जातिसँग केही मात्रामा संसर्ग या समन्वय गर्नुपर्ने हुन्छ। सामूहिक रुपमा प्रयोग गर्ने पानीको धारा टोल अनुसार निर्माण गरिएकोले नजिक रहेका सबै जात जातिले एउटै धाराको प्रयोग गर्दछन्, तापनि भरेका पानीको गाग्री भट्ट दलित जातिलाई छुन चाहि वर्जित नै छ, यस कार्यले छुवाछुत प्रथाको पूर्णरुपमा अन्त्य नभइसकेको स्पष्ट हुन्छ। एउटै कुटानी, पिसानी, पेलानी मिलेको प्रयोग गरिन्छ, यसमा छोइ-छोइ र अछुतमको कुरा निस्कँदै निस्कँदै। त्यसै गरी घाँस दाउरा गर्दा आफ्नो खरबारी र व्यतिगत जङ्गल नहुनेहरुले सामुदायिक जङ्गलको नै प्रयोग गर्दछ्। उनीहरु प्रायः सबै मिलेर एकै चोटी जङ्गल जाने आउने गरेको भेटिन्छ। जङ्गलमा अप्ठेरो पर्दा आवश्यक सरसहयोग पनि हरेकका बिच हुने गर्दछ।

यसका अलावा मौसमी खेती पाती र गोडमेलका कुरामा समेत यहाँ सबै जात-जातिका बिच अर्म-पर्म र साथ सहयोगको व्यवहार हुने गरेको पाइन्छ। यसरी पानी छुइने कुरा भन्दा बाहेक भौतिक रुपमा उच्च जाति र दलित जातिका बीच छोइछिटो गर्ने चलन नरहेकाले पनि सबै जाति र समुदायका बिच सद्भाव र सहकार्य हुने भएको हुदाँ यहाँको सहिष्णु भाव बलियो रहेको स्पष्ट हुन्छ।

अध्ययन क्षेत्रमा बसोबास गर्ने दमाई जाति र अन्य जातिहरुका बीचमा अत्यन्त सुमधुर सम्बन्ध रहेको भेटियो। धर्म, संस्कृति, चाडपर्व, लोक अभिप्राय, सामाजिक सम्बन्ध, सरसापट, ऐंचोपैंचो, अर्थ, व्यापार तथा कामकाज र खेतीपाती जस्ता कार्यहरुमा सद्भावका साथ सहकार्य गरेको पाइयो तापनि छुवाछुत प्रथा पूर्ण रुपमा उन्मूलन नभईसकेको तथ्य

पानीको गाग्री छुन नपाउने र मृत लास छुन नपाउने जस्ता कार्यहरुले स्पष्ट बनाएको छ। जे होस् उपल्ला जातिले दमाई लगाएत दलित जातिलाई हेर्न दृष्टिकोण र गर्ने व्यवहारले जातिगत सम्बन्धमा पारस्पारिकता देखिन्छ।

## ४.२ आर्थिक अवस्था

यस अध्ययन क्षेत्रमा रहेका दमाई जातिको आर्थिक अवस्थालाई अध्ययन गर्दा तिनीहरुले अपनाउने पेसा, उनीहरुको आम्दानी, कृषि, भू-स्वामित्व, खेतीपाती, पशुपालन, पेसागत आम्दानीको व्यवहार, सम्पतिमा अधिकार, महिलाहरुको आर्थिक अवस्था वा पेवा आदिको बारेमा अध्ययन गरिएको छ।

कुनै पनि समाज र जातिको अध्ययन गर्दा त्यस समाजको आर्थिक तथा सामाजिक स्थितिलाई अध्ययन गरिनु पर्दछ। आर्थिक अवस्था सबल भएको मानिसहरू र कमजोर भएको मानिसहरूको ठूलो भिन्नता पाइन्छ। आर्थिक अवस्थाले नै समाजमा स्तर निर्धारण गर्ने भएकोले समाजमा बसेर आफ्ना सम्पूर्ण क्रियाकलाप पूरा गर्नका लागि आर्थिक तत्व नै आवश्यक पर्दछ। मानवीय आवश्यकता पूरा गर्नका लागि आर्थिक तत्व नै आवश्यक पर्दछ। मानवीय आवश्यकता पूरा गर्न मानिसहरू विभिन्न आर्थिक कृयाकलापमा संलग्न भएको पाइन्छ। त्यही पेशा तथा क्रियाकलापको माध्यमबाट नै आफ्नो परिवारको जीवन निर्वाह गर्दै आर्थिक अवस्था सुधार गर्दै गएको पाइन्छ र उक्त समाजको अध्ययन गर्दा त्यस समाजका मानिसहरूले आर्जन गरेको सम्पत्तिको स्रोत तथा यसको किसिमको विषयमा अध्ययन गर्नु पर्दछ। समाजमा बसेको विभिन्न जातजातिले आफ्नो आर्थिक अवस्थालाई मजबुत बनाउनको लागि आफ्नो पेशा गरिराखेका छन्। कसैले, जागिर, व्यापार, मजदुरी र कसैले आफ्नो परम्परागत पेशा गरेर जीवन निर्वाह गरिरहेका छन्। मोलुङ् गाउँपालिका वार्ड नं. २ मा बस्ने दमाई जातिहरुमा छनौटमा परेका ३५ घरधुरी मध्ये ९ घर परिवारले आफ्नो परम्परागत पेशा लुगा सिलाउने र पन्चे बाजा बजाउने गरेको पाइन्छ। अध्ययन क्षेत्रका दमाई जातिमा आर्थिक अवस्थाको अध्ययन गर्ने क्रममा उनीहरूले अपनाएको पेशा, भूमिको विवरण, वर्षदिनसम्म खान पुग्ने, नपुग्ने विवरण महिलाले काम गर्ने अवधि र किसिम, पैत्रिक सम्पत्तिमा महिलाहरूको अधिकार सम्बन्धी अवधारणा, महिलाहरूको पेवापात आदि अन्य आर्थिक क्रियाकलाप सहितको अध्ययन गरिएको छ। यिनीहरूको परम्परागत पेशाले जीवन धान्न धौःधौ पर्ने भएकोले अन्य पेशा पनि अवलम्बन गरेको पाइन्छ।

अध्ययन क्षेत्रका मानिसहरु को परम्परागत पेशा कृषि हो । त्यसैले यहाँका मानिसहरुको कृषि उत्पादन नै मुख्य आयस्रोत हो । नेपालबाट विदेश निर्यात गरिने करिब ७०% सरसमानहरू कृषिजन्य वा कृषि उत्पादनसँग सम्बन्धीत वस्तुहरू रहेका छन् । नेपालको अर्थतन्त्र पनि कृषिमा आधारित वा निर्भर रहेको पाइन्छ । यहाँका मानिसहरूको पनि प्रमुख पेशा कृषि नै हो । यहाँका ८०% भन्दा बढी मानिसहरू कृषि पेशामा संलग्न छन् भने बाँकी २०% मानिसहरू उद्योग, व्यापार, व्यावसाय, पेशा, निजामति वा गैर सरकारी पेशामा लागेका छन् । कृषि क्षेत्रअन्तर्गत यहाँका दमाई लगायत अन्य जाति नगदेबाली, पशुपालन र वागवानी आदि पेशा गर्दछन् ।

### ४.२.१. कृषि

अध्ययन क्षेत्रको सबै जमिन लगभग समथर रहेको छ र यहाँ सिंचाईको लागि झगरपूर र पोक्तिङ खोलाको पानी उपलब्ध भएकाले यस क्षेत्रका मानिसहरूले प्रायजसो आफ्ना खेत बारीमा विभिन्न किसिमका अन्नबाली, तरकारी खेती तथा नगदेवाली लगाएको पाइन्छ । यस ठाउँमा  धान, गहुँ र मकै मुख्य बालीको रुपमा लगाइन्छ । यहाँ हुने मुख्य अन्नबालीको रूपमा मकै, गहुँ, कोदो, धान, जौ, फापर, सरस्यू, मास लगायत अन्य खेतीहरू गर्ने गरिन्छ । नगदेबालीको रूपमा तोरी भटमास, सिमी वोडी,  केराउ, अदुवा, आलु, लसुन, प्याजलगायत विभिन्न किसिमका समयअनुसार तरकारी खेती लगाउने गरेको पाइन्छ । यसका साथै फलफूलहरूमा काफल, खुर्पानी, अम्बा, आँप, आरूवखडा, जुनार लब्सी, र अमिला जातका फलफूलहरू उत्पादन हुने गर्दछन् । जडीबुटीमा हर्रो, बर्रो, चिराइतो, झारमौरो, बिख्मा, बोझो, पाखान्बेद, ठूलोओखती जस्ता इत्यादि पाइन्छन् ।

यस अध्ययन क्षेत्रमा बस्ने मानिसहरूको मुख्य पेशा कृषिका अलवा जागिरमा समेत अधिकांश घरका मानिसहरु सरकारी तथा निजी जागिरमा समेत संलग्न रहनाका साथै यो क्षेत्र शहरीकरण हुदै गएका कारणले सदरमुकाम पछिको दोस्रो ठूलो व्यापारी क्षेत्र भएकाले यहाँका मानिसहरु  व्यापार व्यावसाय र प्रत्यक्ष नगद आर्जनका काममा समेत उत्भव रहेका छन् । कृषिमा आत्मनिर्भर रहने भएकाले पशुपालन व्यावसाय पनि अपनाएको पाइन्छ । पशुपालन व्यावसाय कृषिको एउटा महत्वपूर्ण पक्ष हो । यस व्यावसायबाट मानिसहरूले प्रयाप्त मात्रमा फाइदा लिएका छन् । जस्तो गाई, भैँसी, आदिबाट दुध, दही, मही, घ्यू, गोवरमल आदि र बाखा, कुखुरा, राँगा, सुंगुर आदिबाट मासु, मल आदि प्राप्त हुन्छ  ।

आर्थिक स्थिति सुधार गर्नका निम्ति पशुपालन व्यावसाय कृषकको लागि सजिलो पनि हुन्छ। किनकि पशुपालन र खेतीपाती दुवैकार्य एकअर्कोमा अनुन्यास्रित हुन्छन्। पशुहरूको लागि चाहिने दाना, पिठो, घाँस, सोत्तर खेतीबाट प्राप्त हुन्छ। त्यसै गरी खेतीको लागि अत्यावश्यक मानिने कम्पोष्ट मल पशुपालन व्यवासायवाट प्राप्त हुने गर्दछ।

### ४.२.२. पेसा

अध्ययन क्षेत्रमा बस्ने दमाई जातिहरुका मानिसहरु सम्पूर्ण नै कृषि पेशामा संलग्न रहेको पाइन्छ तर कृषिबाट सबैको जीविकोपार्जन संभव देखिदैन्। यसकारण कृषि पेसाका अलावा जीविकोपार्जन तथा आर्थिक रुपमा संकट मुक्त हुनका निम्ति अन्य पेसा तथा व्यवसायमा समेत संलग्न देखिन्छन्। यिनीहरूको मुख्य पेसाको रुपमा पम्परागत कृषि, लुगा सिलाई र पन्चे बाजा बजाउने पेसा भएको भएतापनि मजदुरी जागिर तथा सिकर्मी तथा डकर्मी आदि लाई सहायक पेसाको रूपमा अपनाएको पाइन्छ। प्रारम्भिक समयमा कतिपय दमाईहरूले आफ्नो "विष्ट" बाटनै जीवन गुजारा गरेका थिए तर परम्परागत शैलीको पेसालाई अंगाली राख्दा जीविकोपार्जनमा कठिनाई र शोषित शैलीको जीवनको महसुस गरी अन्य पेसा तर्फ दमाई जातिहरु उन्मुख भएको बुझिन्छ। यिनीहरूले ज्यालादारी कार्यलाई पनि आफ्नो पेसाको रूपमा लिएको पाइन्छ। जग्गा जमीन कम भएको र खेतीपातीको अवस्थाले ६ महिना सम्म खान नपुग्ने मानिसहरूले ज्यालादारी कार्यमा संलग्न भएको पाइन्छ। तलको तालिकाद्वारा यहाँका दमाई जातिको पेसालाई प्रष्ट पारिन्छ।

**तालिका नं. ७**

**दमाई जातिले अपनाइने विभिन्न पेसाहरू**

| प्रमुख पेसा | परिवार संख्या | प्रतिशत |
|---|---|---|
| परम्परागत पेसा लुगा सिलाउने | ९ | २५.७१ |
| कृषि | १५ | ४२.८५ |
| मजदुरी (सिकर्मी, डकर्मी) | ५ | १४.२८ |
| जागिर (निजी र सरकारी) | २ | ५.७१ |
| बैदेशिकमा रोजगारमा रहेका | ३ | ८.५७ |
| पुरोहित | १ | २.५८ |
| जम्मा | ३५ | १०० |

**श्रोतः स्थलगत भ्रमण २०७६**

माथिको तालिका नं. ७ अध्ययन क्षेत्रमा बसोबास गर्न दमाई जातिहरुले अपाईने पेशाको तथ्याङ्कीय विवरण हो। जसमा ३५ घर परिवार मध्ये परम्परात पेशा लुगा सिलाउने र बाजा बजाउने परिवार सङ्ख्या ९ रहेको छ, जुन २५.७१ प्रतिशत हुन आउँछ। त्यस्तै गरी कृषि पेसामा आबद्ध रहेका परिवार सङ्ख्या १५ रहेको छ, जुन ४२.८५ प्रतिशत हुन आउँछ। त्यसै गरी मजदुरी काम गरेर आफ्नो जीविका चलाउने परिवार सङ्ख्या ५ रहेको छ जुन १४.२८ प्रतिशत हुन आउँछ। त्यसै गरी जागिर (निजी र सरकारी) पेशा गर्ने परिवार सङ्ख्या २ रहेका छ, जुन ५.७१ प्रतिशत छ। यसरी बैदेशिकमा रोजगारमा रहेका परिवार सङ्ख्या ३ रहेको छ, जुन ८.५७ प्रतिशत हुन आउँछ। र पुरोहित काम गरेर आफ्नो जीविका चलाएको परिवार सङ्ख्या १ रहेको छ, जुन २.५८ प्रतिशत हुन आउँछ।

माथिको तथ्याङ्कको आधारमा दमाई जातिहरुको परम्परागत पेसामा देखिएको कम संलग्नताले आधुनिकीकरणको खोजि गरिरहेको, व्यापार, व्यवसाय र प्रविधिको आत्मसात् गर्नु पर्ने कुरा स्पस्ट हुन्छ। सिलाई जीवन रहे सम्म मानिसले उपभोग गर्ने कपडामा केन्द्रीत छ। तर उपभोक्ताको चाहाना मुताविक प्रविधिको प्रयोग जरुरी छ। सिलाई बाली भरुवा प्रथा बाट व्यापार तिर उन्मुख र पन्चे बाजा विष्टका कार्यमा बजाईने पद्धतिबाट आधुनिक पेसा तर्फ लाग्नु दमाई जातिको जीविकोपार्जनको लागि सरलीकृत बन्दै जानु हो। दमाई जातिले अपनाउने सिलाई पेसाले जातिय पेसाको अस्तित्व त कायम गर्छ नै तर अर्थोपार्जनको क्षेत्र कस्तो हुन्छ भन्ने कुरा महत्वपूर्ण हुन्छ। माथिको तालिकामा देखाइए अनुसार अति न्यून सङ्ख्यामा दमाई जातिहरुले सिलाई पेसा अपनाएको देखिन्छ। जीवन सरलीकरण गर्ने अर्थबाट हेर्दा उनीहरुले बैकल्पिक पेसा आत्मसात् गरेका छन्। मजदुरी ( सिकर्मी, डकर्मी), नोकरी, समाजसेवा जस्ता पेसाहरु अपानाएर दमाई जातिहरु आफ्नो जीविकोपार्जनलाई सहज बनाउन तर्फ लागेको देखिन्छ।

### ५.२.३. आम्दानी

मान्छे जीविकोपार्जका निम्ति विभिन्न पेसामा आबद्ध रही अर्थोपार्जन गर्दछन्, त्यही अर्थोपार्जनलाई आम्दानी भनिन्छ र संलग्न रहेको पेसालाई आम्दानीको स्रोत भनिन्छ। ओखलढुङ्गा जिल्ला मोलुङ् गाउँपालिका वार्ड नं. २ मा बसोबास गर्ने दमाई जातिहरु मध्येबाट उत्तरदाताको रुपमा छनोट गरिएका ३५ परिवारहरु मध्ये हरेकले अपनाउने पेसा फरक हुनुका अलावा कृषि पेसालाई सबैले अंगालेको पाइन्छ। यिनीहरुले अंगाल्ने गरेका पेसाबाट प्राप्त हुने आम्दानीको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका नं. ८**

**दमाई जातीको पेसागत आम्दानीको विवरण (नगद-मासिक रुपमा)**

| मासिक आम्दानी | परिवार संख्या | प्रतिशत |
|---|---|---|
| १००० भन्दा कम | - | - |
| १०००-३००० सम्म | १ | २.८५ |
| ३०००-५००० सम्म | ३ | ८.५७ |
| ५०००-७००० सम्म | ३ | ८.५७ |
| ७०००-१५००० सम्म | ११ | ३१.४२ |
| १५००० भन्दा माथि | १७ | ४८.५७ |
| जम्मा | ३५ | १०० |

**श्रोतः स्थलगत भ्रमण २०७६**

माथिको तालिका नं. ८ अध्ययन क्षेत्रमा बसोबास गर्ने दमाई जातिको पेशागत आम्दानीको तथ्याङ्कीय विवरण हो । यस क्षेत्रमा बसोबास गर्ने दमाई समाजका परिवारहरु मध्ये ३५ घर परिवारका उत्तरदाताहरुको नमुना सर्वेक्षणमा मासिक रुपमा १००० देखि ३००० रुपयाँ सम्मको आम्दानी हुने १ परिवार मात्र देखिन आएको छ, जुन कुल नमुना सर्वेक्षणको २.८५ प्रतिशत हो । त्यस्तै मासिक रुपमा ३००० देखि ५००० रुपयाँ सम्म आम्दानी हुने, ५००० देखि ७००० रुपयाँ सम्म आम्दानी हुने ७००० देखि १५००० रुपयाँ सम्म हुने र १५००० रुपयाँ भन्दा माथि मासिक रुपमा आम्दानी हुने परिवार सङ्ख्या र प्रतिशत क्रमशः ३, ८.५७ प्रतिशत, ३, ८.५७ प्रतिशत, ११, ३१.४२ प्रतिशत र १७ परिवार ४८.५७ प्रतिशत रहेको देखियो ।

प्रस्तुत तथ्याङ्कलाई हेर्दा निर्दिष्ट अध्ययन क्षेत्र भित्रका दमाई परिवारहरुको मासिक आम्दानी उनीहरुले गरेको कृषि पेसा भन्दा बाहेक अन्य पेसाबाट आम्दानी भएको भन्ने बुझिन्छ । यस क्षेत्रका दमाईहरुको आफ्नै जग्गा बारी नै नभएको भन्ने होइन तर एकाद् परिवार भन्दा बाहेक अधिकांशको कृषि जन्य उब्जनीबाट खाना नपुग्ने कुरा बुझिन आएको छ । कृषिबाट भएको उब्जनीले केही महिना धान्ने गरेको बाकी महिनाको लागि अन्य पेसा अपनाउने गरेको स्थिति छ । उत्तरदाताहरु मध्ये करिब पचास प्रतिशतले अरुको जग्गा बारी अदियाँ, ठेक्का तथा बन्धकीको रुपमा कमाउने गरेको पाइयो जसले गर्दा उनीहरुको

खानपानमा टेवा पुगेको देखिन्छ। यस भन्दा बाहेक सबै परिवारले विभिन्न किसिमका सिपका कामहरु गरी आयआर्जन गरेर जीविकोपार्जन गरिरहेको देखिन्छ। यसमा १००० रुपयाँ भन्दा तल कसैको पनि आम्दानी देखिदैन। सो भन्दा माथि र ३०००० सम्म मासिक रुपमा आम्दानी गर्ने गरेको पाइयो र मासिक आम्दानीबाट उनीहरुले २० देखि ५० प्रतिशत सम्म बचत गर्ने गरेको पनि बताएका छन्।

### ४.२.४. भू-स्वामित्व

अध्ययन क्षेत्रमा बसोबास गर्ने दमाई ३५ घरधुरी मध्ये अधिकांशको स्वमित्वमा रहेको भूमि न्यून छ। यिनीहरूको घरबास भने आफ्नो स्वामित्वको जमीनमा रहेको छ। खेतीयोग्य जमीन (बारी र खेत) निकै कम रहेको पाइन्छ। आफ्नो भू-स्वामित्व कम भएको कारण यहाँका दमाई जातिले अन्य धनी साहु-महाजनको जग्गा जमीन कमाएर खाएका छन्। भूमि अचल सम्पत्ती भएको हुनाले यसबाट पनि यिनीहरूको आर्थिक अवस्थाको अड्कल गर्न सकिन्छ। तलको तालिकाबाट यहाँका दमाई परिवारको भूमिको विवरण कति रहेको छ भन्ने सम्बन्धमा सर्वेक्षण गरिएको विवरण जसबाट प्राप्त तथ्याङ्क तलको तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका नं. ९**

**दमाई परिवारको भू-स्वामित्वको विवरण**

| क्र.स. | खेतको विवरण | परिवार सङ्ख्या | प्रतिशत | बारीको विवरण | परिवार सङ्ख्या | प्रतिशत |
|---|---|---|---|---|---|---|
| १. | १ रोपनी | ६ | १७.१४ | १ रोपनी | ९ | २५.७१ |
| २. | २ रोपनी | ५ | १४.२८ | २ रोपनी | ७ | २० |
| ३. | ३ रोपनी | १५ | ४२.८५ | ३ रोपनी | - | - |
| ४. | ४ रोपनी | ४ | ११.४२ | ४ रोपनी | - | - |
| ५. | ५ रोपनी र सो भन्दा माथि | ५ | १४.२८ | ५ रोपनी र सो भन्दा माथि | - | - |
| ६. | खेत नहुने | - | - | बारी नहुने | १९ | ५४.२८ |
| ७. | जम्मा | ३५ | १०० | जम्मा | ३५ | १०० |

**श्रोतः स्थलगत भ्रमण २०७६**

माथिको तालिका नं. ९ अध्ययन क्षेत्रमा बसोबास गर्न दमाई परिवारको भू-स्वामित्वको तथ्याङ्कीय विवरण हो। यस क्षेत्रमा बसोबास गर्ने ३५ दमाई घर परिवारका उत्तरदाताहरुको नमुना सर्वेक्षणमा १ रोपनी खेत हुने परिवार सङ्ख्या ६ रहेको छ, जुन १७.१४ प्रतिशत हुन आउँछ। त्यसै गरी २ रोपनी हुने, ३ रोपनी हुने, ४ रोपनी हुने र ५ रोपनी र सो भन्दा बढी खेत हुने परिवार सङ्ख्या र प्रतिशत क्रमशः ५ परिवार, १४.२८ प्रतिशत, १५ परिवार, ४२.८५ प्रतिशत, ४ परिवार, ११.४२ प्रतिशत र ५ परिवार, १४.२८ प्रतिशत रहेको देखियो। त्यस्तै गरी बारीको विवरण हेर्दा १ रोपनी बारी हुने परिवार सङ्ख्या ९ रहेको छ, जुन २५.७१ प्रतिशत हुन आउँछ। त्यसै गरी २ रोपनी हुने परिवार सङ्ख्या ७ रहेको छ, जुन २० प्रतिशत हुन आउँछ भने कत्ति पनि बारी नहुने घर परिवार सङ्ख्या १९ रहेको छ, जुन ५४.२८ प्रतिशत रहेको देखिन्छ।

माथिको तथ्याङ्क अनुसार सबै घर परिवारहरुको खेत रहेको तर बारी भने घर र करेसाबारी बाहेक खेती गर्नेका लागि नरहेको तथ्य देखिन्छ। उक्त विवरणको आधारमा १९ घर परिवार यानकी ५४.२८ प्रतिशतको खेती गर्ने बारी रहेको देखिदैन् तर खेत र कमाएको बारी भने रहेको कुरा उत्तरदाताहरुले बताएका छन्। यि परिवारमा रहेका पाल्तु जनवारको लागि खेतीबाट उब्जनी भएको घाँस, परालले पनि प्रर्याप्त नहुने भएकाले यसका लागि किन्नु पर्ने र जङ्गली घाँसको भर पर्नुपर्ने कुरा उत्तरदाताहरु बताउछन्।

### ४.२.५. खेतीपाती

अध्ययन क्षेत्रमा बसोबास गर्ने प्रायः सबै मानिसहरू कृषिमा नै निर्भर रहेका छन्। यो क्षेत्रका केही हदसम्म समतल परेको भू-भाग भएपनि यहाँका दमाई समुदायका परिवारहरूको पनि त्यही समथर भू-भागमा जग्गा रहेको पाइयो। यहाँको जमिन झगरपुर खोला र पोक्लिङ खोलाको पानीले सिंचित हुने हुदाँ उब्जनी राम्रो हुन्छ। अन्न खेतीमा मकै, कोदो, गहुँ, जौ, धान, फापर, भटमास, बोडी आदि उत्पादन हुन्छन्। तरकारी खेतीमा आलु, मुला, भान्टा, रामतोरीया, बन्दा, काउली, प्याज, लसुन हरियो सागपातहरू उत्पादन हुने गर्दछन्। वर्षा याममा विभिन्न किसिमका झाल प्रकारका तरकारीहरू उत्पादन हुने गर्दछन् जसमा चिचिन्डा, करेला, बरेला, लौका, फर्सी, स्किुस आदि उत्पादन हुने गर्दछन्। यहाँ अमिलो जातको फलफूलहरू जस्तै सुन्तला, निबुवा, कागती, ज्यामिर मुख्य रूपमा उत्पादन हुने गर्दछ। त्यसैगरी आँप, अम्वा, नासपाती लगायतका फलफूलहरू उत्पादन हुने गर्दछन्।

यहाँका सबै जातिका मानिसहरूले कृषिबाट आम्दानी राम्रो लिने गरेको पाइन्छ। तथापि यहाँका दमाईको खेतीपातीको तरिका परम्परागत नै छ। यहाँ हलो, कुटो, कोदालोको प्रयोग गरिन्छ। यहाँको सम्पूर्ण जमिनमा गोरू र हलोको प्रयोग दमाई समुदायले गरेको पाइन्छ। मकै, धान तथा कोदो र गहुँमा बस्तु-बाख्राको गोबर तथा जुत्तो प्रयोग गर्ने गरिन्छ यसका साथै रसायनिक मलको पनि प्रयोग गर्ने गरिन्छ। तर रसायनिक मलले भने माटोको गुणस्तर बिस्तारै बिगादै गएको बारेमा जानकार भएको तर पनि यसको अधिक प्रयोगले वातावरणमा प्रतिकुल असर पार्ने कुरामा अनविज्ञ रहेको पाइयो। खेतीपाती लगाउने र भित्राउने समयमा दमाई जातिमा महिला तथा पुरूषहरूले आफ्नो जग्गा जमीन धेरै नभएकोले अन्य जातिकोमा ज्यालादारी काम गर्ने गरेको पाइन्छ। यहाँका दमाई पुरूषले जोत्ने र महिलाले बाली लगाउने लगायतका काम गर्दछन्।

### ४.२.६. पशुपालन

खेतीपाती र पशुपालन एउटै सिक्काका दुई पाटाहरूको रूपमा लिन सकिन्छ। यि एक अर्कामा अन्तरसम्बन्ध रहेको पाइन्छ। खेतीपातीमा प्रयोग गरिने प्राङ्गारिक मल वा कम्पोष्ट मल पशुपालनबाट प्राप्त हुने र पशुहरूलाई आवश्यक पर्ने घाँसपात सोत्तर, पराल, पिठो, दाना खेतीबाट प्राप्त हुने भएकोले यिनीहरुको एक आपसमा अन्योन्याश्रीत सम्बन्ध रहेको पाइन्छ। यसकारणले गर्दा प्रत्येक कृषकको घरमा विभिन्न किसिमका पशुपक्षीहरू पाल्ने गरेको पाइन्छ। यसरी यि दुई व्यवसायहरू एक आपसमा अन्तरसम्बन्धित भएकोले पनि एक व्यवसाय गर्नेले अर्को व्यवसाय पनि अंगाल्दछन्। पशुहरू पनि आम्दानीका स्रोत हुन्छन्। दुहुना गाई भैसीबाट दुध, दहि, ध्यू, गोरूबाट जोत्ने काम, बाखा पाठा, कुखुराहरूका फुल तथा मासु प्राप्त हुने हुँदा सबै पशुधन नै हुन्। यी मध्ये सम्पन्न, दमाई परिवारले गाई, भैंसी, गोरू, बाखा, कुखुरा, सुगुर लगायत सबैजसो पशुपालन गर्दछन् भने विपन्न वर्गका मानिसहरू पनि बाखा तथा कुखुराहरू पाल्दछन्। कृषि तथा पशुपालनबाट पनि धन आर्जन गर्न सकिने भएकोले ग्रामीण क्षेत्रका निम्न वर्गका दमाई परिवारको भरपर्दो आय कुखुरा, फुल तथा बाखाको बेच बिखनबाट पनि आय आर्जन गर्ने गरेको पाइयो।

अध्ययन क्षेत्रमा बसोबास गर्ने दमाई समुदायले जातीय पेशा, तथा कृषि पेशा साथै अन्य पेशा अपनाउँदै आएका भएपनि पशुपक्षीहरू पनि पाल्ने गरेका छन्। ती पशुपक्षीहरू दुध तथा मासु मलको लागि साथै तिनीहरूलाई बेचबिखन गरी आम्दानी पनि आर्जन गरेको

पाइन्छ । यहाँका दमाई परिवारले पाल्ने गरेका पशुपक्षीको विवरण तालिकाद्वारा देखाइएको छ ।

**तालिका नं. १०**

**दमाई परिवारले पालेका पशुहरुको विवरण**

| क.स. | जनावरको विवरण | पाल्ने परिवार | जनावरको सङ्ख्या | जनावर पाल्ने परिवारको प्रतिशत |
|---|---|---|---|---|
| १. | गाई | ४ | ४ | ११.४२ |
| २. | गोरु | ६ | ८ | १७.१४ |
| ३. | भैसी | २० | २० | ५७.१४ |
| ४. | बाखा | ९ | ३१ | २५.७१ |
| ५. | सुँगुर | ११ | २४ | ३१.४२ |
| ६. | कुखुरा | १३ | १४ | ३७.१४ |
| ७. | नपाल्ने परिवार | ११ | - | ३१.४२ |

**श्रोतः स्थलगत भ्रमण २०७६**

माथिको तालिका नं. १० अध्ययन क्षेत्रमा बसोबास गर्न दमाई परिवारले पालेका पशुहरुको विवरण हो । दमाई समुदायमा गाई, भैसी, गोरु, बाखा, सुँगुर, कुखुरा जस्ता चौपाया र दोपाया पशुपन्छी पाल्ने गरेको पाइयो । ४ परिवारले गाई, ६ परिवारले गोरु, २० परिवारले भैसी, ९ परिवारले बाखा, ११ परिवारले सुँगुर, १३ परिवारले कुखुरा पालेका छन् । यसरी हेर्दा गाई पाल्ने परिवार ११.४२ प्रतिशत, गोरु पाल्ने परिवार १७.१४ प्रतिशत, भैसी पाल्ने परिवार ५७.१४ प्रतिशत, बाखा पाल्ने परिवार २५.७१ प्रतिशत, सुँगुर पाल्ने परिवार ३१.४२ प्रतिशत र कुखुरा पाल्ने परिवार ३७.१४ प्रतिशत हुन आउँछ ।

माथिको पशुपालन सम्बन्धी तथ्याङ्कलाई अध्ययन गर्दा सबै भन्दा बढी भैसी पाल्ने परिवार देखिन्छन् तर २० परिवारले जम्मा २० वटा मात्र भैसी पालेका छन् । र सबै भन्दा थोरै गाई पाल्ने परिवार चार रहेका छन् । एवं रितले उनीहरुले पालेका पशुपन्छी व्यापार, व्यवसाहिक दृष्टिकोणले नभई खेतीपातीका लागि मल र घरैमा खानको लागि दुध, दही, घिऊ र मासुको निम्ति मात्र हो भन्ने बुझिन्छ । गोरु पनि सबै परिवारले पालेको नभई ६ परिवारले मात्र

पालेको देखिन्छ, त्यसमा पनि एउटा मात्रै पालेर पाटे बाँधी खेती गर्ने गरेको र नपाल्ने हरुले दैनिक ज्याला तिरेर प्रयोग गर्ने गरेको देखिन्छ। यसै गरी कुखुरा सुँगुर, बाखा पालनको स्थितिलाई केलाउँदा अण्डा, मासु र मलको लागि मात्र हो भन्ने स्पष्ट हुन्छ। माथिको तथ्याङ्कलाई विश्लेषण गर्दा ११ घर परिवार यानेकी कुल नमुना सर्वेक्षणको ३१.४२ प्रतिशत घर परिवार देखिन्छन्। यी घर परिवारले कुनै पनि पशुपन्छी पालन नगर्नुको मुख्य कारण आफ्नो खेती गर्ने  जग्गा जमिन थोरै भएकाले उब्जनी पनि कम हुने हुदाँ पशुपक्षी पालनलाई धेरै महत्व नदिइएको र अलि अलि भएको जग्गामा पनि मलखाद किनेर प्रयोग गर्ने र कृषिलाई भन्दा बढी मजदुरीलाई र सिलाई व्यापारलाई दिएको देखिन्छ। यदि दमाईहरुले पशुपालनलाई व्यवासाहिक रुप दिने हो भने आर्थिक रुपमा विपन्न भएकाहरुलाई अर्थोपार्जन गरी जीविकोपार्जनको लागि टेवा पुग्न सक्दछ।

### ४.२.७ पेसागत आम्दानीको व्यवहार

यहाँका प्रायः सबैजसो दमाई समुदायका परिवारहरू कृषक भएकोले आम्दानीको स्रोतमा मुख्य स्रोत पनि कृषि हो। कृषि प्रमुख पेसा भए पनि यहाँको कृषि उत्पादनबाट हुने आम्दानीबाट गुजारा गर्न कठिन छ। यहाँ उर्रबर जमीन भएपनि सम्पूर्ण दमाई परिवारको बर्ष भरी खाना पुग्ने अन्नबाली आफ्नै जमिनबाट उत्पादन नभएको देखिन्छ। तथापि अधिकांश दमाई परिवार आफैद्धारा उत्पादित अन्नबालीमा भर पर्छन र केही परिवारमा बाँच्नका लागि अन्य पेसा अगाल्नु परेको अवस्था छ। प्रर्याप्त जमिन नहुनु नै उनीहरुका लागि अन्य पेसा अगाल्नु पर्ने कारण बनेको छ। यस अध्ययनको क्रममा उनीहरूको खेतीपाती र अँगाल्लीएको अन्य पेसाबाट उनीहरूलाई खान पुग्दछ की पुग्दैन, कति महिना खान पुग्दछ  र बचत हुन्छ कि हुदैन भनेर सर्वेक्षण गरिएको थियो। त्यसमा उत्तरदाताहरुले दिइएको उत्तरको आधारमा कति परिवारलाई खाना पुग्दैन, कतिलाई पुग्छ, कतिको बचत हुन्छ भन्ने पारिवारिक आँकडालाई तलको तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका नं. ११**

**कृषि पेसागत आम्दानीबाट हुने पारिवारिक जीविकोपार्जनको विवरण**

| क्र.स. | महिनाको विवरण | परिवार सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १. | ३ महिना खाना पुग्ने | - | - |
| २. | ६ महिना खाना पुग्ने | ३ | ८.५७ |
| ३. | ९ महिना खाना पुग्ने | - | - |
| ४. | १ बर्षभरि पुग्ने | ३२ | ९१.४२ |
| ५. | बचत हुने | १५ | ४२.८५ |

**श्रोतः स्थलगत भ्रमण २०७६**

माथिको तालिका नं. ११ अध्ययन क्षेत्रमा बसोबास गर्न दमाईको पेसागत आम्दानीबाट हुने पारिवारिक जीविकोपार्जनको विवरण हो। यस क्षेत्रमा रहेका दमाई परिवारहरु मध्येबाट नमुना सर्वक्षणका लागि छनोट गरिएका ३५ घर परिवारको कुल आम्दानीबाट हुने जीविकोपार्जनको तथ्याङ्क हेर्दा ३ घर परिवार यानकी ८.५७ प्रतिशतले ६ महिना मात्र खान पुग्ने बताए र ३२ परिवारले कृषि र अन्य पेसाबाटको आम्दानीले खान पुग्ने र ति मध्येबाट १५ घर परिवारले बचत समेत गर्न पुग्ने बताएका छन्। यस आँकडालाई अध्ययन गर्दा खाना पुग्ने परिवारको प्रतिशत ९१.४२ हुन्छ भने खाना पुग्ने परिवार मध्येबाट ४६.८७ परिवारले बचत गर्न सक्ने देखिन्छ। अथवा कुल नमुना सर्वेक्षणको ४२.८५ प्रतिशतले बचत गर्ने गरेको देखिन आउछ। यस तथ्याङ्क सङ्कलनमा ३ महिना मात्र खान पुग्ने र ९ महिना मात्र खाना पुग्ने कोही छन् कि भनेर राखीएको बिकल्पमा कसैले पनि यसको विवरण नदिएको देखिन्छ। आम्दानीले अर्धबार्षिक रुपमा गुजरा चल्ने र बाँकी आधा बर्ष भारी बोक्ने, अैचो पैचो, सरसापट, सानातिना छिट्फुट रुपमा आउने ज्यालादारी काम गरेर गुजारा गर्ने बताएका छन्। यस्तो काम नपाएको खण्डमा र सरसापट नचलेको खण्डमा यस्ता परिवारहरु भोकमरकिो सिकार हुन सक्ने देखिन्छ। यस्ता परिवारका बालबालिकाहरुमा कुपोषणका समस्याहरु पनि हुन सक्छन्। यस्ता अति निम्न वर्गका व्यक्तिहरुका निम्ति खाद्य वितरण कार्यक्रम अत्यन्त प्रभावकारी हुन सक्छ।

### ४.२.८ सम्पत्तिमा अधिकार

यस जातिका महिलाहरूको प्रत्यक्ष नियन्त्रणमा सम्पत्ति रहेको देखिँदैन । अरू समाजमा झै दमाई समाजमा पनि जग्गा जमीन लोग्ने मानिसको नाममा रहन्छ । लोग्ने मानिसको शेष पछि मात्र महिलाहरूको नाममा रहन पनि सक्दछ तर प्रायः जसो छोरामा जान्छ । तर जुन परिवारमा महिलाहरू सक्रिय घर व्यवहारमा लागेका हुन्छन् नगद रूपैया पैसाको कारोबार पनि उनीहरूनै गर्दछन् । विशेष गरी अरू परिवारमा पनि सञ्चयका लागी जम्मा भएको नगद रूपैयाँ पैसाहरू महिलाहरू नै राख्दछन् र खर्च गर्नु पर्ने समय आएपछि आवश्यकता अनुसार झिक्दछन् ।

### ४.२.९. दमाई महिलाहरुको आर्थिक अवस्था तथा पेवा

यहाँका दमाई जातिका महिलाहरूको आर्थिक अवस्था भनेर छुट्टा छुट्टै रूपमा अध्ययन गर्न गाह्रो हुन्छ किनकी समग्र पारिवारिक अवस्था नै उनीहरूको पनि आर्थिक अवस्था हो । यसर्थ उनीहरूको छुट्टै आर्थिक अवस्था कस्तो भन्दा पनि समग्र पारिवारिक आर्थिक अवस्थालाई सन्तुलन राख्न एउटी महिलाले पुऱ्याएको योगदानलाई अध्ययन गर्दा उनीहरूको आर्थिक अवस्था झल्कन्छ । अध्ययन क्षेत्रमा बसोबास गर्ने महिलाहरुको आर्थिक सुचक भनेको उनीहरुले गर्ने काम, पेसा, व्यवसायबाट हुने आम्दानीले घरको पारिवारिक आर्थिक व्यवहारलाई टेवा पुऱ्याइरहेको देखिन्छ । यसरी हेर्दा पुरुषको काँधमा मात्र आर्थिक भार नपरी महिलाले पनि आर्थिक व्यवहार गरिरहेको स्पष्ट हुन्छ । हरेक महिलाको आम्दानी पारिवारिक आम्दानीमा नै जोडिने र समग्रह परिवार कै लागि खपत हुने भएकाले उनीहरुको आम्दानीलाई सकारात्मक र राम्रो रुपमा लिन सकिन्छ ।

दमाई समुदायका महिलाको सम्पत्तिको भनेको आफ्नो लोग्नेको नाममा रहेको जग्गा जमीन घरबारी आदि हुन् यसका अलावा विवाहको समयमा प्राप्त दाइजो र पेवापात आदि पनि महिलाको सम्पत्ति हो । त्यसैले दमाई महिलाहरूको सम्पत्तिको मुख्य श्रोत भनेको आफ्नो घर परिवार र यसवाट हुने आम्दानी हो । यसका साथै माइतीहरूले दिने सामानहरू दाईजोको रूपमा प्राप्त हुनसक्दछ । पेवा-पातलाई महिलाको निजी सम्पत्तीको रूपमा लिन सकिन्छ । तर एकल परिवारका महिलाहरू आफै परिवारको सर्वेक्षण हुने भएकोले पेवाको कुनै अर्थ रहँदैन । संयुक्त परिवारका सासुहरूको पेवाको महत्व देखिँदैन । तापनि तिनीहरूले

माइतीबाट ल्याएको बाखा, कुखुरा जस्ता पशुपक्षीबाट प्राप्त आम्दानीलाई नै पेवाको रूपमा लिएको पाइन्छ ।

### ४.२.१०. दमाई जातिको जीविकोपार्जन

पहिलेदेखि निरन्तर रूपमा चलिआएका संस्कृतिलाई मान्ने प्रचलन हाम्रो समाजमा अझै पनि कायमै छ । समाज यी प्रचलित संस्कृति र मान्यताबाट नै संचालित भएको पाइन्छ । त्यसैगरी दमाई जाति पनि प्रचलित मान्यता र अवधारणाबाट अलग रहन सकेको देखिँदैन् । यस जातिले पनि आआफ्नै प्रकारको धर्म र संस्कृतिको पालना गरिरहेको पाइन्छ ।

यस क्षेत्रमा बस्ने दमाई जातिको जनजीवन सामान्य किसिमले चलिरहेको छ । यहाँ विभिन्न जात जाति भए तापनि एक अर्का प्रति मित्रवत् व्यवहार गर्ने गरेको पाइन्छ । यहाँ एक जातिले अर्को जातिलाई सधै सहयोग गरी राखेका छन् । जातीय विभेदको कारणले गर्दा यहाँ कहिल्यै झगडा र कलह भएको छैन । नेपाल अधिराज्यको संविधान २०४७ र मूलुकी ऐनले यि जातिलाई समानताको हक प्रदान गरेको भएता पनि यहाँ त्यसको खासै प्रभाव छैन । नेपालको अन्तरिम संविधान २०६३ ले पनि छुवाछुतलाई दण्डनीय अपराधको रूपमा लिएको छ । त्यसै गरी नेपालको संविधान २०७२ को धारा २४ ले छुवाछुत तथा भेदभाव विरुद्धको हक अन्तर्गत उपधारा १ देखि ४ मा कुनै पनि व्यक्तिलाई निजको उत्पत्ति, जात, जाति, समुदाय, पेशा, व्यवसाय वा शारीरिक अवस्थाको आधारमा कुनै पनि निजी तथा सार्वजनिक स्थानमा छुवाछुत तथा भेदभाव गर्न नपाईने, वस्तुको उत्पादन वा बिक्री वितरण वा खरिदमा रोक लगाउन नपाईने, घृणित व्यवहार गाली गलज, छुवाछुत दर्साउने प्रचार प्रसार जस्ता व्यवहार गर्नका लागि प्रोत्साहन गर्न नपाईने, तथा कार्यस्थलमा समेत भेदभाव गर्न नपाईने जस्ता व्यवस्था गरेको पाइन्छ, भने उपधारा ५ मा यस किसिमको कार्य गरेमा दण्डको समेत व्यवस्था गरी पिडितलाई कानुन बमोजिम क्षतिपूर्तिको समेत व्यवस्था गरेको पाइन्छ । जसले गर्दा दलित या निच भनिएका जातिहरुलाई ससम्मान बाँच्न पाउने अधिकार संविधानले प्रधान गरेको छ । तर यो कानुनको प्रभाव यहाँ नगण्य रहेको पाइन्छ ।

यहाँ छुवाछुत प्रथा यथावत नै छ । यहाँ बाहुन, क्षेत्री र अन्य जातिका मानिसले दमाईलाई घर भित्र बस्न दिँदैनन् । नयाँ पुस्ता जो स्वदेश तथा विदेशमा बस्ने, नोकरी गर्ने भएकोले केही मात्रामा भएपनि चेतनाको विकास हुँदैछ । यहाँ परम्परागत रूढीवादीले जरा गाडेको

पाइन्छ। यहाँ पहिले पहिले कोही मानिस बिरामी पर्दा धामी झाँक्रि बोलाउने, आखत हेराउने, कुखुरा, बोका, राँगा बली चढाउने गरिन्थ्यो भने विधुवा, गरिब र दु:खी महिलालाई बोक्सीको आरोप लगाउने गरिन्थ्यो। तर आज भोली केही मात्रामा भएपनि चेतनामा वृद्धि भएको कारणले गर्दा यस्तो कुनै कार्य नगरेको पाइयो। त्यसैले गर्दा बच्चालाई खोप लगाउन लैजाने, आफू बिरामी परेमा मेडिकल वा अस्पतालमा डाक्टरलाई देखाई औषधी उपचार गर्ने चलन बिस्तारै बढ्दै गएको छ। नयाँ संस्कार र मान्यतालाई पनि मान्यता दिनुपर्दछ भन्ने सोंचाई पनि वृद्धि भएको छ।

अध्ययन क्षेत्रमा बसोबास गर्ने दमाई जातिको जनजीवनमा धार्मिक तथा सांस्कृतिक मूल्य र मान्यतालाई समाजमा प्रचलित लोक विश्वास र अभिप्रायले पनि महत्वपूर्ण भूमिका खेलिरहेको हुन्छ। तथापि यस क्षेत्रका दमाई समुदायमा चेतनाको विकाससँगै आधुनिक मूल्य मान्यतालाई आत्मासात् गर्दै जाने प्रवृतिले कुचलनबाट सुचलन तर्फ अभिप्रेरित गरिराखेको पाइयो। जीविकोपार्जनको सन्दर्भमा सामाजिक तथा आर्थिक मुल्य र मान्यताले पनि महत्वपूर्ण भूमिका खेलिरहेको हुन्छ। यस क्षेत्रका दमाई समुदायको सामाजिक अस्तित्व यहाँका बहु सङ्ख्यक बाहुन, क्षेत्री र जनजाति समुदाय तथा अन्य दलित समुदायसँग पनि अनुन्यासि्त सम्बन्ध कायम रहि आएको पाइयो। जीवन गुज्रानका लागि हरेक व्यक्ति तथा परिवारको आर्थिक अवस्थाले अत्यन्तै ठुलो प्रवाभ पारिरहेको हुन्छ। यसै क्रममा यहाँका दमाई जातिको आर्थिक पक्षको अध्ययन गर्दा अत्यन्त दयानिय अवस्थामा कुनै पनि व्यक्ति र परिवार नरहेको भेटियो। अवसरको खोजी गर्न, चेतनाको विकास भएका र सामाजिक सद्भाव तथा सहिष्णुताले भरिएको यस समाजमा सामाज भित्रको तादम्यताले पनि दमाई जातिको जीविकोपार्जनको अवस्था सरल र मजबुत बनेको बुझिएको छ।

### ४.३. दमाई जातिमा आएको परिवर्तन

अध्ययन क्षेत्रमा बसोबास गर्ने दमाई समुदायको सामाजिक तथा सांस्कृतिक जीवनमा केही परिवर्तनका प्रभावहरू देखिएका छन्। परम्परागत मूल्य मान्यता, सांस्कृतिक, अन्धविश्वास आदिमा गुज्रिरहेका दमाई जातिमा यहाँका ब्राम्हण र क्षेत्री समुदायको प्रभाव पर्न थालेको देखिन्छ। यहाँका दमाई समूदायमा छोरीलाई स्कुल पढाउनु हुन्न छोरी अर्काको घरमा जाने जात हो भने कुरामा बढी विश्वास गर्दथे तर अहिले यो मान्यता बिस्तारै परिवर्तन हुदै गएको र छोरा र छोरी दुबैलाई समान दृष्टिले हेर्न थालेको पाइयो। अहिले यहाँका दमाई

समुदायले श्री बरुणेश्वर मा.वि. र श्री बरुण इङ्गलिस स्कुलमा आफ्ना छोरा छोरीलाई समान महत्व दिएर पढाउनको लागि पठाउन थालेका छन् । दमाई समुदायमा स्कुल जाने र छोडेको सङ्ख्या उल्लेखनीय रहेको पाइन्छ । कतिले कक्षा १, २ मा नै कक्षा छोडे भने कति मा.वि. स्तरसम्म पुगेर छोडे भने केही प्रमाणपत्र तहमा छोडेको पनि पाइयो भने कतिहरुले चाहि आफ्नो पढाईलाई निरन्तरता दिएको पाइयो । वर्तमान समयमा आएर यो जातिमा पनि पढ्नु पर्दछ भन्ने भावना र चेतनाको विकास भएको पाइन्छ ।

यहाँका दमाई समुदायले विभिन्न किसिमका उल्लेख्य काम गरेका छन् । शिक्षाको प्रभावका साथै यस क्षेत्रमा रहेका दमाई जातिको चेतनामा आएको परिवर्तनले सामाजिक र राजनैतिक क्षेत्रमा केही मात्रामा भए पनि सहभागिता बढ्न थाल्यो । स्थानीय निकायको निर्वाचन २०७४ मा मोलुङ् गाउँपालिका वार्ड नं. २ बाट दलित २ जना निर्वाचित भएको पाइन्छ । एक प्रतिनिधि आरक्षणबाट हो भने अर्का प्रतिनिधि खुल्ला प्रतिसप्रर्दाबाट निर्वाचित भएका हुन् जुन दमाई समुदायबाटै रहेका छन् । यसले गर्दा पनि यहाँका दमाई जातिहरू राजनीतिक क्रियाकलापमा सहभागी भएको पाइन्छ । साथै विकास निर्माणका कार्यहरूमा पनि यिनीहरूको सहभागिता रहेको छ । तर दमाई जातिमा राजनैतिक चेतना तथा जागरण भने बढ्न थालेको पाइन्छ ।

केही समय पहिला यस समुदायका मानिसहरूमा पढ्न पर्दछ भन्ने मान्यताको विकास भएको थिएन तर हाल आएर यिनीहरूले आफ्ना नानीहरूलाई स्कुलमा पढ्न पठाउनेको संख्या बृद्धि भएको पाइन्छ । यस्ता सकारात्मक परिवर्तनहरू बिस्तारै यहाँको दमाई समुदायमा विकास हुँदै गएको पाइन्छ । परम्परागत पेशा लुगा सिलाउने, बाजा बजाउने भए पनि हाल यिनीहरूले कृषिलाई नै मुख्य पेशा बनाएका छन् । यिनीरूको जिविकोपार्जन गर्ने मुख्य स्रोत नै कृषि हो । आफ्नो प्रशस्त जग्गा जमीन नहुने र अर्काको जग्गामा काम गर्न समेत त्यति नरूचाउने यहाँका दमाईहरूले बैकल्पिक पेशाको रूपमा सिकर्मी, डकर्मी काम गर्ने र केहीले मात्र परम्परागत पेशा अपनाएको पाइन्छ भने केही नोकरी गर्न स्वदेश तथा बिदेशमा गएका पनि पाइयो । यसरी यस जाति परम्परागत पेशा छोड्दै अन्य सहायक पेशातर्फ उन्मुख भएका छन् । यसलाई तालिकाद्वारा यहाँका दमाई जातिको परम्परागत पेशा गर्ने र नगर्ने कति रहेछन् भन्ने जानकारी पाउन सकिन्छ ।

**तालिका नं. १२**

**परम्परागत पेसा गर्ने र नगर्ने उत्तरदाताहरू**

| क.स. | परम्परागत पेसा | परिवार सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १. | गर्ने | ९ | २५.७१ |
| २. | नगर्ने | २६ | ७४.२८ |
| ३. | जम्मा | ३५ | १०० |

**श्रोतः स्थलगत भ्रमण २०७६**

माथिको तालिकाले प्रष्ट पार्दछ कि दमाई समुदायमा परम्परागत पेसा अपनाउनेको संख्या निकै कम  अर्थात ९ घर परिवार जुन २५.७१ प्रतिशत हुन आउँछ र अन्य पेशा अपनाउनेको संख्या २६ घरपरिवार जुन ७४.२८ हुन आउँछ। यसो हुनु मा उनीहरुले परम्परागत पेसा छोडि कोही बैदेशिक रोजगरीमा जानु कोही निजी तथा सरकारी जागरी तिर लाग्नु भने कोही कृषि पेसा अपनाइनुले पनि परम्परागत पेसा गर्ने परिवार कम भएको हुन सक्छ भन्न सकिन्छ।

दमाई समुदायको सामाजिक तथा साँस्कृतिक स्थितिमा पनि केही परिवर्तन भएको देखिन्छ। शुरू शुरूमा दमाई समुदायका मानिसहरू संयुक्त परिवारमा बस्दथे भने हाल आएर सानै परिवार तिर यो समुदायको झुकाव बढ्दै छ भन्ने कुरा यस वडामा भएका कुल घरधुरी संख्याले बताउँदछ। यसरी वृहत् परिवार सुन्य रहेको छ। यसरी सानो परिवार तिर यो समुदाय आकर्षीत रहेको छ। हाल दमाई परिवारको पारिवारिक संरचनामा मात्र परिर्वतन भएको होइन घर निर्माणमा पनि आधुनिकता देखिन्छ। पहिले खरका घर थिए भने हाल आएर ढुङ्गाको गारो लगाई तला थपी जस्ताको छाना लगाई घर निर्माण कार्यमा पनि आधुनिकता पाइन्छ। यस जातिमा पहिरनमा र भेषभूषामा पनि परिर्वतन भएको  पाइन्छ। पुराना पुस्ताका मानिसहरू भोटो, कछाड, लगौटी, टोपी लगाउँथे भने हाल सुट, पाइन्ट, जुत्ता, चप्पल, कट्टु, टिसर्ट, दौरा, शुरूवाल आदि लगाउने गर्दछन्। त्यस्तै महिलाहरूमा गुन्यू, चोली, पछ्यौरी पटुका मजेत्रोको ठाउँमा सारी ब्लाउज, फ्रक, मेड्डी, लुंगी, आदि लगाएको पाइन्छ। दमाई समुदायका महिलाहरूको लगाउने गहनाहरू ढुग्री, माडवारी, पोते, फुली, बुलाकीको ठाउँमा अहिले रिङ, झुम्का, सिक्री, आदि लगाएको पाइन्छ। यसरी यस समूदायमा केही परिवर्तनहरू देखिएका छन्।

यो समुदायमा खानपिनमा पनि केही परिवर्तनहरू देख्न सकिन्छ। पहिले साधारण आटो, ढिंडो, रोटी, पुवा, भात तरकारी खान्थे भने अहिले आटो, दालभात, तरकारी अचार जस्ता परिकारहरू प्रयोग गरेको पाइन्छ। विवाहमा बाजा बजाउने, अन्तरजातीय विवाह पनि स्वीकार्य हुन्छ तथा बहुविवाह कम हुँदै गएको पाइन्छ। महिलाहरूले घर धन्दा कृषि, गाई वस्तुको हेरचाह गर्ने बाहेक अन्य काममा पनि हिँडेको पाइन्छ। चाडपर्वहरू मनाउने रूढीगत मान्यतालाई त्यागी आधुनिकता तिर अग्रसर भएको पाइन्छ। शिक्षा, स्वास्थ्य, प्रसाशनिक सुधार कानूनी सुधार जस्ता विविध सुधारले यो जातिमा पनि विभिन्न सुधारका कार्य भएको पाइन्छ। यसरी सभ्यताको विकासका क्रममा जंगली असभ्यबाट सभ्य हुँदै आए जस्तै मानव समाज पनि परम्परागत समाजबाट संक्रमणकालीन समाजबाट आधुनिक समाजतिर अग्रसर हुनु स्वभाविक रूपमा लिन सकिन्छ। यस्तै गरेर अध्ययन क्षेत्रका दमाई समुदायका मानिसहरू पनि अहिले आधुनिक समाजतिर उन्मुख भएको देखिन्छन्। किनभने दमाई समुदायमा प्राचीन र आधुनिकताको झलक देख्न पाइन्छ। सामाजिक परिवर्तन भन्नु नै मानिसको सोचाइ, सामाजिक संरचना मूल्य मान्यता, रिती, स्थिति, चालचलन आदिमा परिर्वतन हुनु हो। कुनै जाति तथा समुदायले आफूलाई देश, काल, परिस्थिति अनुसार परिवर्तन वा समायोजन गर्नका लागि केही न केही  रूपमा आफ्ना मूल्य मान्यता र चाहनाहरूलाई पनि परिवर्तन गर्नु पर्ने हुन्छ।

यस क्षेत्रमा बसोबास गर्न दमाई समुदायका महिलाहरु परम्परागत रुपमा घर घरायसी कार्यहरुमा, कृषिमा र विष्ट कहाँ लुगा सिलाउन जादाँ आफ्ना पतिसँग हातले गर्ने सिलाईको काममा सहायता गर्नको लागि जाने गर्दथ्थे। विद्यालयीय शिक्षा आर्जन गर्ने कुरा त उनीहरुका लागि आकासको फल आँखा तरी मर भने जतिकै थियो। अर्थोपार्जनका निम्ति व्यापार व्यवसाय, हार्ट बजार भर्न, घरेलु उत्पादनका सरसामन तथा वस्तुभाउ बिर्की वितरण गर्न आदि जस्ता कार्यहरुमा पनि वञ्चित हुनु पद्थ्थो। तर हाल आएर हेर्दा छोरी बुहारीहरुले पनि पढ्ने अवसर प्राप्त गरी चेतनाको विकास भएको र दैनिक व्यवहारका कामहरुमा पनि महिलाहरुको सहभागिता र निर्णयलाई स्वीकार गर्न गरेको भेटियो। महिलाहरु विभिन्न महिला समुह तथा आमा समुहहरु गठन गरी ती नै समुह मार्फत घर परिवारमा आएका आर्थिक सङ्कटहरुलाई टार्ने खालका व्यवहारहरुमा संलग्न रहि बैकिङ् कारोबारमा समेत उनीहरुको पहुँच पुगेको भेटियो। यसले गर्दा पुरुषहरुलाई पनि आफ्ना

काम तथा जिम्मेवारीहरुमा निकै सजिलो हुदै आएको बताएका छन्। यसरी हेर्दा महिलाहरुको स्तरमा व्यापक परिवर्तन आएको स्पष्ट हुन्छ ।

यस क्षेत्रका दमाई जातिहरु विशुद्ध दमाई समुदाय भित्र मात्र छैनन्, यहाँ बाहुन, क्षेत्री र अन्य जनजाति तथा अन्य दलित समुदायका बीचमा पनि रहने र दैनिक व्यवहार हरेक जातजातिसँग हुने भएकाले पनि दमाई समुदायमा हाल परिवर्तनले छलाङ् मारेको देखिन्छ। अन्य दलितसँग त केही गंभिर कुरा बाहेक अन्य व्यवहारमा सामान्य अवस्था नै थियो। तथापि हाल त्यही अवस्था जनजाति र बाहुन क्षेत्री समुदायसँग पनि विकास हुदै आएको भेटियो। जसले गर्दा जातिय सहिष्णुताको भाव यस क्षेत्रका जाति जनजातिहरुमा रहेका भेटिन्छ। त्यसैले दमाई जातिको अन्य जातिसँगको सामाजिक सम्बन्धमा पनि व्यापक परिवर्तन आएको पाइयो ।

# परिच्छेद-पाँच
# सारांश र निष्कर्ष

## ५.१ सारांश

दलित अन्तर्गत पर्ने दमाई जाति पनि एक जाति हो। नेपालमा पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म बसोबास गर्ने यो जाति शिक्षा तथा जनचेतनाका विषयमा अत्यन्तै पिछडिएको छन्। समग्रमा दमाई जातिकै खोजी अध्ययन अत्यन्तै कम भएको अवस्था भनौ वा दलित आयोग गठन भएको तर जुन आशा लिएर गठन भएको थियो त्यसै अनुसार उल्लेखनीय प्रगति नदेखिएको वा दलित आयोगबाट पनि समग्र दलित तथा दमाई जातिको खोज, अध्ययन भइनसकेको अवस्थामा दमाई जातिको अध्ययन गर्नुपर्ने भएकोले यस क्षेत्रमा देखिएको अभावलाई सीमित क्षेत्र र तहमै भए पनि पूरा गर्ने उद्देश्य लिएर यो अध्ययन गरिएको हो। नेपालमा रहेका विभिन्न समुदाय जस्तै दमाई समुदायमा पनि आफ्नै किसिमका मौलिक संस्कृति रहेका छन्। यस अध्ययनमा नेपालका ७७ जिल्लाहरु मध्ये प्रदेश नं. एकको ओखलढुङ्गा जिल्ला छनौट गरिएको छ। जुन नेपालको मध्ये पहाडी क्षेत्रमा पर्दछ। समुन्द्र सतहबाट ३५९ देखि ३३३० मिटरको उचाईमा रहेको यस जिल्लाका आठ स्थानिय तहहरु मध्ये मोलुङ् गाउँपालिका र यस गाउँपालिकाको वार्ड नं. २ त्यसमा पनि वैद्धिक काल देखि नै शुद्र भनेर चिनिने दमाई जाति जो हाल दलित वर्गमा पर्दछन्। यो जातिलाई छनौट गर्दा यस क्षेत्रका ३५ घरधुरी मात्र समेटिएको छ। यस क्षेत्रका दमाई जातिको सामाजिक, आर्थिक तथा पक्षको अध्ययन गरिएको छ। वेद युग देखि नै आफू भन्दा उपल्ला जातिको सेवामा लागेका यी जातिको उत्पति, विकास र फैलावटको स्थितिबारे पनि यस अध्ययनमा समेट्ने प्रयत्न गरिएको छ। दमाई जाति अछुत हुनका कारण एकिन नभएतापनि महानन्द सापकोटाद्धारा गरिएको अध्ययन प्रतिवेदनका अनुसार दमाई शब्दको उत्पतिका सन्दर्भमा चर्चा गरिएको भेटिन्छ। पञ्चै बाजा समूहको मुख्य बाजा दमाहा घरमा राख्नेहरु नै दमाई भएको वा ढोल शब्द अनार्य मानिएकोले पनि यसको उत्पति दमाहा बाजा नै माधुर्य निकट देख्न सकिन्छ भन्ने रहेको छ। डी. बी. नेपालीको नलेखिएको दमाई जातिको इतिहास नामक आलेखमा उल्लेख गरे अनुसार ढोली शब्द नै प्रधान देखिन्छ। लुगा सिलाएर वा बाजा बजाएर उनीहरु दमाई भएका हुन त भन्ने प्रश्नले

यहाँ स्थान पाएको छ । तथापि वेद देखि या वैद्धिक कालदेखि नै दमाई जाति पिछाडिएको हुन् भन्ने स्पष्ट बुझिन्छ ।

नेपाल चार वर्ण छत्तिस जातको साझा फूलबारी हो । वैद्धिक दर्शन र हिन्दु धर्ममा आधारित ऋषि मुनिहरुको तपोभूमिको रुपमा रहेको यो राष्ट्रमा वि.स. २०६८ सालको जनगणनाको तथ्याङ्क अनुसार १२५ जातजातिले बसोबास गर्ने गरेका छन् । शुद्र वर्ग अर्न्तगतका दलित जातिहरु वैद्धिक कालदेखि नै शोषित र दमित हुँदै आएको तथ्य स्पष्ट छ । आफ्ना श्रम र सिपले उपल्ला वर्गको सेवामा समर्पित हुने यी जातिको उत्थानका निम्ति राजा सुरेन्द्रको शासनकाल देखि नै थोर बहुत प्रयत्न भएको देखिन्छ। तत्कालिन समयका राजा महाराजाहरुका बोली र हुकुमहरु कानुनका दफा र उपदफा बन्ने गरेका भएपनि वि.स. १९४३ साल देखि यता औपचारिक रुपमा नै कानुन बनिए तर यी कानुन दफा उपदफाहरु वि.स. २०१२ सालसम्म आइपुग्दा १३ औं पटक सम्म संसोधन भएको देखिन्छ। नेपालको संविधान २०४७ ले दलित उत्थानका निम्ति केही ठोस आधारहरु दिएको भएपनि व्यवहारिक पक्ष भने उस्तै नै थियो । नेपालको आन्तरिम संविधान २०६३ र नेपालको संविधान २०७२ ले दलित लगायत अपाङ्ग गर्भवती महिला, भाषा, धर्म, वर्ग, क्षेत्र, लिङ्ग वा कुनै पनि कारणले कुनै पनि स्थलमा विभेद गर्न पाइने छैन र यसो गरिएमा कानुन बमोजिम कार्वाही या दण्ड सजायको व्यवस्था हुनु र दलित आयोग समेत गठन गरिनुले केही सुदृढको अवस्था भने ल्याएको छ । यस अध्ययनमा अध्ययन क्षेत्रका दमाई जातिका ३५ घरधुरीलाई समेट्दाँ जसमा पुरूषको संख्या ७८ र महिलाको संख्या ७४ गरी कुल जनसंख्या १५२ हुन आएको छ। यहाँ केटा केटीको तुलनामा बृद्ध बृद्धाको जनसंख्या कम रहेको छ। प्रस्तुत शोधको मुख्य उद्देश्य अध्ययन क्षेत्रका दमाई जातिको सामाजिक, आर्थिक, जीविकोपार्जनको स्थिति र यो जातिमा आएको परिवर्तनको अध्ययन गर्नु हो ।

यस क्षेत्रमा बसोबास गर्ने दमाई जातिहरुको आर्थिक, सामाजिक तथा जीविकोपार्जनको अवस्था सम्बन्धी अध्ययन गर्दा उनीहरुका सम्बन्धमा जीविकोपार्जनका लागि आबद्ध भएका पेसा, संलग्न पेसाबाट प्राप्त आम्दानीले पारिवारीक गुजारा चलेको नचलेको अवस्थाको अध्ययन, अन्य जात जातिबाट दलित भएकैमा गरिने व्यवहारको अवस्थाको अध्ययन वा हेपिनु परेको छ की छैन भन्ने अवस्थाको अध्ययन, अन्य दलित जातिसँगको आपसी सद्भावको अवस्थाको अध्ययन, यहाँका दमाई जातिलाई अन्य दलितले र गैरे दलितले हेर्ने

दृष्टिकोणको अन्तरभिन्नताको अध्ययन तथा दमाई जातिमा वर्तमान समयमा आएका परिवर्तनहरुको अध्ययन गर्नका लागि यिनै विषय र प्रसंग सम्बन्धित सवालहरु उभ्याएर जति सक्दो शूक्ष्म अध्ययन गर्ने प्रयास गरिएको छ ।

अध्ययन क्षेत्रमा बसोबास गर्ने दमाई जातिका सम्बन्धमा अध्ययन गर्न क्रममा माथि उल्लेखित प्रसंगहरुलाई लिएर अध्ययन गर्नु वाञ्छिनीय ठानी अध्ययन गरिएको छ। कुनै पनि काम गर्दा एउटा निश्चित उदेश्य प्राप्तीका लागि गरिन्छ। विना उदेश्यको कामले गन्तव्य विनाको यात्री जस्तै कामलाई अर्थहिन बनाइदिन्छ। तदानुरुप यस क्षेत्रका दमाई जातिका सन्दर्भमा अध्ययन गर्दा जीविकोपार्जनको तौर तरिकाको अध्ययन गर्नु, सामाजिक सांस्कृतिक पक्षको अध्ययन गर्नु र निर्दिष्ट क्षेत्रमा बसोबास गर्न अन्य दलित गैरे दलितहरुसँगको सम्बन्धको अध्ययन गर्नु जस्ता उदेश्य राखी प्रस्तुत अध्ययन गरिएको छ ।

यस क्षेत्रमा २०७६ साल माघ महिनामा स्थलगत सर्वेक्षण गर्ने कार्य गरियो । यस शोधका लागि हालसम्म पनि अध्ययन नभएको र अध्यताको गृह स्थल भएकोले पनि ओखलढुङ्गा जिल्ला मोलुङ् गाउँपालिका वार्ड नं. २ का समग्र ६५ घरधुरी दमाई परिवार भएता पनि जम्मा ३५ घरधुरीलाई सम्भाव्य नमूना सर्वेक्षण विधिको प्रयोग गरी अध्ययन गरिएको छ । मिश्रित जातिको बसोबास भएको यस क्षेत्रका दमाई जातिको जीविकोपार्जनको स्थिति र सामाजिक अवस्थाको अध्ययनको लागि वर्णनात्मक र अन्वेषणात्मक ढाँचा अपनाई अध्ययन गरिएको छ। दमाई समुदायसँग सम्बन्धित विभिन्न तथ्याङ्क संकलन गर्दा प्राथमिक विधि अन्तर्गत सहभागी अवलोकन, अर्न्तवार्ता, प्रमुख जानकार व्यक्तिहरूसँगको अन्तरवार्ता र द्वितीय विधि अन्तर्गत सरकारी एवं गैर-सरकारी प्रशासन सामाग्री प्रयोग गरियो । यस्ता तथ्याङ्कहरू अनुसन्धानको उद्देश्य अनुरूप उनीहरूको सामाजिक सांस्कृतिक एवं आर्थिक पक्षका विभिन्न पक्षहरूका सम्बन्धमा तथ्याङ्क प्राप्त गरियो । यसरी अनुसन्धान गरिएकोले प्रस्तुत शोध प्रतिवेदन प्रवाभकारी र विश्वसनीय बनाउने प्रयत्न गरिएको छ ।

एउटा सिंगो समाज बन्न त्यहाँ बसोबास गर्ने सम्पूर्ण जातजातिको समान महत्व रहेको हुन्छ। मिश्रित समाज एकल जातजातिको भन्दा अझ बढी पृथक हुन्छ। अध्ययन क्षेत्रमा बसोबास गर्ने दमाई जातिहरुको सम्बन्ध अन्य दलितहरुसँग र गैरे दलितहरुसँग उस्तै अनुन्याश्रित रहेको छ। सामाजिक, आर्थिक र जीविकोपार्जनका अनेकौ पाटाहरुमा दमाई र अन्य सबै जातिहरुका बीच सहयोग, सद्भाव, सदाचार तथा सहिष्णुभाव भेटिन्छ। देवकार्य

तथा पितृकार्य, मरोमारो तथा असामयिक घटनाहरुमा सबैको उल्लेखिय उपस्थितिले सबै जातजातिका बीच समाज प्रतिको दायित्व र जवाफदेहीताप्रति बोधगम्य रहेको पाइन्छ ।

यहाँका दमाई जातिहरू अरू जातिहरूसँग घुलमिल हुँदै आएका हुनाले र सदरमुकाम पछिको दोस्रो ठूलो बजार रामपूर बजार नजिकै भएकोले गर्दा यिनीहरूमा केही मात्रामा भए पनि आधुनिकीकरणको प्रभाव परेको छ ।

अध्ययन क्षेत्रका दमाई जातिको विवाह हिन्दू रीति अनुसार नै सम्पन्न गरिन्छ । यिनीहरूले आफ्नो जातिका अन्य थर, गोत्र र कुटुम्बसँग विवाह गर्ने प्रचलन रहको छ । तर अन्य दलित जातिको मान्छेसँग भने यिनीहरूको विवाह हुँदैन । विवाह गर्ने क्रममा सबभन्दा पहिला केटा पक्षले केटी पक्षकहाँ केटी माग्न जान्छन् । केटी पक्ष यदि मन्जुर भएमा विश्वासको लागि ठेकी लगाउने प्रचलन यस जातिमा रहेको छ । ठेकी लगाउँदा केटा पक्षले केटी पक्षकहाँ खसी, कुखुरा मासु आदि लगेर दिने गर्दछन् । यसरी विवाह सम्पन्न हुन्छ ।

सामाजिक अवस्थामा परिवारको आकार, शिक्षा तथा साक्षरताको अवस्था, स्वास्थ्य र सरसफाई, अस्पताल र स्वास्थ्य संस्थाहरूको उपयोग, खानेपानीको स्रोत र स्तर, भाषा, धर्म र महिलाको सामाजिक स्थितिको मूल्याङ्कन केही सन्तोषजनक रूपमा देखियो । हिजोआज यिनीहरूको सामाजिक अवस्थाको सुधार गर्न स्वयम्मा केही चेतना आउन लागेको र भविष्यमा केही परिवर्तन हुने सम्भावना अवश्य राख्न सकिन्छ । आम्दानीको स्रोतहरूमा केही दमाई जातिहरु अल्लि पिछडिएको जस्तो पाइयो । आफ्नो जग्गाबाट आम्दानी कम हुने भएकोले दमाई जातिले आम्दानीको स्रोतको रूपमा अन्य पेशालाई अँगालेको पाइन्छ । अन्य पेशाहरूमा सिकर्मी, डकर्मी र त्यसबाहेक बिदेशमा गएर पनि तिनीहरूले आम्दानी गरेको पाइन्छ । समग्रमा कुरा गर्दा यहाँका दमाई जातिको मुख्य पेशा कृषि नै हो भने कतिपय दमाई जातिले आफ्नो परम्परागत पेसा लुगा सिलाउने र बाजा बजाउने जस्ता कामबाट पनि आफ्नो गुजारा गरेको पाइन्छ । यिनीहरूले ज्यालादारी, मजदुरी पेशालाई पनि आफ्नो पेशाको रूपमा लिएको पाइन्छ ।

खेतीपाती र पशुपालनलाई एउटै सिक्काका दुई पाटाका रूपमा लिन सकिन्छ । खेतीपातीमा प्रयोग गरिने प्राङ्गारिक मल वा कम्पोष्ट मल पशुपालनबाट नै प्राप्त हुने र पशुपालनलाई आवश्यक पर्ने घाँसपात सोत्तर, पराल, पिठो, दाना खेतीबाट प्राप्त हुने भएकोले यी एक

अर्कामा अन्योन्याश्रित सम्बन्ध राख्दछन् । यहाँका दमाई जातिले पशुहरूमा गाई, भैसी, भेडा, बाख्रा आदि पाल्ने गर्दछन् । यीमध्ये सम्पन्न दमाई परिवारले गाई, भैसी, गोरू, बाख्रा, कुखुरा लागयत सबैजसो पशुपंक्षी पालिने गरिएको छ । भने विपन्न परिवारले बाख्रा तथा कुखुराहरू पाल्ने गर्दछन् । यहाँ जुन घरमा गाई, भैसी छैनन् तिनीहरूको आर्थिक अवस्था निम्न स्तरको मानिन्छ ।

सबै दमाई जातिलाई खेतीपातीबाट बर्षभरी खान पुग्दैन किनकि उनीहरूसँग खेतीपाती गर्न जमीन प्रशस्तै छैन । यस्तैगरी यहाँका ३ परिवार अर्थात् ८.५७ प्रतिशतलाई ६ महिनासम्म मात्र खान पुग्ने तथ्याङ्कबाट प्रष्ट हुन्छ । यसैगरी १ बर्ष सम्म खान पुग्ने परिवारको संख्या ३२ अर्थात् ९१.४२ प्रतिशत रहेको पाइयो । र ३२ परिवारले कृषि र अन्य पेसाबाटको आम्दानीले खान पुग्ने र ति मध्येबाट १५ घर परिवारले बचत समेत गर्न पुग्ने बताएका छन् । यस आँकडालाई अध्ययन गर्दा खाना पुग्ने परिवारको प्रतिशत ९१.४२ हुन्छ भने खाना पुग्ने परिवार मध्येबाट ४६.८७ परिवारले बचत गर्न सक्ने देखिन्छ। अथवा कुल नमुना सर्वेक्षणको ४२.८५ प्रतिशतले बचत गर्ने गरेको देखिन आउछ ।

दमाई जातिमा प्रत्यक्ष रूपमा सम्पत्तिमा अधिकार महिलाहरूको देखिँदैन । अरू जातिमा जस्तै दमाई जातिमा पनि जग्गा जमीन लोग्ने मानिसको नियन्त्रणमा रहेको छ । लोग्ने मानिसको शेषपछि मात्र महिलाहरूको नाममा रहन्छ तर प्रायः छोरामा जान्छ । यहाँका दमाई समुदायका महिलाहरूमा सम्पत्तिमा अधिकार रहेको छ । उनीहरु पनि पुरूषहरू सरह नै त्यसको भागिदार हुने, र दुबै मिलेर सम्पत्तिको संरक्षण र नियन्त्रण गर्ने गरेको पाइयो ।

आर्थिक अवस्था अन्तर्गत यस क्षेत्रका दमाई जातिमा आर्थिक अवस्थाको अध्ययन गर्ने क्रममा उनीहरूले अपनाएको पेशा, भूमिको विवरण, बर्ष दिनसम्म खान पुग्ने नपुग्ने विवरण, महिलाले काम गर्ने अवधि र किसिम, पैत्रिक सम्पत्तिमा महिलाहरूको अधिकारसम्बन्धी अवधारणा, महिलाहरूको गरगहना तथा पेवापात अन्य आर्थिक क्रियाकलाप सहितको अध्ययन गरिएको छ ।

ऋग्वेद देखि नै जातिय वर्गीकरण भई शुद्र वर्ग अन्तर्गत रहेका दलित जातिहरु आफू भन्दा उपल्ला वर्गको सेवामा सदैव समर्पित हुदै, हेपिदैं र दमित हुदै आएका थिए । यसै क्रममा दमाई जातिले पनि लुगा सिलाएर र बाजा बजाएर माथिल्ला वर्गको सेवा गरिरहें । गतिशील

समाजको अनुशरण हुदै जादा माजनतावादी सिद्धान्तहरुले स्थान पाउदै गए। जातीय उत्थानका निम्ति र विभेदको अन्त्यका निम्ति विभिन्न काल खण्डमा ऐन कानुनहरु स्थापित हुदै गए। दलित आयोग बनिए। यसबाट पनि खासै उल्लेखनीय परिवर्तन त आएन तथापि पछिल्लो समयमा दलितबाट पनि राष्ट्रका विभिन्न निकायहरुमा दलितको उपस्थिति गराउदै राष्ट्रिय राजनीतिमा समेत प्रतिनिधित्व हुने गरी अवसरहरु प्रदान गर्दै वर्तमान समयसम्म आइपुगेको देखिन्छ। २०४७ सालको संविधान बने यता क्रमश: २०६३ आन्तरिम संविधान र नेपालको संविधान २०७२ पश्चात दमाई जातिमा आएको परिवर्तनले पनि निकै फड्को मारेको देखिन्छ।

अध्ययन क्षेत्रमा बसोबास गर्ने दमाई जातिमा हाल तमाम पक्षहरुमा परिवर्तन देखिदै आएका छन्। उनीहरुको पेशामा बाली भरुवा पद्धतिबाट हाल व्यवसयिकता तर्फ उन्मुख देखिन्छ। अनुसन्धानका लागि छनौट गरिएका ३५ घरधुरी मध्ये ९ परिवारले मात्र पेशेवार लुगा सिलाउने कामलाई व्यवसायिकरण गरी अपनाई रहेको पाइयो भने अन्य २६ घरधुरीले अन्य पेसालाई अपनाएको पाइयो। अन्य जातजातिसँगको सम्बन्धमा परिवर्तन भई सद्भावपूर्ण व्यवहार, परम्परागत पोषाकलाई छोडी आधुनिक पोषाक तर्फ उन्मुख भएका, बाह्मण र क्षेत्रीका जस्तै धार्मिक, सामाजिक तथा सांस्कृतिक विश्वासहरु अपनाएका, परम्परागत कृषि प्रणालीबाट आधुनिकता तर्फ उन्मुख हुनका साथै हाल दमाई जातिमा सामाजिक सेवा तथा राजनीतिक मूलधार तर्फ समेत उन्मुख भई स्थानिय जनप्रतिनिधिका रुपमा समेत रहेको पाइयो। यसै गरी चेतनाको स्तर उठाउने क्रममा हाल औपचारिक शिक्षाको मूलधारमा जोडिएर कतिले उच्च शिक्षा हासिल गर्ने स्तरसम्म दमाई जातिका मानिसहरु लागेको देखिन्छ। यसरी दिनानु दिन उनीहरुमा आएको परिवर्तनले सवल र सक्षम समाज निर्माण हुन्छ भन्ने कुरामा दुईमत छैन्।

## ५.२ निष्कर्ष

ओखलढुङ्गा जिल्ला मोलुङ् गाउँपालिका वार्ड नं. २ मा बसोबास गर्ने दमाई जातिको जीविकोपार्जनका लागि प्रधान पेसाको रुपमा कृषि नै रहेको देखिन्छ। यसका अलवा पेसेवार कपडा सिलाई, बैदेशिक रोजगारी, काठ तथा निर्माणका काम, ज्याला मजदुरी थोर बहुत विभिन्न क्षेत्रका नोकरी र व्यापार व्यवसाय नै देखिन आएका छन्।

यसरी मानव जीवनमा जति पेसाको महत्व हुन्छ, त्यति महत्व भू-स्वामित्वको पनि रहेको हुन्छ । अध्ययन क्षेत्रमा बसोबास गर्ने दमाई जातिका सर्वेक्षणमा समेटिएका ३५ घरधुरीमध्ये अधिकांशको स्वमित्वमा रहेको भूमि न्यून छ । यिनीहरूको घरबास भने आफ्नो स्वामित्वको जमीनमा रहेको  देखिन्छ । आफ्नो भू-स्वामित्व कम भएका कारण यहाँका दमाई जातिले अन्य साहुमहाजनको जग्गा अधियाँ, बन्धकी तथा ठेक्काको रुपमा कमाउने गरेको पाइएको छ । भूमि अचल सम्पत्ति भएको हुनाले यसबाट पनि यिनीहरूको आर्थिक अवस्थाको अड्कल गर्न सकिन्छ । यसरी जग्गा जमीन कम भएको र अन्य अवसरको अभावका कारणले यहाँका दमाई परिवारका सदस्यहरू कामको खोजीमा अन्य मुलुकका विभिन्न सहरमा गई विभिन्न किसिमका काम गर्ने गरेको पाइएको छ । स्थितिलाई अझ बढी सफल र सक्षम बनाउनको लागि दमाई जातिका महिला तथा पुरूष दुबैजना मिलेर व्यापार व्यवसाय गर्नतिर लागेको देखिएको छ । पुरुष र स्त्रीका बीच मिलेर गरिएको संघर्ष पनि जीविकोपार्जनका लागि एक अनुकरणीय नमुना हुन सक्छ ।

यो क्षेत्रमा समतल परेको भू-भाग भएकाले यहाँका दमाई समुदायका परिवारहरूको पनि त्यही समथर भू-भागमा जग्गा रहेको छ। यहाँको जमिन झगरपुर खोला र पोक्तिङ खोलाको पानीले सिंचित हुने हुदाँ उब्जनी राम्रो हुन्छ । यस क्षेत्रमा खेतीपाती तरकारी तथा फलफूलका उब्जनी राम्रै हुने भएकाले पनि थोरै जग्गा जमिन भएका दमाई समुदायका मानिसहरुलाई केही हदसम्म फलफूल तरकारी वा कृषिबाट राहत पुग्ने गरेको पाइएको छ । यहाँका दमाई समुदायले परम्परागत खेती प्रणाली अपनाउने या यस क्षेत्रको कृषिमा आधुनिक प्रविधिको उपलब्धता नभएका कारणले पनि हलो, कुटो र कोदालो जस्ता औजारको प्रयोग गर्ने गरिएको छ । यहाँका दमाई जातिका पुरूषले जोत्ने काम र महिलाले बाली लगाउने लगायतका काम गर्दछन् ।

यहाँका दमाई महिलाहरुको सम्पत्तिको स्वामित्व अर्न्तगत आफ्नो लोग्नेको नाममा रहेको जग्गा जमीन लगाएत माईती पक्षबाट पाएको पेवा दाइजो तथा विवाहको गर्दुवा पनि हो । तर महिलाहरू आफै संरक्षक भएका परिवारमा हुने पेवाको कुनै अर्थ नरहेको पनि पाइयो । महिलाको नाममा छुट्टै जग्गाजमीन छैन, जति पुरूषको नाममा रहेको छ त्यति नै महिलाको पनि सम्पत्ति हो भन्ने कुरा उनीहरूसँगको अन्तवार्ताबाट पत्ता लगाइयो । यसरी महिलाहरुको

दाइजो तथा पेवापातले पनि दमाई समुदायका मानिसहरुको जीविकोपार्जनमा टेवा पुऱ्याएको देख्न सकिन्छ ।

यहाँका दमाई समुदायको सामाजिक, तथा आर्थिक जीवनमा केही परिवर्तनका प्रभावहरु देखिएका छन । परमपरागत मूल्य मान्यता सँस्कृति अन्धविश्वास आदिमा गुज्रिंएका दमाई जातिमा यहाँका उपल्लो समुदायका प्रभावमा परि छोरा र छोरीलाई समान महत्व दिएर विद्यालय पढन पठाएको तालिका न ३ र ४ मा छात्र छात्राको स्थितिले देखाउँछ । यसरी छोरीलाई पठाउन हुन्न भन्ने मान्यता रहेको यस जातिमा छोरा छोरीप्रति गरिने भेदभाव हटदै गएको पाइयो । त्यस्तै परम्परागत पेशा लुगा सिलाउने र बाजा बजाउने भएता पनि हाल यिनीहरुले कृषि र बैदेशीक रोजगार, मजदुरी (सिकर्मी, डकर्मी) जस्ता कार्यलाई आफ्नो मुख्य पेशाको रुपमा उभ्याएको माथिको तालिका नं. ७ बाट प्रष्ट हुन्छ । दमाई जातिको सामाजिक तथा साँस्कृतिक स्थितिमा पनि आमूल परिवर्तन भएको पाइयो । दमाई समुदाय सुरुमा संयुक्त परिवारमा बस्दथे भने हाल आएर एकल परिवार तर्फ रुची राखेको माथिको तालिका नं. ५ ले प्रष्ट पार्दछ ।

धार्मिक रुपमा हिन्दू धर्मलाई मुख्य धर्म मानि आएका दमाई समदायमा केही खीष्टियान दमाईहरुको बसोबास रहेको पनि देखियो । वर्तमान समयमा दमाई जातिका युवा युवतीहरु शिक्षा जनचेतना र सन्चारका माध्यमको पहुँचको प्रभावले गर्दा तिनीहरुको लवाई खुवाई बोलीचालीमा उल्लेखनीय परिवर्तन भएको पाइयो । त्यस्तै गरेर छुवाछुत जस्ता कुरितिहरु सार्वजनिक सभा, समारोह, मठ मन्दिर, हाटबजार, धारा, पानी आदि सार्वजनिक स्थलहरुको उपभोग गर्नमा केही सहजता महसुस यिनीहरुले गरेको पाइयो । यसरी छुवाछुत जस्तो जातीय विभेद र कट्टर पनाहरुमा पनि क्रमिक परिवर्तन आई समाजमा सकारात्मक प्रभाव पारेको देखिएको छ ।

अध्ययन क्षेत्रमा बसोबास गर्ने दमाईहरुको अन्य दलित समुदायसँग सामान्य तथा सद्भावपूर्ण सम्बन्ध रहेको भेट्याइयो । उनीहरुका बीच प्रायजसो सबै धार्मिक तथा सांस्कृतिक व्यवहारमा खासै फरक नभएको सहिष्णुताले ओतप्रोत र सदाचारपूर्ण जीवनमा उनीहरु रहेका भएपनि दमाई जातिले पकाएको मासको दाल र कोदोको ढिडो भने सार्की र कामी जातिले नचलाउने गरेको अन्तवार्ताका क्रममा बुझिएको छ । अन्य आर्थिक सामाजिक व्यवहार भने अनन्य सम्बन्धमा रहेको निष्कर्ष छ । जुन जाति समुदाय र क्षेत्री

बाहुन समुदायसँग पनि उनीहरुको निकटतम सम्बन्धको व्यवहारले एक अर्काका परिपूरक जस्तै देखिन्छन् । दैनिक व्यवहार, खेतीपाती, धार्मिक तथा सांस्कृतिक चाड पर्वहरुका कारण पनि उनीहरुलाई निकटतामा जोडेको भेटाइयो । खन खाँचोमा सरसहयोग गर्ने पद्धतिले एक अर्काप्रति भाइचाराको सम्बन्ध कायम गरेको पाइयो । विगतमा दमाई जातिका मानिसहरुलाई क्षेत्री बाहुन समुदायले हेर्न दृष्टिकोण अलिक फरक भएको भएता पनि वर्तमानमा स्वजन कै रुपमा व्यवहार गर्ने गरेको भेटियो । यसरी यस क्षेत्रमा दमाई जातिलाई हेर्ने दृष्टिकोण र गर्ने व्यवहार सामान्य छ भन्ने उत्तरदाताहरुको भनाइले मितव्ययी समाज छ भन्ने निष्कर्षमा पुग्न सकिन्छ । आदिम कालदेखि नै शोषित र दमित हुदै आएको तथ्य स्पष्ट रहँदा रहदै पनि पछिल्ला कालखण्डहरुमा दमाई जातिमा निकै ठूलो परिवर्तन आएको देख्न सकिन्छ ।

## अन्तरवार्ता अनुसुची

### अर्न्तवार्ताका लागि सोधिने प्रश्नावली :

मितिः

उत्तरदाताको नामः घरसंख्याः

घरमुलीसँगको सम्बन्धः उमेर

पेशाः धर्मः

शिक्षा वैवाहिक स्थितिः

१. तपाइँको परिवारको अन्य सदस्यहरुको निम्नि विवरण दिनुहोस् ।

| क्र.सं. | नाम | लिङ्ग | उमेर | शैक्षिकअवस्था | वैवाहिकस्थिति | पेशा |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

२. तपाइँलाई विष्टहरूकहाँ जाँदा कस्तो व्यवहार पाउनु हुन्छ ?

.....................................................................................................

३. अन्य दलितले हेर्ने दृष्टिकोण र गैरे दलितले हेर्ने दृष्टिकोणमा के भिन्नता पाउनु भएको छ ?

.....................................................................................................

४. छुवा छुतसम्बन्धी तपाइँको धारणा के छ ?

५. तपाइँको परिवारको सदस्य विरामी भए पहिलो पल्ट कहाँ लैजानु हुन्छ ?

क) डाक्टर वा वैद्य ख) धामी धाक्री ग) अस्पताल

६. तपाइलाई बढी मात्रामा कुन जातिले दवाए जस्तो लाग्दछ ? र कसरी ?

क) बाहुन ख) क्षेत्री ग) वैश्य घ) आफ्नै जातिले ङ) जनजातीले

७. तपाइँको शैक्षिक स्थिति कस्तो छ ?

क) शिक्षित ख) साक्षर ग) निराक्षर

८. महिला रजस्वाला हुँदा के कसरी बार्नु हुन्छ ?

९. तपाईको परिवारमा छोराले गर्न काम र छोरीले गर्न काम फरक खालका छन् ?

(क) छन् (ख) छैन्

यदि छन् भने छोराले गर्न काम......................................

छोरीले गर्न काम......................................

१०. तपाईको परिवारमा छोरालाई के कस्ता मान्यता दिनुहुन्छ ?

......................................................................

११. तपाईको परिवारमा छोरीलाई के कस्ता मान्यता दिनुहुन्छ ?

.............................................................................

१२. तपाईको परिवारका सदस्यहरुको शैक्षिक अवस्था कस्तो छ ?

(क) सबै निराक्षर (ख) सबै साक्षर (ग) .....जना साक्षर

१३. बैवाहिक सदस्यहरुमा श्रीमान र श्रीमती विचको कस्तो सम्बन्ध रहेका छ ?

(क) सुमधुर (ख) समझदारीपूर्ण (ग) सामान्य (घ) सुधारिन जरुरी

१४. तपाईको परिवारमा घरायसी निर्णय प्रकृयामा महिलाको सहभागिता हुन्छ ?

(क) हुन्छ (ख) हुदैन

हुन्छ भने के कस्ता निर्णयहरुमा महिलाको सहभागिता हुन्छ ?

हुदैन भने तपाँईलाइ निर्णय प्रकृयामा महिलाको सहभागिता हुनुपर्छ भन्ने लाग्दैन ?

१५. तपाईको परिवारमा आय आर्जनको काममा महिला संलग्न छन् ?

(क) छन् (ख) छैन्

यदि छन् भने.................................................

१६. जीविकोपार्जनको लागि के पेशामा आबद्ध हुनुहुन्छ ?

१७. संलग्न पेशाबाट प्राप्त आम्दानीले पारिवारिक गुजारा राम्ररी चलेको छ ?

१८. तपाइँको परिवारका आयस्रोत के के हुन् ?

क) कृषि ख) नोकरी ग) परम्परागत पेशा घ) अन्य

१९. तपाइँको परिवार कस्तो छ ?

क) संयुक्त ख) एकल ग) बृहत्

२०. तपाईको परिवारमा महिलाले मात्र या पुरुषले मात्र प्रयोग गर्ने सम्पत्ति छ ? यदि छ भने तलको तालिकाको विवरण दिनुहोस् ।

| क्र.सं. | विवरण | इकाइ | परिमाण | स्रोत | आम्दानी मुख्य |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

२१. तपाईको परिवारमा भएको पशुपंक्षीको विवरण दिनुहोस् ।

..............................................................................................

२२. तपाईको परिवारमा भएको जग्गाको विवरण दिनुहोस् ।

क) खेत : रोपनि..... आना .....          ख) वारी/खरवारी : रोपनि ...... आना .....

२३. तपाईको परिवारको मासिक आम्दानी कति छ ?

क) एक हजारभन्दा कम          ख) एक हजारदेखि तीनहजारसम्म

ग) तीन हजारदेखि पाँच हजारसम्म ग) पाँचहजारदेखि सात हजारसम्म

घ) सातहजारभन्दा माथि

२४. तपाइँले अपनाएको हालको पेशाबाट हुने आम्दानीले कति समय खान पुग्छ ?

क) ३ महिना सम्ममात्र पुग्छ   ख) ६ महिनासम्म पुग्छ   ग) ९ महिनासम्म पुग्छ

घ) १२ महिनासम्म पुग्छ          ङ) बचत हुन्छ

बर्ष भरि खान नपुगेको अवस्थामा, खान नपुगेको बाँकी महिना वा समयको व्यवस्थापन कसरी गर्ने गर्दछन ?

२५. तपाइँ र अन्य जातिसँग (बाहुन, क्षेत्री) कस्तो सम्बन्ध छ ?

..............................................................................................

२६. तपाइँको परिवार र अन्य दलित जातिसँगको सम्बन्ध कस्तो छ ?

..............................................................................................

**प्रमुख जानकारी व्यक्तिसँग सोधिने प्रश्नहरू**

२७. अध्ययन क्षेत्रमा दमाइ जातीको परम्परागत पेशाको अवस्था रहेको छ ?

..................................................................................

२८. अध्ययन क्षेत्रमा दमाइ जातीको परम्परागत पेशा छाडी नयाँ पेशा अपनाउने अवस्था के कस्तो छ ?

....................................................................................................

२९. वर्तमान अवस्थामा छुवाछुत सम्बन्धी ब्राम्हण, क्षेत्री र वैश्यहरूको कस्तो धारणा पाउनु हुन्छ ?

३०. दमाई जातिलाई सार्वजनिक स्थलहरूः पानी, पँधेरो, मठमन्दिर, स्कुल, अस्पतालमा कस्तो किसिमको व्यवहार पाउनु हुन्छ ?

…………………………………………………………………………………………………

३१. दमाई जातिले मनाउने चाडपर्वहरू विवाह जन्मदेखि मृत्युपछि गरिने संस्कारमा केकस्तो परिवर्तनहरू आएका छन् र किन ?

…………………………………………………………………………………………………

३२. हाल आएर दमाई जातिमा के कस्तो परिवर्तन आएको मशसुस गर्नुहुन्छ ?

(क) शैक्षिक (ख) राजनैतिक (ग) आर्थिक (घ) सामाजिक

३३. छोरीलाई छोरासरह पैत्रिक सम्पत्ति दिने सरकारी निर्णयले दमाई जातिमा कस्तो असर पारेको छ ?

…………………………………………………………………………

३४. दमाई जातिको हालको शिक्षाकोस्तरको बारेमा र्तपाइको धारणा ?

…………………………………………………………………………………………………

३५. तपाईको विचारमा दमाई जाति अन्य जातिसरह माथि उठन नसक्नु का के कस्ता कारणहरू छन ?

…………………………………………………………………………………

३६. ओखलढुङ्गा जिल्ला मोलुङ् गाउँपालिका वार्ड नं. २ का दमाई जातिको सामाजिक, आर्थिक स्थितिलाइ सुधार गर्न के कस्ता प्रयासहरु भएका छन ?

……………………………………………………………………………………

**समाप्त**

## सन्दर्भ सामाग्री :


आहुती । २००५ । हिन्दु समाजमा दलित मुक्तिको प्रश्न । नेपालको सन्दर्भमा शास्त्रीय चिन्तन, मेरी डेसन, वन्त र प्रत्युष (सम्पादन) । काठमाडौँ : हिमाल एसोसिएसन ।

बासु, बराल । २०४४ । हिन्दु सामाजिक संगठनको प्रारुप । काठमाडौँः साझा प्रकाशन ।

बराल, बासु । २०४४ । हिन्दु सामाजिक संगठनको प्रारुप

बिश्वकर्मा, टि.आर. । (२०३० । नेपाल जन विकास परिषद्को कार्यक्रम र नीति, राष्ट्रिय स्तरको

कार्यकर्ता गोष्ठि । जनकपुर प्रशिक्षण केन्द्र । डि.बि. नेपाली नलेखिएको दमाई जातिको इतिहास

नामक दलित अनलाइन डटकम (२०७५, भाद्र २)

मनोहर । २०६७ । दलित मुक्ति कसरी हुन्छ ? वाशिङ्गटन डी.सी. : नासो समाज ।

मुलुकी ऐन । २०२० । काठमाडौँ : कानुन किताव व्यवस्था समिति ।

मुलुकी ऐन २०४८

मुलुकी देवानी (संहिता) ऐन सङ्ग्रह २०७४

नेपाल अधिराज्यको संविधान । २०४७ । काठमाडौँ : जनसुविधा प्रकाशन ।

नेपालको अन्तरिम संविधान । २०६३ । (पाँचौ संशोधन), काठमाडौँः बौद्धिक दर्पण ।

नेपाली बृहतशब्दकोष पेज नं. ५६३

दीपक, पोखरेल, नवराज, ढकाल : सामाजिक स्तरीकरण र विविधिकरण

राष्ट्रिय जनगणना । २०६८ । जनगणना पकेटिङ बुक । काठमाडौँ : केन्द्रीय तथ्याङ्क आयोग ।

Caplan, A.P. (1972). Priests and Cobblers: A Study of Social Change in a Hindu Village in Western Nepal; London: Intertext.

Caplan, Lonel (1970). Land and Social Change in East Nepal: A Study of Hindu Tribal Relations; Kathmandu: Himal Books Center.

Gopal, Nepali, 1965. The Newars; Bombay: United Asian Publication.

Patrick, Kirk (1811). An Account of the Kingdom of Nepal; Calcutta: Orient Longman.

The Laws of Manu (1500 B.C.). Translated by G. Buhler. (Retrived on April 1st 2012, http://sanskritdocuments.org/all_pdf/ manusmitri.pdf)